Reparations, Responsibility
& Victimhood in Transitional Societies



राहतदेखि निवारणसम्मः
नेपालमा द्वन्द्व पश्चातको परिपूरण

अगष्ट २०१९ गोविन्द शर्मा “बन्दी”, जेम्स
गेलेन, लुक मोफेट र लक्ष्मी पोखरेल

Reparations, Responsibility & Victimhood in Transitional Societies

विषय सूची

संक्षिप्त रुपावली सूची क

कार्यकारी सारांश ख

१. परिचय १

२. सशस्त्र द्वन्द्व २

२.१ राजनीतिक तथा ऐतिहासिक सन्दर्भ २

२.२ सशस्त्र द्वन्द्व ३

२.२.१ द्वन्द्वका कारणहरु ४

२.२.२ मानव अधिकार उल्लंघन ५

२.३ शान्ति वार्ताहरु ९

३. संक्रमणकालीन न्यायका सम्बन्धमा भएका पहलहरु १०

३.१ कानूनी संरचना १०

३.२ सत्य आयोगहरु १२

४. परिपूरण नीति तथा कार्यक्रम १३

४.१ क्षतिपूर्ति सम्बन्धी कानुनको इतिहास १३

४.२ विस्तृत शान्ति सम्झौता पूर्वको परिपूरणीय उपायहरु १६

४.३ विस्तृत शान्ति सम्झौता पश्चातको परिपूरणीय उपायहरु १७

४.३.१ एकल महिलालाई आर्थिक सहायता २१

४.३.२ पीडितका बालबालिकाहरुलाई छात्रवृत्ती २२

४.३.३ औषधि उपचार सम्बन्धी खर्च २२

४.३.४ अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिने आर्थिक सहायता २२

४.३.५ क्षति भएका सम्पत्तिका लागि प्रदान गरिने क्षतिपूर्ति २३

४.३.६ सम्पर्क बर्जित गरी (इनकम्युनिक्याडो) हिरासतमा राखिएका व्यक्तिहरुलाई सहायता २३

४.३.७ शिप विकास तालिम २३

४.३.८ बालबालिकाहरुलाई सहायता २४

४.३.९ उत्पीडनमा परेका पीडकहरुलाई सहायता २४

४.३.१० अपाङ्गता भएका पूर्व लडाकुहरु २५

४.३.११ गर्भवति पूर्व लडाकुहरुका लागि सहायता २५

४.३.१२ परिचयपत्र वितरण २६

४.३.१३ मनोसामाजिक परामर्श सेवा २६

४.३.१४ कार्यान्वयन गर्ने संयन्त्रहरु २६

४.३.१५ दाताहरुको संलग्नता २६

४.४ सत्य आयोग अन्तर्गत परिपूरण २७

५. परिपूरणका उपायहरुको विश्लेषण २७

५.१ लाभग्राहीहरुको परिभाषा २७

५.२ परिपूरणका कार्यक्रमहरुको निर्माण गर्ने प्रक्रियाहरु २९

५.३ प्रशासकिय परिपूरणका उपायहरुका कमजोरीहरु ३०

५.४ कार्यान्वयनमा रहेका चुनौतिहरु ३१

६. निष्कर्ष ३२

६.१ सुझावहरु ३३

क

संक्षिप्त रुपावली सूची

एआइ एम्नेष्टी इन्टरनेशनल

सिए संविधान सभा

सिडिओ प्रमुख जिल्ला अधिकारी

सिओआइडी बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग

सिपिए विस्तृत शान्ति सम्झौता

सिपिएनद्व-युएमएल नेपाल कम्युनिष्ट पार्टी - मार्क्सवादी-लेनिन वादी

सिपिएन नेपाल कम्युनिष्ट पार्टी - माओवादी

सिपिएन - युसि नेपाल कम्युनिष्ट पार्टी - एकता केन्द्र

सिआरसिफएपि नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी

सिआरइएचपिए वातावरण, स्वास्थ्य र जनसंख्या गतिविधी अनुसन्धान केन्द्र

डिएआ जिल्ला प्रशासन कार्यालय

डिडिसी जिल्ला विकास समिति

डिइओ जिल्ला शिक्षा कार्यालय

डिएचओ जिल्ला सामुदायिक स्वास्थ्य कार्यालय

आइसिजे इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स

आइसिटिजे संक्रमणकालीन न्याय केन्द्र

आइडिपी आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु

एमओएचए गृह मन्त्रालय

एमओपिआर शान्ति तथा पुनर्निर्माण मन्त्रालय

एनजिओ गैरसरकारी संस्था

एनएचआरसी राष्ट्रिय मानव अधिकार आयोग

एनपिआर नेपाली रुपैया

एनपिटिएफ नेपाल शान्ति कोष

ओएचसिएचआर मानव अधिकार उच्चायुक्तको कार्यालय

पिएलए जनमुक्ति सेना

आरएनए शाही नेपाली सेना

एसपिए सात दलीय गठबन्धन

टाडा आतंककारी तथा विध्वंशात्मक (नियन्त्रण र सजाय) ऐन

टाडो आतंककारी तथा विध्वंशात्मक (नियन्त्रण र सजाय) अध्यादेश

टिसिए यातना क्षतिपूर्ति सम्बन्धी ऐन

टिआरसी सत्य निरुपण तथा मेलमिलाप आयोग

टिआरसी एक्ट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन

युएन संयुक्त राष्ट्र संघ

युपिएफएन संयुक्त जनमोर्चा नेपाल

डब्लुजिइआइडि जवरजस्ती वा स्वेच्छाचारी बेपत्ता सम्बन्धी कार्य समूह

कार्यकारी सारांश

नेपालको सशस्त्र द्वन्द्व र यसका पीडितहरु

वि.सं. २०५२ साल देखि २०६३ सालसम्म लामो समय चलेको सशस्त्र द्वन्द्वकालमा घटेका अधिकांश घटनाहरु कम गम्भीर प्रकृतिका भएतापनि ठूलो संख्याको क्षति संलग्न भएका केही घटनाहरु समेत नेपालले व्यहोर्नु पर्‌यो । जे भएतापनि, सो समयमा उल्लेखनीय रुपमा करिव १३,००० व्यक्तिहरु मारिएका, लगभग १३०० व्यक्तिहरु वेपत्ता पारिएका र करिव २००००० व्यक्तिहरु विस्थापित भएका छन् । यसका अलावा, उल्लेख्य संख्यामा यातना तथा क्रुर, अमानवीय वा अपमानजनक व्यवहारका घटना (२५००) हरु घटित भएका थिए । यति लामो समयसम्म भएको द्वन्द्वमा घटित भएका यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसाका घटनाहरुको तथ्याङ्क उल्लेखनीय रुपमा कम देखिन्छ, ठूलो संख्यामा यी घटनाहरु दर्ता नभएको भन्ने विश्वास गरिन्छ ।

राजनीतिक नेतृत्वमा भएका व्यक्तिहरुले प्रजातान्त्रिक तरिकाले प्रभावकारी रुपमा देशको शासन संचालन गर्न र राजनीतिक, आर्थिक र सामाजिक स्रोतसाधनहरुलाई अविभेदपूर्ण रुपमा तथा आफ्ना नजिकका व्यक्ति बाहेक अरुलाई वितरण गर्न नसक्नु नै द्वन्द्वको कारणहरुको रुपमा प्रायः बुझिने गरिन्छ । निरन्तर रुपमा चलि आएको जवाफदेहीता, सुशासन र कानूनको शासनको अभाव लगायतका गुनासाहरु नै नेपालको सशस्त्र द्वन्द्व तथा जनआन्दोलनको कारक तत्वको रुपमा रहेका हुन सक्छन् । यद्यपी यी कारक तत्वहरु हालसम्म सम्बोधन भएका छैनन् र जसले नेपालको परिपूरणका योजनाहरुलाई संकुचित बनाउन हालसम्म पनि प्रभाव पारिरहेका छन् ।

परिपूरणका कार्यक्रमहरु

कुनै पनि व्यक्तिले सशस्त्र द्वन्द्वको कारण आफुलाई भएको क्षति तथा मानव अधिकार उल्लंघनमा क्षतिपूर्ति तथा परिपूरणको दावी गर्ने विभिन्न आधारहरु नेपाल कानुनले तय गरेको छ । यो प्रक्रिया तथा स्रोतमा भएको विविधताले गर्दा प्रभावित व्यक्ति तथा निजका परिवारका सदस्यले उपचार पाउनका लागि राज्यका विभिन्न निकाय तथा संरचनाहरुमा घाउनु पर्ने र जसले द्वन्द्व पीडित तथा उत्तरजीवीहरु उपर स्वेच्छाचारी तथा विभेदपूर्ण व्यवहार हुन सक्ने देखिन्छ ।

द्वन्द्वकालमा गैरकानुनी हत्याका कारण परिवारका सदस्य गुमाएका, व्यक्ति बेपत्ता पारिएका, घाइते पारिएका, सम्पत्ति क्षति वा नष्ट पारिएका र आन्तरिक रुपमा विस्थापित भएकाहरुलाई संवोधन गर्न द्वन्द्वकै समयमा र द्वन्द्वपश्चात विभिन्न योजना तथा कार्यक्रमहरु संचालन भए । परिपूरण प्राप्त गर्ने योग्यता मापदण्ड, भुक्तानी गरिएको रकमको पर्याप्तता र परिपूरणको किसिम तथा यससँग सम्बन्धित प्रक्रियाका सम्बन्धमा हरेक कार्यक्रमहरुका आ आफ्नै प्रकारका चुनौतिहरु रहेका छन् । यसका अतिरिक्त, यी विभिन्न प्रकारका कार्यक्रमहरुको सम्बन्धमा सम्भावित पीडित - उत्तरजीवीहरुको अवस्था अवलोकन गर्दा त्यसमा उल्लेखनीय रुपमा स्वेच्छाचारी र विभेदपूर्ण व्यवहार भएको देखिन्छ ।

परिपूरणको विश्लेषण र चुनौतिहरु

नेपालमा संचालन भएका परिपूरणका कार्यक्रमहरु हेर्दा जिल्ला तहमा रहेका विभिन्न निकायहरु यसको लागि जिम्मेवार रहेका देखिन्छन् । परिणामस्वरुप, विभिन्न रुपमा पीडित भएका व्यक्ति तथा उनीहरुको परिवारले विभिन्न प्रकारका परिपूरण प्राप्त गर्न छुट्टाछुट्टै रुपमा सबै निकायहरु समक्ष गई यी प्रत्येक प्रक्रिया पुरा गर्नु पर्ने हुन्छ । उदाहरणको लागि मारिएका र बेपत्ता पारिएका व्यक्तिका परिवारले जिल्ला प्रशासन कार्यालयमा, एकल (विधवा) महिलाले जिल्ला विकास समितिमा, घाइते र अपाङ्गता भएका व्यक्तिले जिल्ला स्वास्थ्य कार्यालयमा र छात्रवृत्तिको लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनुपर्ने हुन्छ । यसका अतिरिक्त, यी सबै प्रक्रियाहरुका बारेमा गाउँमा जानकारीको एकदम कमी छ वा जानकारी नै छैन । नेपालको परिपूरण सम्बन्धी प्रक्रिया तथा कार्यविधि नत सुसंगत र प्रभावकारी छ न यसको संचालनमा पारदर्शीता नै छ ।

खासमा, परिपूरणका उपायहरु लाभग्राहीहरुको राजनीतिक पहुँचको आधारमा प्रभावित भएको जस्तो देखिन्छ । उदाहरणको लागि, राहतको पहिलो कार्यक्रम (विस्थापितहरुको नीति) नेपाली काँग्रेसको सरकारको पालामा तयार गरिएको थियो र जहाँ अधिकांश: विस्थापित व्यक्तिहरु नेपाली कांग्रेस पार्टीसंग सम्वद्ध व्यक्तिहरु थिए भन्ने मानिन्छ । त्यसैगरी मारिएका तथा बेपत्ता पारिएका व्यक्तिहरुलाई आर्थिक सहायता दिने कार्यक्रम माओवादी पार्टी सरकारमा भएको समयमा ल्याइएको थियो । यी घटनाहरुबाट पीडित भएका अधिकांश व्यक्तिहरु माओवादी र नेपाली कांग्रेस पार्टीसँग सम्वद्ध थिए भन्ने मानिन्छ । त्यसैगरी गर्भवती महिला लडाकु र घाइते तथा अपाङ्गता भएका पूर्व लडाकुहरुलाई संवोधन गर्ने परिपूरणका कार्यक्रमहरु माओवादी पार्टी सरकारमा भएको समयमा ल्याइएको थियो ।

यसका अतिरिक्त परिपूरण प्राप्त गर्नु पर्ने मानव अधिकार उल्लंघनका पीडितहरु मध्ये केही निश्चित समूहलाई परिपूरणको योजनाबाट बाहिर पारियो । उदाहरणको लागि यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसा, यातना, गैरकानूनी थुना र अभिव्यक्ति स्वतन्त्रताका पीडितहरुलाई यो योजनामा समावेश गरिएन । त्यसैगरी अनमिनको प्रमाणिकरण प्रक्रियाद्वारा अयोग्य ठहरिएका बाल सेनाहरु पनि यो परिपूरण योजना र पुनर्स्थापना एवम् एकिकरण प्रक्रियाबाट समेत बाहिर परे । आफु नाबालक हुँदा माओवादी सेनामा भर्ति गरिएको कारण आफु मानव अधिकार उल्लंघनको पीडित भएको उनीहरु मान्दछन् । उनीहरुले आफ्नो छुट्टै समूह खडा गरी आफ्नो परिपूरणको अधिकारको लागि वकालत गरिरहेका छन् ।

सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले उत्पीडनमा परेका पीडितहरुको विषयमा अझ व्यापक रुपमा संवोधन गर्न सक्ने विशेष सम्भावना रहन्छ । विगतका गलत कामहरुको प्रतिकार गर्ने लगायतका विभिन्न सन्दर्भहरुमा नेपालमा मानव अधिकार उल्लंघनका घटनाहरु घटेका छन् । यद्यपी पूर्व लडाकुहरुको कार्यक्रमका योग्यताका मापदण्डहरु निर्धारण गरिएका छन्, जसले गलत काम गरेको आधारमा पूर्व लडाकुहरुलाई सो कार्यक्रमबाट बाहेक गर्दछ, जटिल प्रकारका पीडित लगायतका पीडित उत्तरजीवीहरुलाई परिपूरण प्रदान गर्ने सम्बन्धी अझ विस्तृत र संगतीपूर्ण दृष्टिकोणको आवश्यकता नेपालमा रहेको छ । नेपालमा गठन भएका सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नामक दुवै आयोगहरुलाई सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको उल्लंघनका घटनाहरुमा परिपूरणको लागि सिफारिश गर्ने कार्यादेश रहेको छ । यी दुवै निकायहरुले नेपालको द्वन्द्वकालमा भएका क्षतिहरुमा परिपूरण प्रदान गर्ने सम्बन्धमा सुसंगत, समग्र तथा विस्तृत दृष्टिकोण ल्याउन सक्ने सम्भावना रहेतापनि दुवै आयोगमा आयुक्तहरु नियुक्ति गर्ने सम्बन्धी वर्तमान प्रक्रियाले यी आयोगहरुको विश्वसनीयता कायम गर्न सक्छन् की सक्दैनन् भन्ने प्रश्न यथावत नै रहेको छ ।

सुझावहरु

- यौनजन्य हिंसा तथा लैङ्गिकतामा आधारित हिंसाका पीडितहरुलाई प्राथमिकताका साथ अगाडी आई आफुले भोगेका पीडालाई अभिलेखिकरण गर्न, सहायता सेवाहरुको खोजी गर्न र परिपूरणको दावी गर्न उनीहरुको लागि निजी तथा गोप्य स्थानहरुको व्यवस्था गरिनु पर्दछ ।
- बाल सेनाहरुको व्यक्तिगत भोगाइहरुलाई विशेष ध्यान दिदै उनीहरुको हालको आवश्यकताहरुलाई संवोधन गर्ने गरी उपयुक्त उपायहरुको व्यवस्था गरी उनीहरुलाई परिपूरणको कार्यक्रममा समावेश गरिनु पर्दछ ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले परिपूरणका प्रकारहरु र प्रक्रियाहरुको बारेमा स्पष्टत: आफ्ना सुझावहरुमा समावेश गर्नुका साथै त्यसको कार्यान्वयनलाई सहजिकरण गर्नको लागि मस्यौदा विधेयक समेत तयार गर्नु पर्दछ ।
- सत्य आयोग, बेपत्ता आयोग वा अन्य जुनसुकै निकायबाट तयार गरिने परिपूरणको प्रस्ताव तथा कार्यक्रमहरुको निर्माण प्रक्रियाका सबै चरणहरुमा पीडितहरुसँगको परामर्श र पीडितहरुको सहभागिता विभिन्न माध्यम तथा अवसरहरुद्वारा सुनिश्चित गरिनु पर्दछ ।
- कुनै पनि परिपूरणका सिफारिश वा कार्यक्रमहरुमा परिपूरण भन्नाले के बुझिन्छ र यस अन्तर्गत के कस्ता उपायहरु पर्दछन् भन्ने कुरा स्पष्टसँग परिभाषित गरिनु पर्दछ ।
- यौनजन्य हिंसा, व्यक्ति बेपत्ता पार्ने कार्य, यातना र गम्भीर घाइते जस्ता हिंसाहरु प्रमाणित गर्ने सन्दर्भमा प्रमाणको भारलाई न्यून गरिनु पर्दछ वा पीडितहरुलाई परिपूरणमा पहुँच पुर्‍याउनको लागि सहजिकरण गर्न विभिन्न उपायहरु अवलम्वन गरिनु पर्दछ ।
- नेपाल सरकारले पीडितहरुलाई प्रदान गरेको राहतले उनीहरुको केही पीडालाई कम गर्न सहयोग गरेको भएतापनि अधिकारको रुपमा पीडितलाई परिपूरण प्रदान गर्ने, उनीहरुलाई विशिष्ठिकृत सेवाहरु प्रदान गर्ने, भएका गलत कामहरुका बारेमा सार्वजनिक रुपमा स्विकार गर्ने र भविष्यमा यस्ता घटनाहरु नदोहोरिने कुरा सुनिश्चित गर्ने कार्यहरुमा संलग्न हुन आवश्यक देखिन्छ ।

१. परिचय

वि.सं. २०६३ सालमा नेपालको प्रजातन्त्रमा भएको रुपान्तरण पश्चात गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरुको अनुसन्धान र केही निश्चित घटनाहरुमा अभियोजन गरिएको; केही सीमित प्रकारका पीडितहरुलाई परिपूरण प्रदान गरिएको; र मानव अधिकारको गम्भीर उल्लंघनमा क्षमदान दिने प्रयत्न लगायतका मेलमिलापका विविध उपायहरु अवलम्वन गरी विगतका मानव अधिकार उल्लंघनका घटनाहरुलाई संवोधन गरेको पाइन्छ । विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए लगतै नेपाल सरकारले अन्तर्राष्ट्रिय दातृ निकायहरुको सहयोगमा प्रशासकिय परिपूरणका उपायहरुको शुरुवात गरेको थियो । सरकारको यो परिपूरणका उपायहरु द्वन्द्व पीडितहरुका केही तात्कालीन आवश्यकताहरुलाई संवोधन गर्न उपयोगी रहेका थिए । तर यी प्रशासकिय परिपूरणका उपायहरुलाई सत्यको खोजी र/वा न्यायिक उपायहरुसँग जोड्न नसकिएको कारण यी उपायहरु लागू गर्नु पछाडीको उद्देश्यमाथि प्रश्न खडा भएको छ । यी परिपूरणका उपायहरुमा, उदाहरणको लागि यातना तथा यौनजन्य र लैङ्गिक हिंसाका पीडितहरुलाई बाहेक गरी सबै प्रकारका मानव अधिकार उल्लंघनका पीडितहरुलाई समेट्न नसकेको कारण पनि सरकारको यो प्रयत्न कति गम्भीर थियो भन्ने सम्बन्धमा शंका उत्पन्न भएको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख भए बमोजिमको सत्य निरुपण तथा मेलमिलाप आयोग (सत्य आयोग) र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग (बेपत्ता आयोग) नामक संक्रमणकालीन न्याय संयन्त्र गठन गर्न नेपाललाई करिव आठ वर्ष लाग्यो । सत्य आयोग र बेपत्ता आयोगलाई परिपूरणको ढाँचा तयार गर्न तथा परिपूरणका कार्यक्रमहरु सम्बन्धमा सुझाव दिने कार्यादेश भएतापनि यी दुवै आयोग गठन भएको ४ वर्षमा केवल उजुरीहरु संकलन गर्न मात्र सफल भए । २०७५ चैत्रबाट आयोगका पदाधिकारीहरुको कार्यकाल समाप्त भएको कारण दुवै आयोगहरु हाल पदाधिकारी विहीन रहेका र नयाँ पदाधिकारीहरुको नियुक्ति प्रक्रिया जारी रहेको छ । द्वन्द्व पीडित, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले हाल जारी अपारदर्शी प्रक्रियालाई रोक्न र विश्वसनीय र परामर्शीय प्रक्रिया शुरु गर्न माग गरेका छन् ।[१] यी आयोगहरुले आफ्नो ४ वर्षे कार्यकाल समाप्त हुँदासम्म पनि परिपूरण नीति तयार गर्न सकेका छैनन् । क्षमता तथा श्रोत साधनको अभाव, विश्वासको कमी र कानूनी संरचनामा रहेका कमजोरीहरुका कारणले यी दुवै आयोगहरुले उल्लेखनीय अवरोधहरुको सामना गर्नु पर्‍यो । तर सरकारले आयोगहरुका यी चुनौतीहरुलाई संवोधन गर्न कुनै ठोस कदम चालेको पाइदैन ।

यो प्रतिवेदनको उद्देश्य नेपालमा सशस्त्र द्वन्द्वका पीडितहरुको लागि उपलब्ध परिपूरणका कार्यक्रमहरुको वर्तमान अवस्थाको चित्रण गर्नुका साथै यी परिपूरणका कार्यक्रमहरुको उपलब्धीहरु तथा चुनौतीहरुको विश्लेषण गर्नु रहेको छ । "परिपूरण, जवाफदेहीता र पीडितको अवस्था" नामक परियोजनाले वि.सं. २०७५ सालमा गरेको क्षेत्रगत अनुसन्धान जसमा मुख्य सरोकारवालहरुसंग गरिएको अन्तर्वाता र लक्षित समूह छलफल (Focus Group Discussion) का साथै प्राज्ञिक लेख, नागरिक समाज तथा अन्तर्राष्ट्रिय संस्थाका प्रकाशन र सरकारी श्रोत लगायतका दोस्रो स्रोतमा आधारित रहेर निकालिएको निष्कर्षहरुलाई यो प्रतिवेदनले प्रस्तुत गर्दछ । यो प्रतिवेदनले हिंसाको अवस्थाको संक्षिप्त विश्लेषण, संक्रमणकालीन न्यायका लागि गरिएका प्रयत्नहरु तथा विद्यमान परिपूरण नीति एवम् कार्यक्रमहरुको सुक्ष्म विश्लेषण गर्दछ । परिच्छेद २ र ३ ले द्वन्द्वको ऐतिहासिक पक्ष, यसका कारणहरु र मानव अधिकार उल्लंघनको अवस्थालाई समेट्दछ । परिच्छेद ४ ले नेपालको संक्रमणकालीन न्यायका उपायहरुको अवलोकन गर्दछ भने परिच्छेद ५ ले नेपालको क्षतिपूर्ति सम्वन्धी कानून, प्रशासकिय परिपूरणका उपायहरु र कार्यविधिहरुको विस्तृत विश्लेषण गर्दछ । अन्तमा, परिच्छेद ६ र ७ ले नेपालको आगामी परिपूरण कार्यक्रमका संभावनाहरुलाई पूर्वावलोकन गर्दछ ।

१ नेपाल: द्वन्द्वकालीन अपराधहरुमा न्याय अवरुद्ध, इन्टरनेशनल कमिशन अफ जुरिष्ट्स, २९ जुलाई २०१९, https://www.icj.org/nepal-justice-stalled-for-conflict-era-crimes/

२. सशस्त्र द्वन्द्व

२.१ राजनीतिक तथा ऐतिहासिक सन्दर्भ

प्रजातान्त्रिक आन्दोलनको विभिन्न समयमा मानव अधिकारको हिंसात्मक दमन भएको र जसले राजनीतिक अभियानहरु हिंसात्मक तरिकाले अगाडी बढेको राजनीतिक हिंसाको लामो इतिहास नेपालमा छ। अन्तर-पुस्तामा पर्ने हानी र निरन्तर हुने मानव अधिकार उल्लंघनको सन्दर्भमा वर्तमान परिपूरण नीति र कार्यक्रमको प्रकृति र यसको पर्याप्तताको सम्बन्धमा पनि विचार गर्नु पर्दछ। गोरखाका तात्कालीन राज पृथ्वीनारायण शाहले अन्य साना राज्यहरु माथी विजय प्राप्त गरि एकिकरण गरे पश्चात केवल अठारौं शताब्दीको अन्तातिर मात्र नेपाल राज्यको उदय भएको थियो।[२] वि.सं. १९०१ देखि २००७ सालसम्म राज्यको सिंहासनमा शाह वंशका राजा बसेतापनि नेपालमा राणाहरुले नै शासन गरे। वि.सं. २००७ सालमा राजा त्रिभुवन विरविक्रम शाहदेवले राजदरवार त्याग गरी भारतीय राजदुतावासमा शरण लिए पश्चात राणा विरोधी अभियान बलियो भएको थियो। वि.सं. २००७ साल फागुन ७ गते नेपाल प्रजातान्त्रिक मुलुकको रुपमा घोषणा भयो र राणा शासनको अन्त्य भयो।[३] राजा त्रिभुवनले शाही घोषणा जारी गरी संविधान सभाको निर्वाचन मार्फत प्रजातान्त्रिक संविधान निर्माण गर्ने प्रतिवद्धता जनाएका थिए।

वि.सं. २०१५ कार्तिक २४ मा आफ्ना पिताले गरेको प्रतिवद्धता विपरित राजा महेन्द्रले शाही घोषण जारी गर्दै संसदको निर्वाचनको लागि आम निर्वाचन गरी संसदलाई नै संविधान बनाउने कार्यादेश दिने घोषणा गरे।[४] नेपाली संसदको पहिलो निर्वाचन वि.सं. २०१५ फागुन ७ गते भएको थियो। राजाको निर्णय उपर असन्तुष्ट (निराश) भएतापनि संसदको यो निर्वाचनले स्थिर र प्रजातान्त्रिक राजनीतिक अभ्यासलाई सम्वर्द्धन गर्न मद्दत गर्नेछ भन्ने आशामा नेपालका राजनीतिक दल र नेपाली जनताले यो निर्वाचनको सामना गरे।

प्रतिरोधी र प्रतिक्रियावादी तत्वहरुले राजा महेन्द्रको नेतृत्वमा षडयन्त्रहरु गर्न थाले, फलस्वरुप विभिन्न प्रकारका व्यवधानहरुको सामना गर्नु पर्‌यो। राजनीतिक दलहरुको क्रियाकलापको प्रतिक्रिया स्वरुप राजा महेन्द्रले वि.सं. २०१७ साल पौष १ गते संविधानको धारा ५५ को व्यवस्था अनुरुप संसद विघटन तथा संविधान निलम्वन गरी, प्रधानमन्त्री, मन्त्रीहरु र राजनीतिक दलका अन्य नेताहरुलाई गिरफ्तार गरे र राजतन्त्रात्मक व्यवस्थाको थालनी गरे। वि.सं. २०४६ सालको देशमा प्रजातन्त्र ल्याउने प्रसिद्ध आन्दोलन हुनुभन्दा अगाडी ३० वर्षसम्म नेपाल कुनै राजनीतिक अधिकार नरहेको राजतन्त्रात्मक शासन व्यवस्थाबाट शासित हुन पुग्यो।[५]

वि.सं. २०४६ सालमा भएको "जनआन्दोलन १" का नामले चिनिने जनताको विद्रोह पश्चात बेलायती ढाँचाको संसदीय प्रजातन्त्र जस्तै संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्र स्थापना गर्ने उद्देश्यका साथ नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो। नागरिक, राजनीतिक, आर्थिक, सामाजिक अधिकारहरुलाई मौलिक हक अन्तर्गत सुनिश्चित गर्दै जनताका मागहरुलाई संवोधन गर्ने धेरै व्यवस्थाहरु यो संविधानमा समावेश गरिएको थियो। अझ, यसले नेपाललाई "वहुसाँस्कृतिक", "वहुजातिय" र "वहुभाषिक" राष्ट्रको रुपमा घोषणा गरेको थियो। त्यसैगरी संविधानले आवश्यक प्रजातान्त्रिक संरचनाहरुको समेत व्यवस्था गरेको थियो। तर यी संरचनाहरु प्रजातान्त्रिक जवाफदेहीता वा कानुनको शासन अनुरुप संचालन नभएर राजनीतिक संस्कार, वैचारिक आस्था र संस्थाप्रतिको वफादारीताको आधारमा नै निरन्तर संचालन भए। वहिष्करण र विभेदका प्रवृत्तिहरुलाई संस्थागत गर्ने, वैधता प्रदान गर्ने र बढावा दिने पञ्चायती शासन व्यवस्थाकै सांस्कृतिक वर्गको नेपाली संस्करण भनी प्रारम्भदेखि नै यो संविधान आलोचित

---

२ जोन वहेल्पटन, ए हिस्ट्रि अफ नेपाल, क्याम्ब्रिज युनिभर्सिटि प्रेस, (२००५), पृष्ठ १।

३ ऐजन, पृष्ठ ८७।

४ ऐजन।

५ भुवनलाल जोशी र लिओ इ. रोज, डेमोक्र्याटिक इनोभेसन्स् इन नेपाल, ए केश स्टडी अफ पोलिटिकल एक्युलटरेशन, युनिभर्सिटी अफ क्यालिफोंनिया प्रेस (१९९६), मण्डला पब्लिकेशन, काठमाडौं, पृष्ठ ७३ - ८०।

बन्यो ।[६] अरु कारणहरुका अतिरिक्त नेपालको आन्तरिक सशस्त्र द्वन्द्व (वि.सं. २०५२ साल देखि २०६३ साल सम्म) को उदय र विकास हुनलाई योगदान पुर्‍याउने कारणहरु मध्येको एउटा कारण यो पनि हो भनी पहिचान गरिएको छ ।

वि.सं. २००७ साल देखि वि.सं. २०६३ सालसम्मको नेपालको राजनीतिक इतिहासलाई शान्तिपूर्ण भनि अंकित गरिएतापनि राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सार्वजनिक माग गर्ने सन्दर्भमा भने कहिले काँही हिंसात्मक पनि भएको पाइन्छ । यस कालखण्डमा राजनीतिक प्रणालीमा सुधारका विभिन्न कार्यक्रमहरु ल्याएको भएतापनि कानुन तथा व्यवहार दुवैमा रहेका सामाजिक, आर्थिक तथा साँस्कृतिक असमानता र दण्डहीनताको जगलाई भत्काउन प्रमुख राजनीतिक दलहरु असफल रहे । जवाफदेहीता र कानुनको शासनको अभाव रहेको यो संरचनागत अवस्थाले वर्तमान हिंसात्मक अवस्था र वि.सं. २०५२ देखि २०६३ सम्म चलेको सशस्त्र द्वन्द्व मात्र नभई पछिल्लो समयमा नेपाल सरकारले संक्रमणकालीन न्यायको सम्बन्धमा व्यक्त गरेको प्रतिक्रियालाई पनि थप बल पुर्‍याएको छ ।

काठमाडौं, नेपाल । लुक मोफेटद्वारा लिइएको तस्विर

२.२ सशस्त्र द्वन्द्व

माओवादीले वि.सं. २०५२ साल फागुन १ गतेबाट शुरु गरेको सशस्त्र विद्रोह नेपालको सन्दर्भमा पहिलो सशस्त्र विद्रोह थिएन । नेपाल प्रजा परिषदले वि.सं. १९९६ मा राणा शासन विरुद्ध विद्रोह गर्ने पहिलो प्रयत्न गरेको थियो, तर राणा शासन आफै अन्त्य भएको कारण यो विद्रोह जारी रहन सकेन ।[७] राणा शासनको क्रममा शुरु भएको कम्युनिष्ट आन्दोलनले पनि वि.सं. २०१५ सालमा राज महेन्द्रले शासन लिए पश्चात पूर्वी तराईमा आफ्ना गतिविधिहरु विस्तार गरेको थियो । नेपाल कम्युनिष्ट पार्टी एमालेको पुरानो स्वरुपको रुपमा रहेको नेपाल कम्युनिष्ट पार्टीले वि.सं. २०२८ सालमा "जनआन्दोलन" शुरु गर्ने पहिलो प्रयास गरेको थियो तर शाही दमनले त्यसलाई तुरुन्तै अन्त्य गरिदियो । वि.सं. २०४६ सालमा नेपाल कम्युनिष्ट पार्टी–मार्क्सवादी लेनिनवादीले नेपालको कम्युनिष्ट आन्दोलनको विचारधाराको पुनरावलोकन गर्‍यो र "जनताको बहुदलीय जनवाद" नामक सिद्धान्त स्थापित गर्‍यो, जसले हिंसात्मक क्रान्ति जस्तो परम्परागत विचारलाई हटायो र समाजवादी राज्य स्थापना गर्ने लक्ष्यमा पुग्ने साधनको

६ मारा मलागोडी, कन्स्टिट्युशनल नेशनालिज्म एण्ड लिगल एक्सक्लुजन, अक्सफोर्ड (२०१३), पृष्ठ ३ ।

७ जोशी र रोज, क्र.सं ५, पृष्ठ ५१ - ५६ ।

रुपमा बहुदलीय प्रजातन्त्रको नयाँ अवधारणालाई आत्मसात गर्‌यो ।[८] तर कम्युनिष्टहरुको एउटा सानो समूह साम्यवादी शासन व्यवस्थाको लागि जन आन्दोलन गर्ने आफ्नो पुरानो रणनीति अनुरुप माओवादी विचारधाराबाट निरन्तर संचालित हुँदै गयो, जुन नेपालको "जनयुद्ध" को प्रमुख कारण हो जस्तो देखिन्छ । नेपाल कम्युनिष्ट पार्टी एकता केन्द्रको राजनीतिक मोर्चाको रुपमा रहेको संयुक्त जनमोर्चा नेपालले ४० बुँदे मागहरु सरकार समक्ष पेश गरे पश्चात नेपालको आन्तरिक सशस्त्र द्वन्द्वको शुरुवात भएको थियो ।[९] संयुक्त जनमोर्चा नेपालले जनताका प्रतिनिधीहरुद्वारा नयाँ संविधान निर्माण गर्नु पर्ने, राज परिवारको सुविधाहरुको अन्त्य गर्नु पर्ने, धर्म निरपेक्ष राज्यको घोषणा, मोही, आदिवासी, दलित र महिलाको भूमिमा अधिकारको सुनिश्चितता लगायतका मागहरु राखेका थिए । संयुक्त जनमोर्चा नेपालले ४० बुँदे मागहरु राख्दै ती मागहरु वि.सं. २०५२ साल फागुन ५ गतेसम्म सरकारले सकारात्मक रुपमा संवोधन नगरेमा हतियार उठाउने चेतावनी दिएको थियो ।[१०] यसलाई सरकारले पूर्ण रुपमा वेवास्ता गर्‌यो, जसको परिणामस्वरुप माओवादीले दुर्गम जिल्लाका केही प्रहरी कार्यालयहरु र सरकारी कार्यालयहरुमा आक्रमण गरे र यसलाई "जनयुद्ध" (२०५२–२०६३) – कम्युनिष्ट आन्दोलनको सुनौलो पथको नाम दिए ।

२.२.१ द्वन्द्वका कारणहरु

२०४७ सालको संविधान जारी भएदेखि नै नेपालका कानुनहरु, सरकारका नीति तथा कार्यक्रमहरु प्रणालीगत र संरचनागत समस्याहरुको संवोधन गर्न असफल रहे । बहुदलीय प्रजातन्त्र स्थापना भएको करिव ६ वर्ष पश्चात संवैधानिक राजतन्त्रको अन्त्य गर्न तथा लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको स्थापना गर्न नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले "जनयुद्ध" को घोषणा गर्‌यो । "जनयुद्ध"को शुरुदेखि नै माओवादी आन्दोलन नेपालका गरिव, सिमान्तकृत, आदीवासी जनजाती, किसान, कामदार, महिला र दलितको आवाजको रुपमा देखा पर्‌यो ।[११] त्यसकारण देशमा व्याप्त गरिवी, बन्देज सहितको राजनीतिक व्यवस्था, सिमान्तकरण, विभेद र आर्थिक तथा सामाजिक- साँस्कृतिक असमानताको कारणले माओवादी युद्ध शुरु भएको हो भन्ने मान्न सकिन्छ ।[१२]

वि.सं. २०५२ मा ३० लाख भन्दा बढी नेपालीहरु ग्रामिण क्षेत्रमा बसोवास गर्दथे, जहाँ सामन्ती सामाजिक सम्बन्धहरुले मानिसको जीवनमा प्रभाव पार्दथ्यो: करिव एक तिहाइ जनसंख्याको आय एक दिनको एक डलर भन्दा कम रहेको छ ।[१३] बसोवास मानक सर्वेक्षणका अनुसार वि.सं. २०५२/२०५३ को विचमा, जब माओवादी "जनयुद्ध" शुरु भएको थियो, नेपालको ४२ प्रतिशत जनसंख्या गरिव थियो ।[१४] परिणामस्वरुप नेपालमा माओवादी द्वन्द्वको प्रमुख कारण शताव्दीऔं पुरानो वहिष्करण, केन्द्रिकृत, निरंकुश, सामन्तवादी राजनीतिक तथा सामाजिक व्यवस्था हो जसले नेपाली समाजमा सामाजिक तथा राजनीतिक वहिष्करण, विभेद, गरिवी, र अधिनतालाई मलजल गर्‌यो भन्ने कुरा धेरै जसो अध्ययनहरुले देखाएका छन् ।[१५] यसका अतिरिक्त जातियतामा आधारित विभेदलाई पनि द्वन्द्वको एउटा प्रमुख कारणको रुपमा लिइन्छ ।[१६] वि.सं. २०२० सालमा छुवाछुतलाई निषेध गर्ने कानुनी प्रयत्न भएको भएतापनि सामाजिक वहिष्कार, उत्पीडन, कुनै पनि ठाउँमा प्रवेश गर्न, कुनै काम गर्न, सार्वजनिक श्रोतको प्रयोग

८ चुडामणी वस्नेत, फ्रम सिभिल सोसाइटी टु सिटिजन्स् सोसाइटी: मोनार्की, इन्सरजेन्सी एण्ड अपराइजिङ्ग इन नेपाल, १९९० - २००६, द युनिभर्सिटी अफ जर्जिया (जुलाई २०१०) https://getd.libs.uga.edu/pdfs/basnet_chudamani_201008_phd.pdf

९ यो प्रतिवेदनमा सशस्त्र द्वन्द्व, माओवादी विद्रोह र जनयुद्धलाई समान अर्थमा प्रयोग गरिएको छ ।

१० वहेल्पटन, क्र.सं. २, पृष्ठ २०८ ।

११ शोभा गौतम, अमृता बास्कोटा र रिता मनचन्दा, नेपालमा माओवादी विद्रोहमा महिला, डि. थापा (सं.) अन्डरस्याण्डिङ्ग माओइस्ट मुभमेन्ट इन नेपाल, तेस्रो संस्करण, मार्टिन चौतारी (२००७), पृष्ठ ९७ ।

१२ महेन्द्र लावती र अनुप कु. पहारी, माओइस्ट इन्सरजेन्सी इन नेपाल, राउटलेज्ड कन्टेम्पोररी साउथ एशिया स्टडी (पहिलो भारतीय पुन: प्रकाशन), पृष्ठ ३ - २४ ।

१३ युएनडिपि, ह्युमन डेभलपमेन्ट रिर्पोट नेपाल, युएनडिपि ह्युमन डेभलपमेन्ट रिर्पोट २००९: स्टेट ट्रन्सफरमेशन एण्ड ह्युमन डेभलपमेन्ट (न्युयोर्क: युएनडिपि, २००९: हेर्नुहोस: http://hdr.undp.org/sites/default/files/nepal_nhdr_2009.p मा (पछिल्लो पटक ५ जनवरी २०१८ मा हेरिएको) ।

१४ पोभर्टी ट्रेन्ड इन नेपाल, १९५ (९६, सिविएस, नेपाल ।

१५ महेन्द्र लावती र अनुप कु. पहारी, माओइस्ट इन्सरजेन्सी इन नेपाल, राउटलेज्ड (२०१०), पृष्ठ ३ - ३१ ।

१६ सेन्टर फर ह्युमन राइट्स एण्ड ग्लोवल जष्टिस्, "द मिसिङ पिस या पजल: कास्ट डिस्क्रिमिनेसन एण्ड द कन्फिल्ट इन नेपाल" (२००५) ।

वा सार्वजनिक स्थानमा प्रवेश गर्न, पारिवारिक वा सामाजिक सम्बन्ध राख्न तथा सहभागितामा रोक लगाउने जस्ता साँस्कृतिक अभ्यासहरु अझै पनि नेपाली समाजमा विद्यमान रहेको पाइन्छ ।

प्रजातान्त्रिक संसदीय व्यवस्थाले प्रणालीगत र संरचनागत समस्याहरु संवोधन गर्न दुई पटक (वि.सं. २००७ र २०४६ को दशकमा) असफल भएको कारण अधिकांश नेपालीहरु कम्युनिष्ट व्यवस्थाले नेपालमा परिवर्तन गर्न सक्छ भन्ने विश्वास गर्दछन् । यसका अतिरिक्त, विदेशी दातृ निकायले विकास निर्माणमा गरेको सहयोगको असफलतालाई पनि द्वन्द्वको एउटा कारकको रुपमा लिन सकिन्छ,[१७] किनकी विगत सात दशक देखि नेपालमा विदेशी सहयोग आउनुका वावजुद उल्लेख्य आर्थिक वा सामाजिक विकास भएको प्रमाण अत्यन्त न्यून रहेको छ । आन्तरिक सशस्त्र द्वन्द्वको समयमा लेखिएको एउटा अन्तर्राष्ट्रिय प्रतिवेदनले "विकासका लागि गरिएको सहयोगको असफलता, विशेष गरी मध्यपश्चिम क्षेत्रको ग्रामिण क्षेत्रमा रहेका गरिवहरुसम्म पुर्याउन नसक्नु, नै बढ्दो असन्तुष्टि र अन्ततः हिंसात्मक द्वन्द्वको कारकको रुपमा रहेको" स्विकार गरेको छ ।[१८]

वि.सं. २०५८ सालमा सरकारले संकटकाल घोषणा गरेपछि आन्तरिक सशस्त्र द्वन्द्वले झन तिव्र रुप लिएको थियो । युद्धको प्रतिकार गर्न शाही नेपाली सेना (नेपाली सेना) को परिचालन गर्नु, तत्पश्चात वि.सं. २०५८ सालमा आतंककारी तथा विध्वंशात्मक गतिविधी (नियन्त्रण र सजाय) अध्यादेश नामक उग्र कानून जारी गर्नु र वि.सं. २०५८ सालमा संसदको विघटन गर्नुले मानव अधिकार र कानुनको शासनमा संकटको अवस्थालाई बढावा दिनुका साथै प्रजातान्त्रिक प्रक्रियालाई हटाउने कार्यलाई समेत प्रेरणा दियो ।[१९] वि.सं. २०६२ सालमा राजा ज्ञानेन्द्र विरविक्रम शाहले कार्यकारी अधिकार आफ्नो हातमा लिइ, निर्वाचित सरकारलाई पदच्युत गरी आफुलाई मन्त्री परिषदको अध्यक्ष घोषणा गर्दै देशमा प्रत्यक्ष शासन गर्न शुरु गरेपछि मानव अधिकारको अवस्था झन विग्रिएको थियो ।[२०]

२.२.२ मानव अधिकार उल्लंघन

गैरकानूनी हत्या, जवरजस्ती बेपत्ता जस्ता नेपालको सशस्त्र द्वन्द्वकालमा भएका केही निश्चित प्रकारका मानव अधिकार उल्लंघनको घटनाका संख्यामा केही एकरुपता रहेको छ, जबकी दश वर्षे द्वन्द्वकालमा भएका अन्य प्रकारका मानव अधिकार उल्लंघनका घटना, विशेष गरी यौनजन्य हिंसाका घटनाहरु, उल्लेखनीय रुपमा दर्ता नगरिएका र अनुसन्धान गरिएका छैनन् । "जनयुद्ध" को प्रतिकार गर्न सरकारले "किलो सेरा २" नामक प्रहरी कारवाही शुरु गर्यो, तत्पश्चात माओवादी विद्रोहको प्रतिकार गर्ने उपायको रुपमा "रोमियो" अपरेशन लागू गर्यो, जसले स्वेच्छाचारी थुना, जवरजस्ती बेपत्ता र गैरकानूनी हत्या जस्ता नयाँ प्रकृतिका मानव अधिकार उल्लंघनका घटनाहरुमा वृद्धि भयो ।

द्वन्द्वको दौरानमा माओवादी विद्रोही र नेपाली सेना दुवै अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्न असफल भए, जसका कारण नागरिकहरु खतरामा परे र ठूलो क्षति व्यहोर्नु पर्यो । "माओवादीहरुले कुनै आक्रमण शुरु गर्न वा सुरक्षा फौजको प्रतिआक्रमणबाट बच्न भागेर आश्रय लिने क्रममा नागरिकहरुको सुरक्षाको लागि उनीहरुलाई त्यहाँबाट हटाउन आवश्यक कुनै पनि उपायहरु अवलम्वन नगरी अत्याधिक जनसंख्या भएको ठाउँलाई नै सधै प्रयोग गर्दथे" भन्ने ह्युमन राइट्स वाचको अनुसन्धानबाट देखिएको छ ।[२१] माओवादीको शंका गरिएका व्यक्तिहरु नागरिकहरुको घरमा लुकिरहेको अवस्थामा नेपाली सेनाको हेलिकप्टरबाट अन्धाधुन्ध रुपमा गरिएको हवाई बमबारीबाट प्रायः जनधनको क्षति भएको पाइन्छ ।[२२]

---

१७ देवेन्द्रराज पाण्डे, नेपाल्स फेल्ड डेभलपमेन्टः रिफ्लेक्सन अन द मिशन एण्ड माल्दिभ्स्, नेपाल साउथ एशिया सेन्टर (१९९९)

१८ जोनाथन गुडहयान्ड, भ्वाइलेन्ट कन्फिल्क्ट, पोभर्टी एण्ड क्रनिक पोभर्टी, सिपिआरसि वर्किङ पेपर ६, (२००६), हेर्नुहोसः http://www.chronicpoverty.org/uploads/publication_files/WP06_Goodhand.pdf (पछिल्लो पटक ५ जनवरी २०१८ मा हेरिएको) ।

१९ आईसिजे, नेपालः नेशनल सेक्युरिटी लज् एण्ड ह्युमन राइट्स इम्प्लीकेशन (२००९) पृष्ठ ६ ।

२० १ जुन २००१ मा राजा विरेन्द्रको सम्पूर्ण परिवारको राजदरवारभित्रै गोली हानी हत्या गरिएको शाही नरसंहार पश्चात ज्ञानेन्द्र राजा भएका थिए ।

२१ ह्युमन राइट्स् वाच, नेपालको सिभिल वारः कन्फिल्क्ट रिजुमि (२००६) https://www.hrw.org/legacy/english/docs/2006/03/28/nepal13078_txt.htm मा उपलब्ध छ ।

२२ ऐजन ।

माओवादी विद्रोहको प्रतिकार गर्ने उपायको रुपमा सुरक्षा निकायले तराईका केही ठाउँहरुमा "भिजिलान्ते" समूहहरु गठन गरी माओवादीसँग लडाइ गर्न उनीहरुलाई हातहतियार तथा आर्थिक सहायता समेत प्रदान गरेको थियो । माओवादीको शंका गरिएका व्यक्तिहरु वा उनीहरुको समर्थकलाई कुटपिट गर्ने तथा मार्ने कार्यमा यो समूह पनि संलग्न रहेको थियो । अर्कोतर्फ, माओवादी आफ्नो जनमुक्ति सेना" मा बाल सेनाको भर्ति गरिरहेको थियो । एउटा गैरसरकारी संस्थाका अनुसार "जनमुक्ति सेना"मा ३० प्रतिशत भन्दा बढी बाल सेना रहेको अनुमान गरिन्छ ।[२३] "अधिकांश व्यक्तिहरु उनीहरुको इच्छा विपरित भर्ति गरिएका थिए, उनीहरुलाई राजनीतिक कार्यक्रमको लागि विद्यालयबाट अपहरण गरिएको र तत्पश्चात उनीहरुलाई त्यहाँ नै बस्न बाध्य पारिएको, सेना भर्ति सम्बन्धी माओवादीको "एक-घर, एक-व्यक्ति" भन्ने अभियान अनुरुप घरबाट नै लगिएको वा अपहरण गरिएको" भन्ने ह्युमन राइट्स वाचको अनुसन्धानले देखाएको छ ।[२४] केही बाल सेनासँग गरिएको कुराकानीबाट केही व्यक्तिहरु गरिबी, परिवारको कुनै सदस्यको मृत्यु, शिक्षाको लागि वा सशस्त्र समूहमा काम गर्न इच्छुक भएर स्वेच्छाले माओवादी सेनामा भर्ति भएको पनि पाइएको छ । हामीले कुराकानी गरेका धेरैजसोसँग अग्रपंक्तिमा रहेर काम गर्ने सेना देखि विशेष गरी राजनीतिक तालिमहरुमा संलग्न हुने जगेडा सेना वा भान्से जस्ता सहयोगीको रुपमा समेत काम गरेको विविध अनुभवहरु भएका बाल सेनाहरु रहेका छन् ।

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) ऐन जारी गरी सरकारले माओवादी तथा यसका भातृसंगठनहरुलाई "आतंककारी संगठन" भनी घोषणा गर्‌यो । प्रतिपक्षीको प्रतिकारका कारण आतंककारी तथा विध्वंसात्मक ऐन शुरुमा २ वर्षको (खारेज नभएसम्म लागू हुने भन्ने सरकारको प्रस्तावको विपरित) निमित्त जारी भएको थियो ।[२५] यसमा भएको खारेजी सम्बन्धी व्यवस्थाको कारण आतंककारी तथा विध्वंसात्मक ऐन वि.सं. २०६१ सालमा खारेज भयो, तर २०६३ साल भाद्रसम्म संसद नभएको कारण सरकारले यो ऐनलाई अध्यादेशको रुपमा पुनः जारी गर्‌यो ।[२६] आतंककारी तथा विध्वंसात्मक अध्यादेशमा "आतंककारी" र "आतंककारीको सहयोगीको रुपमा काम गर्ने व्यक्ति" को परिभाषा अत्यन्त व्यापक थियो । यो अध्यादेशले आतंककारीलाई निम्नानुसार परिभाषित गरेका थियो:

> "आतंककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न व्यक्तिसँग सम्पर्कमा भएको वा काम गर्ने कुनै व्यक्ति" र "आतंककारी वा विध्वंसात्मक गतिविधिमा संलग्न भएको कुनै व्यक्ति वा समूहलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आर्थिक वा अन्य कुनै पनि किसिमको सहायता पुर्‌याउने व्यक्ति"

यो अध्यादेशले शाही नेपाली सेना लगायतका सुरक्षा निकायलाई आतंककारी तथा विध्वंसात्मक गतिविधिमा संलग्न भएको शंकामा कुनै पनि व्यक्तिलाई विना पक्राउ पूर्जि पक्राउ गर्न सक्ने व्यापक अधिकार दिएको थियो ।[२७] निवारक नजरवन्दमा राख्न सक्ने व्यवस्था अन्तर्गत कुनै पनि व्यक्तिलाई एक वर्षसम्म न्यायिक छानविन विना हिरासतमा राख्न सक्ने अधिकार यो अध्यादेशले सुरक्षा निकायलाई दिएको थियो ।[२८] यसले सरकारी कर्मचारी र सुरक्षाकर्मीलाई उन्मुक्ति दिन "असल नियतले गरेको काम" मा अभियोजन नहुने व्यवस्था गरेको थियो, जुन व्यवस्था सुरक्षाकर्मीहरु उपर उठ्ने कुनै पनि प्रश्नबाट निजहरुलाई उन्मुक्ति प्रदान गर्नको लागि प्रयोग भयो । दुर्भाग्यवश, "असल नियत" भन्ने शब्दलाई परिभाषित गरिएको कुनै पनि कानुन थिएन । यसले प्रणालीगत तथा व्यापक रुपमा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानूनको उल्लंघनका घटनाहरु घट्न तथा ती घटनाहरुमा दण्डहीनता कायम गर्न उल्लेखनीय योगदान दियो ।

अझ, आतंककारी तथा विध्वंसात्मक ऐनको व्यापक दुरुपयोग सुरक्षा निकायहरुबाट भएको पाइन्छ, परिणामस्वरुप हजारौ संख्यामा स्वेच्छाचारी पक्राउ र व्यक्ति बेपत्ता पर्ने घटनाहरु घटित भए । वि.सं. २०६१ र २०६२ सालमा संयुक्त राष्ट्र संघको जवरजस्ती तथा स्वेच्छाचारी बेपत्ता सम्बन्धी कार्य समूहमा दर्ता भएका उजुरीहरुमा नेपालले सबै भन्दा धेरै संख्यामा जवरजस्ती बेपत्ता पार्ने

---

२३ एएचआरसि, चिल्ड्रेन एण्ड पिपुल्स वार इन नेपाल (२००३) ।

२४ ह्युमन राइट्स् वाच (२००६) ।

२५ गोविन्द शर्मा "बन्दी", काउन्टर टेरोरिज्म लज् एण्ड पोलिसी एण्ड दिएर इम्प्याक्ट : केश अफ नेपाल, पब्लिस्ड् इन "वार एण्ड टेरर बलम एशियन डेमोक्रेसी", पृष्ठ ४५ ।

२६ नेपाल अधिराज्यको संविधान २०४७, धारा ७२ अन्तर्गत ।

२७ आतंककारी तथा विध्वंसात्मक ऐन, दफा ५ ।

२८ आतंककारी तथा विध्वंसात्म ऐन, दफा ९ ।

कार्य गरेको भनी लज्जास्पद अभिलेख बनायो । जसमा २६७ जवरजस्ती बेपत्ताका नयाँ मुद्दाहरु थिए ।[२९] मानव अधिकारको लागि उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) ले द्वन्द्वको समयमा जवरजस्ती बेपत्ता पारिएका व्यक्तिहरु मध्ये धेरै व्यक्तिहरु आम जनसाधारण रहेका र द्वन्द्वमा भाग नलिएका व्यक्तिहरु रहेको भन्ने पत्ता लगायो ।[३०]

वि.सं. २०६१ माघ ७ गते को एम्नेष्टी इन्टरनेशनलको प्रतिवेदन अनुसार "आम नागरिक तथा माओवादीमा संलग्न भएको शंकामा पक्राउ परि आफ्नो हिरासतमा भएका व्यक्तिहरुका साथै माओवादी पार्टीका सशस्त्र सदस्यहरु जसलाई हिरासतमा लिन सकिने सम्भावना रहेका व्यक्तिहरुको गैरन्यायिक हत्याको जिम्मेवार सुरक्षा फौज रहेको उजागर गर्‌यो । त्यसैगरी, माओवादीले कुनै राजनीतिक दलसँग वा राज्यसँग सम्वद्ध भएको आरोपमा वा कसैले आफ्नो आदेश उल्लंघन गरेकोमा वा कुनै निश्चित "अपराध" गरेको भनी आम नागरिकलाई अपहरण गर्ने र मार्ने कामका साथसाथै युद्ध छोडेका सुरक्षाकर्मीहरु (hors de combat) लाई समेत मार्ने कार्य गर्‌यो ।"[३१]

द्वन्द्वकालमा गैरन्यायिक हत्या, जवरजस्ती बेपत्ता, यातना तथा यौनजन्य हिंसा, स्वेच्छाचारी पक्राउ र थुना, अपहरण, विस्थापन, व्यक्तिगत सम्पत्ति कब्जा लगायतका मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरु मुख्य रुपमा माओवादी पक्षबाट घटे ।[३२] १३,००० भन्दा बढी मानिसहरु मारिएका, कम्तीमा[३३] १,३०० मानिसहरु जवरजस्ती बेपत्ता पारिएका[३४] र २००,००० भन्दा धेरै मानिसहरु आन्तरिक रुपमा विस्थापित भएका थिए[३५] भन्ने अनुमान गरिन्छ । मानव अधिकार उच्चायुक्तको कार्यालयले अभिलेखिकरण गरेको ३०,००० घटनाहरु मध्ये ९००० घटनाहरुमा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनको गम्भिर उल्लंघन र अन्तर्राष्ट्रिय मानवीय कानूनको व्यापक उल्लंघन भएको अनुमान गरिएको छ ।[३६]

त्यसैगरी संयुक्त राष्ट्र संघले तयार गरेको "नेपाल द्वन्द्व प्रतिवेदन" ले गैरन्यायिक हत्या, जवरजस्ती बेपत्ता, यातना, स्वेच्छाचारी पक्राउ र यौनजन्य हिंसा लगायतका पाँच प्रकारका उल्लंघनलाई द्वन्द्वकालमा भएका मानव अधिकारको गम्भीर उल्लंघनको रुपमा पहिचान गरेको र कतिपय ती घटनाहरु युद्ध अपराध समेत हुन सक्ने सुझाव दिएको थियो ।[३७]

"द्वन्द्वकालमा भएका गैरकानूनी हत्या विविध सन्दर्भमा घटित भएका हुन सक्छन्: उदाहरणको लागि सुरक्षा निकायको भवन वा टुकडीमा माओवादी आक्रमणको क्रममा, सरकारी भवन, राष्ट्रिय बैंक र सार्वजनिक सेवा प्रदायक संस्थाहरुमा मुठभेड वा एम्बुसको क्रममा भएको हुन्छ" भनी यसले जनाएको छ । "सुरक्षा निकाय र माओवादी दुवै तर्फबाट भएको भनिएको गैरकानूनी हत्याको आरोप र सो हत्यासँग सम्बन्धित स्पष्ट देखिने श्रृङ्खला हेर्दा द्वन्द्वको क्रममा भएका गैरकानूनी हत्याका निश्चित श्रृङ्खलाहरु उनीहरुको नीति (व्यक्त वा अव्यक्त) अन्तर्गत गरिएको थियो की भन्ने प्रश्न उत्पन्न हुन्छ" भनी प्रतिवेदनको निष्कर्ष निकालिएको छ ।[३८]

---

२९ जवरजस्ती वा स्वेच्छाचारी बेपत्ता सम्बन्धी कार्य समूहले नेपालको भ्रमण पश्चात तयार गरेको प्रतिवेदन, E/CN.4/2005/65/Add.1, २८ जनवरी २००५ हेर्नुहोस: https://documents-dds-ny.un.org/doc/UNDOC/GEN/G05/105/23/PDF/G0510523.pdf?OpenElement मा हेनुहोस ।

३० ओएचसिएचआर, बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता, डिसेम्बर २००८, पृष्ठ ५ हेर्नुहोस: http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/2008_12_19_Bardiya_Report_Final_E.pdf

३१ नेपाल: किलिङ्ग विथ इम्प्युनिटी, एम्नेष्टी, हेर्नुहोस: https://www.amnesty.org/download/Documents/84000/asa310012005en.pdf

३२ द्वन्द्वको क्रममा माओवादीद्वारा सम्पत्ति कब्जा गर्ने कार्य व्यापक र प्रणालीगत थियो ।

३३ विभिन्न प्रतिवेदनमा मारिएका व्यक्तिहरुको संख्या फरक फरक छ ।

३४ संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल द्वन्द्व प्रतिवेदन २०१२, हेर्नुहोस http://www.ohchr.org/Documents/Countries/NP/OHCHR_ExecSumm_Nepal_Conflict_report2012.pdf

३५ आइडिएमसि, नेपाल: फेल्ड इम्प्लिमेन्टेसन अफ आइडिपि पोलिसी, ए प्रोफाइल अफ इन्टरनल डिस्प्लेसमेन्ट सिचुएसन, २८ जनवरी २०१०, हेर्नुहोस स http://www.internal-displacement.org/assets/library/Asia/Nepal/pdf/Nepal-January-2010.pdf

३६ संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल द्वन्द्व प्रतिवेदन २०१२, हेर्नुहोस http://www.ohchr.org/Documents/Countries/NP/OHCHR_ExecSumm_Nepal_Conflict_report2012.pdf

३७ संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल द्वन्द्व प्रतिवेदन २०१२, हेर्नुहोस http://www.ohchr.org/Documents/Countries/NP/OHCHR_ExecSumm_Nepal_Conflict_report2012.pdf

३८ ऐजन ७ ।

जवरजस्ती बेपत्ताको सम्बन्धमा उच्चायुक्तको कार्यालयको प्रतिवेदन अनुसार "द्वन्द्वका दुवै पक्ष सुरक्षा फौज र माओवादी दुवै तर्फबाट" बेपत्ताका घटनाहरु भएको उल्लेख गरिएको छ।[३९] बेपत्ता पारिएका अधिकांश घटनाहरु सुरक्षा निकायबाट घटित भएका र सामान्यतया माओवादीको सदस्य भएको वा माओवादीको समर्थक भएको आशंकामा बेपत्ता पारिएको थियो भने माओवादीबाट घटित भएको बेपत्ताको घटनामा सुरक्षा निकायसँग सम्पर्क भएको वा सुरक्षा निकायको लागि सुराकी गरेको आरोपमा बेपत्ता पारिएको देखिन्छ भन्ने उल्लेख गरिएको छ।[४०] बेपत्ता पारिएका व्यक्तिहरुको सम्बन्धमा छानविन गर्न सर्वोच्च अदालतबाट गठन गरिएको कार्य दलका अनुसार "सशस्त्र द्वन्द्वको क्रममा तात्कालिन श्री ५ को सरकारको सुरक्षा फौजले माओवादी विद्रोहको प्रतिकार गर्ने सम्बन्धमा स्वेच्छाचारी पक्राउ, यातना, हत्या, व्यवस्थित एवम् व्यापक रुपमा बेपत्ता पार्ने कार्यहरु सामान्य अभ्यासको रुपमा रहेको थियो।[४१]

यातनाको सन्दर्भमा, उच्चायुक्तको कार्यालयको तथ्यांक अनुसार द्वन्द्वको क्रममा कम्तीमा पनि २५०० यातना, अङ्ग छेदन, र अन्य प्रकारका क्रुर, अमानवीय तथा अपमानजनक व्यवहारका घटनाहरु सुरक्षा फौज र माओवादी दुवै पक्षबाट घटित भएका थिए भन्ने उपलब्ध तथ्यांकले देखाउँदछ।[४२] नेपालको सशस्त्र द्वन्द्वको क्रममा भएको यौनजन्य हिंसाका घटनाका सम्बन्धमा तथ्यांकहरु न्यून रहेको पाइन्छ। उच्चायुक्तको कार्यालयका अनुसार: "द्वन्द्वकालमा घटेका मानव अधिकारको गम्भीर उल्लंघनका अन्य घटनाहरुको उजुरी दर्ता तथा अनुसन्धान भएको भएतापनि यौनजन्य हिंसाका घटनाहरुको अभिलेखिकरण दुर्लभ रहेको छ। यौनजन्य हिंसाका घटनाहरु कमै दर्ता हुन्छन् भन्ने यथार्थतालाई यसले स्पष्टत: देखाउँछ। सामाजिक तथा सांस्कृतिक लान्छनाले गर्दा पीडितहरुलाई लज्जा वा आफुलाई नै आरोप लगाईने डरको कारणले पीडितहरु आफ्नो भोगाई अरु समक्ष भन्न हिचकिचाउँदछन्। "द्वन्द्वकालमा सहायता, संरक्षण तथा समाधान गर्ने निकायको अभाव, पुन: प्रताडित हुनु पर्ने वा उजुरी दर्ता गरेको कारणले अझै पीडित हुनु पर्ने डरको कारणले यो अवस्थामा अझै वृद्धि हुन्छ"।[४३] उपलब्ध भएका केही सीमित तथ्यांकका अनुसार १८ वर्ष मुनीका बालिका विशेष गरी जोखिमयुक्त हुन्छन् किनकी अभिलेखिकरण गरिएका यौनजन्य हिंसाका घटनामा एक तिहाइ बालिकाहरु रहेका र त्यस मध्ये पनि धेरै पन्ध्र वर्ष मुनिका बालिका रहेको कुरा उच्चायुक्तको कार्यालयले उल्लेख गरेको छ।[४४]

नेपालमा पीडितहरुको प्रकृतिको सम्बन्धमा केही क्रस कटिड तथ्यांक रहेको छ। "भौगोलिक रुपमा हेर्दा द्वन्द्व मध्यपश्चिम क्षेत्रको रोल्पा र रुकुम जिल्लाबाट शुरु भएको र यी जिल्लाहरुमा द्वन्द्वले गम्भीर प्रभाव पारेको थियो र यी जिल्लाहरुमा गैरकानूनी हत्याका सबैभन्दा धेरै घटनाहरु अभिलेखिकरण गरिएका थिए। द्वन्द्वको गति अलि मथ्थर हुँदै जाँदा गैरकानूनी हत्या गर्ने कार्य विस्तारै मध्यपश्चिम क्षेत्रका सबै जिल्लाहरुमा विस्तार हुँदै गयो र पछि, विशेष गरी २०५८ साल कार्तिकमा युद्धविराम भङ्ग भएपछि, देशका अधिकांश क्षेत्रहरुमा यो कार्य विस्तार व्याप्त भयो। २०६० साल श्रावणमा दोस्रो पटक युद्धविराम भङ्ग भएपश्चात गैरकानूनी हत्याको भौगोलिक क्षेत्र परिवर्तन भई मध्यमाञ्चल क्षेत्र प्रभावित हुन पुग्यो" भनी उच्चायुक्तको कार्यालयले उल्लेख गरेको छ।[४५] तल छलफल गरिए जस्तै अब बन्ने संक्रमणकालीन न्याय संयन्त्र अन्तर्गत हुने अनुसन्धानले जातिय अवस्था, राजनीतिक सम्वद्धता, धर्म, आदिवासी समूह लगायतका अन्य मुद्दाहरुको सम्बन्धमा यी तथ्यांकहरुलाई अझ क्रस कट गर्न सक्नेछ भन्ने आशा गरिन्छ।

उच्चायुक्तको कार्यालयको मानव अधिकार उल्लंघनको तथ्यांकले प्रत्यक्ष रुपमा पीडित पुरुषहरुको संख्या अत्याधिक भएको देखाउँछ, जसले दश वर्षको सशस्त्र द्वन्द्वको सन्दर्भमा भएका महिला विरुद्धको हिंसा, विशेष गरी यौनजन्य हिंसा, का घटनाहरु ठूलो संख्यामा दर्ता नगरिका भन्ने दावीलाई नै समर्थन गर्ने देखिन्छ।[४६] नेपालमा भएको सशस्त्र द्वन्द्वको क्रममा भएका महिला

---

३९ ऐजन ८।

४० ऐजन १९।

४१ सर्वोच्च अदालत समक्ष दायर भएका करिब ८३ वटा बन्दि प्रत्यक्षिकरणका रीट निवेदनमा सर्वोच्च अदालतले वि.सं. २०६३ सालमा "थुना अनुसन्धान कार्य दल" गठन गर्‌यो। यो कार्यदललाई बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था पत्ता लगाउन र सुझाव सहित प्रतिवेदन पेश गर्ने कार्यादेश दिइएको थियो। यो प्रतिवेदनका लेखकहरु मध्ये एकजना सो कार्य दलका सदस्य हुनु हुन्थ्यो।

४२ संयुक्त राष्ट्र संघ मानव अधिकार उच्चायुक्तको कार्यालय, नेपाल द्वन्द्व प्रतिवेदन २०१२, २०, हेर्नुहोस http://www.ohchr.org/Documents/Countries/NP/OHCHR_ExecSumm_Nepal_Conflict_report2012.pdf

४३ ऐजन २२।

४४ ऐजन २३।

४५ ऐजन ७२।

४६ एडभोकेसी फोरम र संक्रमणकालीन न्याय केन्द्र, एक्स द लाइन: द इम्प्याक्ट्स् अफ नेपाल्स् कन्फ्लिक्ट्स् अन वुमन, (२०१०)स ओरेक, भ्वाइलेन्स अगेन्स्ट वुमन: अ कम्प्लेकस् एण्ड इनभिजिवल रियालिटी (काठमाडौं, ओरेक २००६)।

तथा बालिका विरुद्धको हिंसा, विशेष गरी यौनजन्य हिंसाका के कस्ता घटनाहरु घटित भएका थिए भनि मापन गर्ने तथ्यांक हालसम्म उपलब्ध छैन । अनुसन्धान, अभियोजन र परिपूरणका सन्दर्भमा यी महिलाहरु तथा बालिकाहरु अगाडी आउन नसक्ने स्पष्ट जोखिम देखिएको छ ।

२.३ शान्ति वार्ताहरु

वि.सं. २०६२ सालमा राजाले शासन आफ्नो हातमा लिएपछि र निर्वाचित संसद विघटन गरेपश्चात प्रजातान्त्रिक शक्तिहरु, विघटित संसदमा रहेका अधिकांश राजनीतिक दलले सात दलको गठबन्धन बनाई नेपाल कम्युनिष्ट पार्टी माओवादीका नेताहरुसँग वार्ता गरे र वि.सं. २०६२ साल मंसिर ७ गते १२ बुँदे सहमतिमा हस्ताक्षर गरी दुवै पक्षहरु संसदको पुनर्स्थापना गर्न, प्रजातान्त्रिक प्रणालीको पुनर्स्थापना गर्न, नेपालमा जारी रहेको सशस्त्र द्वन्द्वको अन्त्य गर्न र निर्वाचित संविधान सभा मार्फत नयाँ संविधान लेख्न दोस्रो जनआन्दोलन (जनआन्दोलन २) को थालनी गर्न सहमत भए ।

विरोध च्याली, काठमाडौं, नेपाल । लुक मोफेटद्वारा लिइएको तस्विर

वि.सं. २०६३/२०६३ मा भएको जनआन्दोलन-२ ले राजालाई आफ्नो कदमबाट पछाडी हट्न र विघटित संसदको पुनर्स्थापना गर्न बाध्य बनायो । फलस्वरुप २०६३ साल मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो, जसले नेपालको शान्ति प्रक्रियाको सम्बन्धमा मार्गचित्र प्रशस्त गर्दछ । तात्कालिन नेपाल कम्युनिष्ट पार्टी माओवादीको हातहतियार व्यवस्थापन गर्ने र आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तन प्राप्तिको लागि निर्वाचित संविधान सभा मार्फत संविधान निर्माण गरी राज्यको पुर्नसंरचना गर्ने सम्बन्धमा विस्तृत शान्ति सम्झौताले राम्रो रुपरेखा तयार गरेको थियो ।

यसका अतिरिक्त, यस सम्झौताले विगतका मानव अधिकार उल्लंघनका घटनाहरुमा अनुसन्धान गर्न र पीडितलाई राहत तथा क्षतिपूर्ति प्रदान गर्न, समावेशी नीति तथा कार्यक्रमको प्रवर्द्धन गर्न र केही महत्वपूर्ण संरचनाहरुको पुनर्निमाण गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने व्यवस्था समेत गर्‌यो ।[४७] वि.सं. २०६५ साल जेष्ठ १५ गते संविधान सभाको अत्याधिक बहुमतद्वारा शताब्दियौ लामो राजतन्त्रको अन्त्य गर्‌यो र नेपाललाई लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा घोषणा गर्‌यो ।

४७ विस्तृत शान्ति सम्झौताको पूर्ण पाठ https://peacemaker.un.org/nepal-comprehensiveagreement2006 मा उपलब्ध छ ।

३. संक्रमणकालीन न्यायका सम्बन्धमा गरिएका पहलहरु:

३.१ कानूनी संरचना

व्यक्ति बेपत्ता पार्ने कार्य, "मानवता विरुद्धको अपराध" र "मानव अधिकारको गम्भीर उल्लंघन" का घटनाहरुमा छानविन गर्ने, पीडितलाई "परिपूरण" प्रदान गर्ने, "दण्डहीनताको अन्त्य" गर्ने प्रतिवद्धता पुरा गर्न सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने लगायतका संक्रमणकालीन न्यायसँग सम्बन्धित विभिन्न व्यवस्थाहरु विस्तृत शान्ति सम्झौताले समेटेको छ।[४८] यसको धारा ५.२.४ ले विशेष गरी निम्न कुरा उल्लेख गर्दछ:

सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा द्वन्द्वबाट पीडित र विस्थापित व्यक्तिहरुको राहत र पुनर्स्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोग गठन गर्न र त्यस मार्फत यस सम्बन्धी काम अगाडी बढाउन दुवै पक्षहरु सहमत छन् ।

त्यसैगरी विस्तृत शान्ति सम्झौताको धारा ७.१.३ मा "दुवै पक्ष सम्झौतामा उल्लेख गरिएका अधिकारको उपभोगमा बाधा पुर्‍याउन जिम्मेवार व्यक्तिहरु माथि कानुन बमोजिम निष्पक्ष छानविन तथा कारवाही हुनेछ भनी प्रतिवद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका अतिरिक्त द्वन्द्व पीडित र यातना पीडित तथा बेपत्ता पारिएका व्यक्तिको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्" भनी उल्लेख गरिएको छ ।

२०६३ सालको अन्तरिम संविधानमा विस्तृत शान्ति सम्झौतामा भएका ती व्यवस्थाहरुलाई समावेश गरी शान्ति सम्झौतामा व्यक्त गरिएको प्रतिवद्धतालाई संविधानले पुन:पुष्टि गर्‍यो । संविधानको भाग ४ अन्तर्गत राज्यको दायित्व, निर्देशक सिद्धान्त र नीति अन्तर्गत द्वन्द्वको कारण बेपत्ता पारिएका वा मारिएका व्यक्तिको परिवार, घाइते भई अशक्त भएका र आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई आयोगको सुझाव अनुसार राहत प्रदान गर्ने तथा पुनर्स्थापना गर्ने योजना ल्याइ संक्रमणकालीन न्याय संयन्त्रको कामहरुको बारेमा प्रष्ट पारेको छ ।[४९] विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा व्यवस्था भएअनुसार सरकारले संक्रमणकालीन न्याय सम्बन्धी उपायहरु अपनाउन सत्य आयोग गठन गर्ने सम्बन्धी आवश्यक कानून तथा नीति निर्माण गर्नु पर्दथ्यो ।

तर विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानले गरेका प्रतिवद्धतालाई माओवादी र सुरक्षा निकायका व्यक्तिहरुले आ आफ्नै तरिकाले व्याख्या गरेका कारण राजनीतिक दलहरु सत्य आयोगको कार्यादेशमा सहमत हुन असफल भएका छन् । यो पुरै प्रक्रिया मेलमिलापको उद्देश्यले गरिएको र क्षमादान दिएर मात्र यो उद्देश्य प्राप्त हुन सक्ने भन्ने तर्कहरु आएका छन् । जबकी पीडित, मानव अधिकार समूह र अन्तर्राष्ट्रिय समुदायले दण्डहीनताको अन्त्य हुनु पर्ने कुरालाई जोड दिएका छन्, जसले संक्रमणकालीन न्यायका मुख्य सरोकारवालाहरु विचमा ठूलो मतभेद ल्याएको छ । जसको परिणामस्वरुप संसदमा पेश भएको संक्रमणकालीन न्याय सम्बन्धी ऐन पारित गर्न संसद असफल भएको थियो ।[५०]

वि.सं. २०६९ साल चैत्रमा सत्य आयोग गठन गर्न सरकारले अध्यादेश ल्यायो, तर सर्वोच्च अदालतले उक्त अध्यादेशलाई असंवैधानिक घोषणा गर्दै पीडितको सत्य, न्याय र परिपूरणको अधिकार विपरित रहेको ठहर गर्‍यो । पीडित तथा निजहरुको

---

४८ ऐजन, धारा ५.२.४ ।

४९ अन्तरिम संविधान २०६३, धारा ३३ (त), (थ) र (द) ।

५० सन् २००९ र २०१० मा बेपत्ता सम्बन्धी विधेयक र सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयक संसदमा दर्ता भएको थियो तर प्रमुख राजनीतिक दलहरु विचमा सहमति हुन नसकेको कारणले ती विधेयकहरु पारित हुन सकेनन् ।

परिवारलाई परिपूरण प्रदान गर्न पर्याप्त आर्थिक, कानूनी र संरचनागत व्यवस्थाहरु मिलाउनु भनी सर्वोच्च अदालतले नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी जारी गर्‌यो ।[५१] सर्वोच्च अदालतको आदेशमा निम्नानुसार उल्लेख छ:

> ".....सत्य निरुपण एवं मेलमिलापको बृहद व्यवस्थापनको लागि गम्भीर मानवअधिकार विरोधी फौजदारी कार्यको अपराधिकरणको लागि कानूनी व्यवस्था गर्न, मेलमिलापको भावना प्रवर्द्धन गर्न व्यापक अभियान सञ्चालन गर्न, पीडित एवं पीडितको परिवारको लागि यथेष्ठ आर्थिक, कानूनी एवं संस्थागत व्यवस्था सहित परिपूरणको व्यवस्था गर्न, सत्य निरुपण एवं मेलमिलाप आयोगको स्वायत्तता एवं निष्पक्षताको सुनिश्चितताको लागि द्वन्द्वकालमा सशस्त्र विद्रोहको पक्षमा वा सो विद्रोहको दमन वा प्रशासनमा संलग्न भई कुनै रुपमा द्वन्द्वका पक्षरत वा सम्बन्धित भएका व्यक्तिहरू बाहेकका तथा मानव अधिकार उल्लंघनको नकारात्मक अभिलेख नभएका व्यक्तिहरू सम्मिलित हुने गरी अन्तर्राष्ट्रिय रुपमा स्वीकृत मापदण्ड समेतको आधारमा त्यस्तो आयोगको गठन गर्ने, पीडितहरूले आफ्नो सत्य भन्न सक्ने र प्रभावकारी ढंगले प्रतिरक्षा गर्न सक्ने प्रयोजनको लागि पीडित एवं साक्षी संरक्षण सम्बन्धी कार्यक्रम बनाई लागु गर्न र उनीहरूको व्यक्तिगत परिचयात्मक विवरणको संरक्षण गर्ने, आवश्यकता अनुसार बन्द इजलाशबाट सुनुवाई हुने वा श्रव्यदृष्यको माध्यमबाट दूर सुनुवाई लगायतको उपयुक्त व्यवस्थापन गर्ने गरी कानूनको परिमार्जन गर्ने र कार्यान्वयन चरणमा व्यवहारिक उपायहरू अपनाउने ।"[५२]

वि.सं. २०७१ साल वैशाख २८ गते संसदले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन (सत्य आयोग ऐन) जारी गर्‌यो । यस ऐनले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराध र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था गर्न लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिश गर्नको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नामक दुइ अलग अलग आयोग गठन गर्ने व्यवस्था गर्‌यो ।[५३] तर सर्वोच्च अदालतको बाध्यात्मक आदेशको अवज्ञा गर्दै[५४] गम्भीर अपराधमा क्षमादानको लागि सिफारिश गर्न सक्ने अधिकार पुन: आयोगलाई दिदै र पीडितको सहमति नभएतापनि पीडित र आरोपितको विचमा मेलमिलाप गर्न सकिने व्यवस्था सत्य आयोग ऐनमा गरियो ।[५५]

क्षमादान लगायतका ऐनका केही व्यवस्था उपर पीडित लगायतका सरोकारवालाहरुले आपत्ति व्यक्त गर्दै ती व्यवस्थाहरुलाई चुनौती दिदै सर्वोच्च अदालत समक्ष रिट निवेदन दायर गरे । सर्वोच्च अदालतले गम्भीर अपराधमा क्षमादानको सिफारिश गर्न सक्ने आयोगको अधिकारलाई अस्विकार गर्‌यो र कुनै पनि मेलमिलाप प्रक्रियामा पीडितको सहमति अनिवार्य हुनु पर्ने कुरालाई जोड दियो ।[५६] पीडितको सत्य, न्याय र परिपूरणको अधिकार अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप हुनु पर्ने,[५७] सरकारको कार्यकारी र न्यायिक कार्यहरुको परीक्षण गर्दै सरकारलाई आफ्‌ना नीतिहरु तथा कार्यक्रमहरु पुनरावलोकन गर्न निर्देशन दिएको[५८] र "बेपत्ता पारिएका व्यक्ति" हरुको छानविन गर्न छुट्टै आयोग गठन गर्नु पर्ने[५९] र अन्य प्रकारका मानव अधिकार उल्लंघनका घटनाहरुको

---

५१ अधिवक्ता माधवकुमार बस्नेत समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, नेपाल कानून पत्रिका, २०७०, अंक ९, निर्णय नं. ९०५१ ।

५२ ऐजन, पृष्ठ ३८, अनुच्छेद घ ।

५३ प्रस्तावना, अनुच्छेद ३, बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन ।

५४ अन्तरिम संविधान २०६३ को धारा ११६ र नेपालको संविधान २०७२ को धारा १२६(२) दुवैले सरकारका सबै निकाय तथा व्यक्तिहरुले सर्वोच्च अदालतको फैसलाहरुको पालन गर्नु पर्ने कुरा उल्लेख गरेको छ ।

५५ बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, दफा २२ र २६, www.lawcommission.gov.np हेर्नुहोस ।

५६ सुमन अधिकारी समेत विरुद्ध प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत, नेपाल कानून पत्रिका २०७१, अंक १२, निर्णय नं. ९३०३ ।

५७ राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरुद्ध नेपाल सरकार, नेपाल कानून पत्रिका २०६४, अंक २, निर्णय नं. ७८१७, लिलाधर भण्डारी समेत विरुद्ध नेपाल सरकार समेत, नेपाल कानून पत्रिका २०६५, अंक ९, निर्णय नं. ८०१२, अधिवक्ता माधवकुमार बस्नेत समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, नेपाल कानून पत्रिका २०७०, अंक ९, निर्णय नं. ९०५१ ।

५८ अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, नेपाल कानून पत्रिका २०७०, अंक ९, निर्णय नं. ९०५१ ।

५९ राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरुद्ध नेपाल सरकार, नेपाल कानून पत्रिका २०६४, अंक २ निर्णय नं. ७८१७ ।

अनुसन्धान गर्न सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नु पर्ने[६०] भनी सर्वोच्च अदालतले धेरै मुद्दाहरुमा बोलिसकेको छ । संक्रमणको समयमा अदालतको भूमिका जहिले पनि महत्वपूर्ण तथा चुनौतिपूर्ण हुन्छ, संक्रमणकालीन न्याय प्रक्रियाको शुरुवाती चरणमा अदालतले गरेको हस्तक्षेप नेपालमा विशेष देखिन्छ । यद्यपी नेपालको संक्रमणकालीन न्याय प्रक्रियाको ढाँचा निर्धारण गर्ने सन्दर्भमा नेपालको सर्वोच्च अदालतले खेलेको भूमिका पनि आलोचित बनेको छ ।[६१]

सर्वोच्च अदालतबाट असंवैधानिक ठहर भएको अध्यादेशको केही परिमार्जित संस्करणको रुपमा २०७१ साल वैशाखमा संसदबाट बेपत्ता पारिएको व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, (सत्य आयोग ऐन) २०७१ जारी भयो । सत्य आयोग ऐनले दुइवटा अलग अलग आयोग गठन हुने व्यवस्था गर्दै आयोगहरुलाई अनुसन्धान गर्ने र परिपूरण तथा अभियोजनको सिफारिश गर्ने कार्यादेश प्रदान गर्‌यो । तर सत्य आयोग ऐन सर्वोच्च अदालतको आदेश बमोजिम क्षमादान दिन नमिल्ने अपराधहरुको सूचि बनाउन भने असफल रहयो । तसर्थ नेपाल भरीका २३४ जना द्वन्द्व पीडितहरुले ऐनमा भएको क्षमादान र जवरजस्ती मेलमिलाप लगायतका केही प्रावधानहरुलाई चुनौती दिदै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरे । वि.सं. २०७१ साल फागुन १४ गते सर्वोच्च अदालतले सत्य आयोग ऐनका केही व्यवस्थाहरुलाई बदर घोषित गर्‌यो । सर्वोच्च अदालतले आयोगको क्षमादान सम्बन्धी अधिकारलाई अस्विकार गर्यो र मेलमिलापको लागि पीडितको सूसुचित एवम् स्वेच्छिक सहमति अनिवार्य हुनु पर्ने उल्लेख गर्दै आयोग लगायतका सम्बद्ध निकायहरुलाई संक्रमणकालीन न्याय प्रक्रिया अवलम्वन गर्दा सर्वोच्च अदालतका पूर्व फैसलाहरु र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गर्न समेत निर्देश गर्‌यो ।[६२]

३.२ सत्य आयोगहरु

माथि छलफल गरिएको रिट निवेदन सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा २०७१ साल माघ २७ गते सरकारले दुई वर्षे कार्यकाल भएको सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गरी दुई अलग अलग आयोग गठन गर्‌यो । उजुरीहरु उपर अनुसन्धान तथा छानविन गर्ने, पीडित तथा पीडकहरुको एकिन गर्ने, उल्लंघनका घटनाहरुको सत्य तथ्य जनसमक्ष ल्याउने, मानव अधिकार उल्लंघनको मूल कारणहरुको छानविन गर्ने, अभियोजनको सिफारिश गर्ने तथा पीडितहरुलाई परिपूरणको सिफारिश गर्ने लगायतका कार्यादेश आयोगहरुलाई रहेको छ ।[६३] सत्य आयोग ऐनमा क्षमादान सम्बन्धी व्यवस्था रहेको तर सो व्यवस्था सर्वोच्च अदालतबाट बदर घोषित भइसकेको छ । तथापी सर्वोच्च अदालतले निर्देश गरे बमोजिम सरकारले सत्य आयोग ऐनमा हालसम्म पनि संशोधन गरेको छैन । आयोगहरुको यो विभाजित कार्यादेश नै आयोगहरुले आफ्नो कार्य प्रभावकारी रुपमा गर्न नसक्नुको एउटा कारण हो ।

सत्य निरुपण आयोगले ६०,२९८ मानव अधिकार उल्लंघनका घटनाको र बेपत्ता आयोगले ३,०९३ बेपत्ता पारिएका घटनाहरुको उजुरी प्राप्त गरेको छ ।[६४] गैरकानूनी हत्या, यातना, विस्थापन, सम्पत्ति कब्जा, बलात्कार तथा यौनजन्य हिंसा, गैरकानूनी थुना, अपहरण र थुना, घाइते अपाङ्ग र बेपत्ता पारिएका लगायतका घटनाको उजुरी दर्ता भएका छन् । यी आयोगहरुको कार्यकाल दुइपटक थप गरिएको छ,[६५] तर यी दुई आयोगहरुले गरेको कुनै ठोस कामहरु हालसम्म सार्वजनिक गरिएको छैन । सत्य आयोगले आयोग समक्ष दर्ता भएका उजुरीहरुलाई लिङ्ग, जाति, उमेर वा अन्य मापदण्डको आधारमा वर्गिकरण समेत गरेको छैन ।

सत्य स्थापना गर्ने सम्बन्धमा आयोगहरुको असफलतालाई मध्यनजर गर्दै आयोगहरुमा २०७५ साल चैत्र महिना भित्र नयाँ पदाधिकारीहरु नियुक्त गर्ने गरी संसदले २०७५ साल माघ महिनामासत्य आयोग ऐनमा संशोधन गर्‌यो । सर्वोच्च अदालतका

६० अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, नेपाल कानून पत्रिका २०७० अंक ९, निर्णय नं. ९०५१ ।

६१ यस सम्बन्धमा माओवादीले सार्वजनिक रुपमा अदालतको आलोचना गरेको छः http://kathmandupost.ekantipur.com/news/2016-03-19/maoists-against-courts-dealing-with-war-era-cases.html

६२ सुमन अधिकारी समेत विरुद्ध प्रधान मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, नेपाल कानून पत्रिका २०७१, अंक १२, निर्णय नं. ९३०३ ।

६३ बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, दफा १३ ।

६४ वि.सं. २०७४ मंसिर महिनामा सत्य आयोग र बेपत्ता आयोगबाट प्राप्त तथ्यांक ।

६५ आयोगहरुको कार्यकाल हरेक पटक एक वर्षको लागि थप भएको छ, जुन पछिल्लो पटक २०७५ साल माघमा २०७६ सालसम्मको लागि थप भएको छ ।

पूर्व प्रधानन्यायाधीश अध्यक्ष, नागरिक समाजका प्रतिनिधी ३ जना सदस्य र मानव अधिकार आयोगको प्रतिनिधी पदेन सदस्य रहने गरी २०७५ साल चैत्र ११ गते सिफारिश समिति गठन गरियो । तथापी यो सिफारिश समितिले हालसम्म दुवै आयोगका पदाधिकारीहरु चयन गर्न सकेको छैन ।

स्मारक बगैंचा, बर्दिया, नेपाल । लुक मोफेटद्वारा लिइएको तस्विर

आयोगमा दर्ता भएको अत्याधिक ठूलो संख्याको उजुरी र आयोगको श्रोत साधन तथा क्षमताको सीमिततालाई हेर्दा थप गरिएको एक वर्षे कार्यकाल अत्यन्त अपर्याप्त देखिन्छ । यसबाहेक एक वर्षे कार्यकाल थप गर्नाले दिर्घकालीन योजना बनाउन धेरै कम समय प्राप्त हुन्छ र आयोगका आयुक्तहरु नियुक्त गर्ने प्रक्रिया ढिलो हुने क्रम पुनः दोहोरिएको छ । आयोगहरु र पीडित लगायतका सरोकारवालाहरुको विच विश्वासको कमी, आयोगका पदाधिकारीको चयनमा परामर्श नगरिनु र राजनीतिक रुपमा प्रेरित छनौट प्रक्रिया, सर्वोच्च अदालतको फैसला बमोजिम सत्य आयोग ऐनमा संशोधन गर्न सरकार असफल हुनु र आवश्यक कानूनी तथा संस्थागत संरचनाको अभाव लगायतका विविध चुनौतीहरु सत्य आयोग र बेपत्ता आयोगले शुरुदेखि नै झेल्नु पर्‌यो । यी चुनौतीहरु अत्यन्त जटिल रहेका र सो चुनौतीहरुलाई समाधान गर्न सरकारको राजनीतिक इच्छाशक्ति अत्यन्त कम भएको वा इच्छाशक्ति भएको पाइदैन ।

४ परिपूरण नीति तथा कार्यक्रम

द्वन्द्वकालमा भएका क्षति तथा मानव अधिकार उल्लंघनका घटनाहरुमा कुनै पनि व्यक्तिले क्षतिपूर्ति वा परिपूरणको लागि दावी गर्न सक्ने धेरै आधारहरु नेपाल कानूनले तय गरेको छ । स्रोत तथा प्रक्रियामा रहेको विविधताको कारणले प्रभावित व्यक्ति तथा परिवारले उपचार प्राप्त गर्न राज्यका विभिन्न संयन्त्र वा निकायहरुमा जानु पर्ने देखिन्छ, र जसले द्वन्द्वकालका पीडित-उत्तरजीवीहरु विच स्वेच्छाचारी तथा भेदभावपूर्ण व्यवहार हुन सक्ने सम्भावना रहन्छ ।

४.१ क्षतिपूर्ति सम्बन्धी कानूनको इतिहास

गलत काम गरेकोमा आर्थिक क्षतिपूर्ति प्रदान गर्ने विभिन्न क्षेत्रहरु नेपाल कानूनले निर्धारण गरेको छ । नेपाल कानूनमा पहिले देखि नै विद्यमान यी व्यवस्थाहरु पछिल्लो समयमा घटेका द्वन्द्वसँग सम्बन्धित घटनाहरुमा परिपूरणको कार्यक्रमको लागि सान्दर्भिक हुन्छन् र व्यक्तिहरुलाई द्वन्द्वकालमा भएका क्षतिहरुमा उपचारको पहुँचको लागि महत्वपूर्ण आधार हुन्छ । यद्यपी नेपालमा

दृष्कृती सम्बन्धी कानून नभएतापनि दुर्घटनामा भएको मृत्युमा क्रिया खर्च,[६६] शारिरीक क्षति पुगेकोमा औषधी उपचार खर्च[६७] र बलात्कारका पीडितलाई क्षतिपूर्ति[६८] लगायतका राहत सम्बन्धी व्यवस्था नेपालको पहिलो संहिताकरण गरिएको कानून मुलुकी ऐन १९१० मा समावेश गरिएको थियो ।[६९]

वि.सं २०२० मा परिमार्जन भएको मुलुकी ऐन र तत्पश्चात वि.सं. २०७५ सालसम्म भएका संशोधनमा क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई अगाडी बढाईएको थियो ।[७०] क्षतिपूर्ति प्रदान गर्ने दायित्व राज्यमा नभई पीडकमा रहेको थियो । उदाहरणको लागि मुलुकी ऐनको लुटपिट र कुटपिटको महलका विभिन्न दफाहरुमा पीडकले पीडितलाई उपचार खर्च व्यहोर्नु पर्ने व्यवस्था गरिएको थियो । निर्दलीय पञ्चायती व्यवस्थामा[७१] कुनै पनि व्यक्तिलाई पर्न गएको चोटपटमा केही क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था सहितको विभिन्न विशेष ऐनहरु लागू गरियो । निवारक नजरबन्द अन्तर्गत गैरकानूनी थुनामा राखिएका व्यक्तिहरुको क्षतिपूर्तिको अधिकारलाई सार्वजनिक सुरक्षा ऐन, २०१२ ले पनि सुनिश्चित गरेको थियो ।[७२]

यी कानूनी व्यवस्थाहरुले फौजदारी प्रकृतिका अपराधलाई संवोधन गर्ने भएतापनि यसका उल्लेखनीय सीमितताहरु रहेका छन् । आरोपित व्यक्तिको अपराध प्रमाणित नभएसम्म पीडितलाई क्षतिपूर्ति प्रदान गर्न नसकिने र यस सम्बन्धमा कुनै पनि व्यक्तिले देवानी दावी गर्न सक्दैन । यसका अतिरिक्त नेपाल जस्तो आर्थिक विकास भएको देशको लागि पनि कानुनद्वारा प्रदान गरिएको त्यस्तो क्षतिपूर्तिको रकम अत्यन्त न्यून रहेको छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन अनुसार पछिल्लो आर्थिक वर्षमा केवल ३५ देखि ३८ प्रतिशत फौजदारी मुद्दामा सफलता प्राप्त भएको छ ।[७३] तेस्रो, फौजदारी मुद्दा दर्ता गर्ने अधिकार सरकारी वकिलमा निहित रहेको हुँदा धेरै जसो फौजदारी मुद्दाहरु अदालत समक्ष पुग्दैनन् ।

आर्थिक वर्ष २०६४/०६५ मा जिल्ला सरकारी वकिलको कार्यालयले ९४२० मुद्दाहरु दर्ता गर्ने र १७७ मुद्दाहरु दर्ता नगर्ने निर्णय गरेको थियो । आर्थिक वर्ष २०६५/०६६ मा यी कार्यालयहरुले १४,१४२ मुद्दाहरु दर्ता गर्ने र ४८४ मुद्दाहरु दर्ता नगर्ने निर्णय गरेको थियो ।[७४] यो तथ्यांकले उल्लेखनीय मात्रमा फौजदारी मुद्दाहरु अदालतसम्म पुग्दैनन् भन्ने देखाउँछ । विद्यमान कानून अन्तर्गत मुद्दा दर्ता नभएतापनि क्षतिपूर्तिको दावी गरि मुद्दा दायर गर्न सक्ने व्यवस्था नभएको हुँदा त्यस्ता मुद्दाहरुमा पीडितहरुले क्षतिपूर्तिको दावी गर्न सक्दैनन् ।

कानूनको अगाडी समानता, वाक स्वतन्त्रता, संघसंस्था खोल्ने स्वतन्त्रता, धर्म सम्बन्धी हक र व्यक्तिगत आवासको सुरक्षाको हक लगायतका नेपालको नागरिकहरुका लागि धेरै नागरिक अधिकारको सुनिश्चितता गरिएको नागरिक अधिकार ऐन, २०१२ मा पहिलो पटक देवानी गल्तीमा क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गरियो ।[७५] यसले धर्म, जात, समुदाय, लिङ्ग वा अन्य कुनै पनि आधारमा गरिने भेदभाव, कुनै पनि व्यक्तिको सहमति विना निजलाई काममा लगाउने र कुनै कारखाना, खानी वा त्यस्तै जोखिमपूर्ण काममा १४ वर्ष मुनिका बालबालिकालाई काममा लगाउन निषेध गर्‌यो ।[७६] यी मध्ये कुनै अधिकारको उल्लंघन भएमा पीडित व्यक्तिलाई

---

६६ मुलुकी ऐन १९१० भएका २, ३, ४, ५ नम्बरमा मा ५० रुपैया देखि १०० सम्म क्रिया खर्च र १० रुपैया घाइतेलाई उपचार खर्च दिने व्यवस्था ।

६७ मुलुकी ऐन १९१०, कुटपीट तथा शारिरीक क्षतिको २ नं. र ३, ४, ७, ८ ।

६८ मुलुकी ऐन १९१० को जबरजस्ती करणीको महलको १ नं. ।

६९ तात्कालीन प्रधानमन्त्री जंगबहादुर राणा आफ्नो बेलायत भ्रमणबाट फर्किए पछि मुलुकी ऐन १९१० जारी गरेका थिए । यो ऐन देवानी तथा फौजदारी विषयहरुको व्याख्या, राजस्व संकलन, जग्गाधनी र मोही विचको सम्बन्ध, अन्तरजातिय विवादहरु र विवाह तथा पारिवारिक कानून सम्बन्धी प्रशासकिय कार्यविधी र कानूनी संरचनाहरुको संकलन थियो ।

७० मुलुकी फौजदारी संहिता २०७४ ।

७१ वि.सं. २०१७ सालमा पहिलो निर्वाचित संसदलाई हटाई संसदको विघटन गरे पश्चात राज महेन्द्रले पञ्चायती व्यवस्था थोपरेका थिए ।

७२ सार्वजनिक सुरक्षा ऐन २०१२, दफा १२ (क) ।

७३ महान्यायाधिवक्ताको कार्यालय, नेपालको वार्षिक प्रतिवेदन, २०७३ ।

७४ महान्यायाधिवक्ताको कार्यालयको प्रतिवेदन, हेर्नुहोस्: http://ag.gov.np/wp-content/uploads/2016/01/OAG-Nepal-annual-report_67_68-Nep.pdf

७५ नागरिक अधिकार ऐन, २०१२, दफा ३, ६ र १० ।

७६ ऐजन, दफा ४, १३ र १४ ।

कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति प्रदान गरिने व्यवस्था गर्‌यो ।[७७] तर सर्वोच्च अदालतको पूर्ण इजलाशबाट त्यस्तो क्षतिपूर्ति परिवारका सदस्यले नभई प्रत्यक्ष प्रभावित व्यक्तिले मात्र पाउने भनी क्षतिपूर्ति पाउने अधिकारलाई सीमित गर्‌यो ।[७८]

वि.सं. २०१७ सालमा राज महेन्द्रले नागरिकका सबै मौलिक अधिकारहरु प्रतिबन्धित गर्दै संविधान निलम्वन गरी, मन्त्रिपरिषद भङ्ग गरी, निर्वाचित संसद विघटन गरी निर्दलीय पञ्चायती व्यवस्था स्थापना गरे पश्चात ३० वर्षको लागि नागरिक अधिकार ऐन निष्प्रभावी रह्यो । तसर्थ, सो समयमा नागरिक अधिकार ऐन अन्तर्गत भएका नागरिक तथा राजनीतिक अधिकार विरलै प्रयोग गरियो । जे भएतापनि तीन दशक लामो निर्दलीय पञ्चायती व्यवस्थामा गैरराजनीतिक प्रकृतिका अधिकारहरु मात्र क्रियाशिल भए ।

२०४६ सालको जनआन्दोलन पश्चात मात्र मानव अधिकार उल्लंघनमा क्षतिपूर्ति दिनु पर्ने अवधारणाको विकास भयो ।[७९] उदाहरणको लागि यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐन, २०५३ र राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५४ नामक दुई विशेष प्रकृतिका कानूनहरु वि.सं. २०५४ सालमा मस्यौदा गरिए । यातना क्षतिपूर्ति सम्बन्धी ऐन अन्तर्गत यातनाको पीडितले यातना पाएको वा थुनाबाट मुक्त भएको ३५ दिन भित्र जिल्ला अदालतमा क्षतिपूर्तिको दावी गरि मुद्दा दायर गर्न सक्ने व्यवस्था गरियो ।[८०] तर कुनै पीडितको मृत्यु भएको वा अन्य कुनै कारणले मुद्दा दायर गर्न नसकेमा उसको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको वकिलले क्षतिपूर्तिको लागि मुद्दा दायर गर्न सक्ने व्यवस्था थियो ।[८१] प्रत्यक्ष पीडित बाहेक अरुलाई पनि लाभग्राही मानिएको यो नयाँ विकास थियो । सीमित हदम्याद यो ऐनको प्रमुख समस्या रहेको थियो । यातना तथा क्षतिपूर्ति सम्बन्धी ऐन मानव अधिकार उल्लंघनमा देवानी दावी गर्ने विस्तृत कार्यविधी भएको पहिलो कानून थियो । यसका अतिरिक्त क्षतिपूर्तिको रकम निर्धारण गर्ने मापदण्ड पनि यसले निर्दिष्ट गर्दछ ।

पीडित व्यक्तिलाई पर्न गएको शारिरीक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता, शारिरीक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास, उपचार हुन नसक्ने किसिमको शारिरीक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व, उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च, यातनाको कारणबाट पीडित व्यक्तिको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यहरुको संख्या र तिनीहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च र पीडितले दावी गरेका कुराहरु मध्ये उचित र उपयुक्त देखिएका कुराहरुलाई[८२] क्षतिपूर्ति निर्धारण गर्दा जिल्ला अदालतले ध्यानमा राख्नु पर्ने कुरा यातना क्षतिपूर्ति ऐनमा उल्लेख गरिएको छ । तर त्यस्तो क्षतिपूर्तिको अधिकतम रकम एक लाख रुपैयासम्म पीडित वा निजको परिवार विशेषगरी पति वा पत्नीलाई दिने व्यवस्था गरिएको छ ।[८३] कसैले बदनियत राखि उजुरी दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो उजुरी दिने व्यक्तिलाई पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।[८४]

वि.सं. २०७२ सालको संविधानले क्षतिपूर्तिको क्षेत्र अझ फराकिलो बनाएको छ । यसले विभिन्न प्रकारका पीडितहरुको क्षतिपूर्तिको अधिकार सुनिश्चित गरेको छ । जस अन्तर्गत अपराध पीडित,[८५] यातना पीडित,[८६] गैरकानूनी वा बदनियतपूर्वक थुनाका पीडित,[८७] छुवाछुत वा जातिय भेदभावका पीडित,[८८] लिङ्ग, धर्म, सामाजिक, साँस्कृतिक, परम्परागत अभ्यासका आधारमा गरिने शारिरीक,

---

७७ ऐजन, दफा १७ (३) ।

७८ द्रोण शम्सेर ज.ब.रा विरुद्ध इन्डियन एअरलाइन्स करपोरेशन, नेपाल, नेपाल कानुन पत्रिका, २०२२ अंक १ निर्णय नं. ३०१ ।

७९ २०४६ सालको जन आन्दोलन (जनआन्दोलन १) नेपालका धेरै राजनीतिक दलहरुको आन्दोलन थियो, जसले पूर्ण राजतन्त्रको अन्त्य गर्‌यो र संवैधानिक प्रजातन्त्रको शुरुवात गर्‌यो । यसले निर्दलीय पञ्चायती व्यवस्थाको पनि अन्त गर्‌यो ।

८० यातना क्षतिपूर्ति सम्बन्धी ऐन, दफा ५ (१) ।

८१ ऐजन, दफा ५ (२) ।

८२ ऐजन, दफा ८ ।

८३ ऐजन, दफा ६ (१) ।

८४ ऐजन, दफा ६ (२) ।

८५ नेपालको संविधान २०७२, धारा २१ (२) ।

८६ ऐजन, धारा २२ (२) ।

८७ ऐजन, धारा २३ (३) ।

८८ ऐजन, धारा २४ (५) ।

मानसिक, यौनजन्य, वा अन्य प्रकारका हिंसाका पीडित,[८९] र गुणस्तरहीन खानाको कारण पीडितहरु[९०] पर्दछन् । तर संविधानले परिकल्पना गरे बमोजिमको क्षतिपूर्ति पाउनमा प्रमुख बाधकको रुपमा आवश्यक कानूनको अभाव रहेको छ, जुन संविधान जारी भएको तीन वर्ष भित्र निर्माण गरिने अपेक्षा गरिएको थियो ।[९१] संविधानले सुनिश्चित गरेका अधिकारको कार्यान्वयनको लागि कानून न्याय, तथा संसदीय व्यवस्था मन्त्रालयले कानूनहरुको मस्यौदा गर्ने काम गरिरहेको छ । यसले संविधान कार्यान्वयनको लागि करिब ११० संघीय कानूनहरु, ११ प्रादेशिक कानूनहरु र ६ स्थानीय तहका कानूनहरु निर्माण गर्नु पर्ने भनी पहिचान गरेको थियो । त्यसैगरी कानून मन्त्रालयले ३१५ वटा ऐनहरु र २७० वटा नियमावलीहरु पनि संविधान अनुरुप संशोधन गर्नु पर्ने भनी पहिचान गरेको छ ।[९२] २०७४ सालमा जारी भएका देवानी तथा फौजदारी संहितामा क्षतिपूर्ति सम्बन्धमा केही परिमार्जन सहित त्यस्तै व्यवस्थाहरु राखिएका छन् । नयाँ संहिताले केही सीमित क्षेत्रमा दुष्कृति सम्बन्धी कानूनको पनि शुरुवात गरेको छ । जे भएतापनि यो व्यवस्था भूतप्रभावी नभई भविष्यप्रभावी रहेको छ ।

सशस्त्र द्वन्द्व पश्चात कानूनी संरचनाहरुमा उल्लेखनीय परिवर्तन भएको भएतापनि विशेष गरी सशस्त्र द्वन्द्व पीडित/प्रभावितहरुको लागि नेपाली कानून प्रणाली प्रभावकारी बनाउन कानूनको कार्यान्वयन तथा कानूनको पालनामा भएको समस्या नै प्रमुख समस्याको रुपमा रहेको छ । यसका अतिरिक्त, संविधानका केही व्यवस्थाहरुले पीडकलाई नै क्षतिपूर्ति तिर्ने दायित्व प्रदान गर्दछ ।[९३] तर क्षतिपूर्ति प्रदान गर्न अपराध स्थापीत हुनु पर्ने र पीडक कसुरदार ठहरिनु पर्ने भएकोले पीडकबाट नै क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था व्यवहारमा समस्याग्रस्त हुनसक्छ । अझ पीडकको आर्थिक अवस्था कमजोर भएको अवस्थामा क्षतिपूर्ति कहाँबाट दिने भन्ने व्यवस्था नेपाल कानूनमा नभएको कारण त्यस्तो अवस्थामा पीडितले प्रभावकारी र पर्याप्त क्षतिपूर्ति नपाउने जोखिम रहन सक्छ । त्यसकारण, नेपालको नयाँ संविधानमा विभिन्न प्रकारका अधिकार र त्यसको लागि महत्वाकांक्षी कानूनी कार्यक्रमहरुको व्यवस्था गरेको भएतापनि क्षतिपूर्तिको अधिकारलाई उचित रुपमा सुनिश्चित गर्न असफल रहेको छ ।

४.२ विस्तृत शान्ति सम्झौता पूर्वको परिपूरणीय उपायहरु

गृह मन्त्रालयले लामो समयदेखि मन्त्रिपरिषदको निर्णय बमोजिम दैवी प्रकोपका पीडितहरुलाई घटनाहरुको आधारमा क्षतिपूर्ति प्रदान गर्दैआएको छ । वि.सं. २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापना भएपश्चात पञ्चायती शासन कालका राजनीतिक दमनका पीडितहरुलाई सहायता प्रदान गर्न गृह मन्त्रालयको सोही एकाईलाई जिम्मेवारी दिइयो । त्यसैगरी, गृहमन्त्रालयको सोही एकाईलाई तदर्थ रुपमा द्वन्द्वकाल (२०५२ साल देखि २०६३ सालसम्म) का पीडितहरु, विशेष गरी माओवादीबाट पीडित भएका व्यक्ति तथा निजका परिवारलाई, तत्काल आर्थिक सहायता प्रदानत गर्ने जिम्मेवारी दिइयो ।[९४] त्यस्तो सहायता प्राप्त गर्न पीडितहरुले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनु पर्ने र कसलाई क्षतिपूर्ति दिने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार जिल्ला सुरक्षा समितिलाई थियो । सुरक्षा समितिले दर्ता भएको निवेदन, प्रहरी प्रतिवेदन, चिकित्सकको प्रमाण कागज तथा अन्य सम्बद्ध कागजातहरुको आधारमा निर्णय गर्दथ्यो । तर पीडितहरुको वर्गिकरण गर्ने र क्षतिपूर्तिको रकम निर्धारण गर्ने कुनै पनि कार्यविधी थिएन । तसर्थ यसलाई व्यापक रुपमा दुरुपयोग गरियो र त्यस समयमा शक्तिमा भएका राजनीतिक दलका कार्यकर्ताहरुलाई फाइदा हुने गरि प्रायः यसको प्रयोग गरियो ।

८९ ऐजन, धारा ३८ (३) ।

९० ऐजन, धारा ४४ (२) ।

९१ ऐजन, धारा ४७ ।

९२ http://www.moljpa.gov.np/wp-content/uploads/2018/03/नेपालको संविधान कार्यान्वयन गर्न आवश्यक कानून सम्बन्धी विवरण पुस्तिका.pdf

९३ नेपालको संविधान २०७२, धारा २९ (५) र धारा ३९ (१०) ।

९४ द्वन्द्वको क्रममा जब सशस्त्र द्वन्द्व अत्यन्त तिव्र थियो र पीडितहरुको संख्यामा वृद्धि हुँदै थियो, वि.सं. २०५६ सालमा सरकारले माओवादीबाट पीडित भएका व्यक्तिहरुलाई तत्काल राहत दिन "गणेशमान सिंह शान्ति अभियान" शुरु गर्‌यो ।

मारिएका व्यक्तिहरुलाई एकपटक आर्थिक सहायता दिने र घाइते वा अपाङ्गता भएका व्यक्तिहरुलाई उपचार खर्च दिने लगायतका कार्य यस्तो सहायतामा पर्दथ्यो । द्वन्द्वकालमा माओवादीबाट हत्या गरिएका धेरै घटनाहरुमा सरकारले १,५०००० (एकलाख पचास हजार रुपैया) प्रदान गरेको थियो ।

त्यसैगरी माओवादीबाट सम्पत्ति क्षति गरिएका, लुटपाट गरिएका वा जलाइएका व्यक्तिहरुलाई पनि आर्थिक सहायता प्रदान गरिएको थियो । वि.सं.२०५६ सालमा "गणेशमान शान्ति अभियान" नाम कार्यक्रम स्थापना गरी सरकारले यस्ता सहायताहरुलाई व्यवस्थित गर्ने प्रयास गर्‌यो ।[९५] त्यसैगरी वि.सं. २०५९ सालमा सरकारले "द्वन्द्वपीडित कोष" को स्थापना गरी द्वन्द्व पीडितलाई सहयोग गर्ने कार्यलाई अझ विस्तार गरेको थियो ।[९६] तर त्यस्तो सहायता वितरण गरिएको आधिकारीक अभिलेख भने छैन । यी सहायताहरु पनि तदर्थ रुपमा प्रदान गरिएका र विशेष गरी सत्तामा रहेको राजनीतिक दलसँग सम्बद्ध भएका व्यक्तिहरुको पहुँचमा रहेको थियो ।[९७]

जे भएतापनि, जब द्वन्द्वले उग्र रुप लियो, सुरक्षाकर्मीबाट पीडित भएका व्यक्तिहरुलाई पनि तत्कालीन राहत कार्यक्रममा समावेश गरियो । उदाहरणको लागि, शक्तिको प्रयोग गर्दा वा सोधपुछको क्रममा सुचनाहरु लिने क्रममा सुरक्षाकर्मीको लापरवाहीका कारण मारिएका व्यक्तिहरुलाई पनि आर्थिक सहायता प्रदान गरिएको थियो ।[९८] त्यसैगरी माओवादीबाट मानव ढालका रुपमा प्रयोग भएका व्यक्तिहरु पनि दोहोरो भिडन्तमा मारिएमा त्यस्ता नागरिकहरुलाई पनि आर्थिक सहायता प्रदान गर्न थालियो ।[९९]

४.३ विस्तृत शान्ति सम्झौता पश्चातका परिपूरणका उपायहरु

नेपालमा द्वन्द्वपश्चातको समयको परिपूरणीय उपायहरुको प्रमुख स्रोतको रुपमा विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका राहत, क्षतिपूर्ति, पुनर्स्थापना सम्बन्धी प्रावधानहरुका साथसाथै नेपालको अन्तरिम संविधानले वाचा गरेका विविध परिपूरणीय उपायहरु पनि हुन् । विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संबिधान (वि.सं. २०६३ सालको) का प्रावधानहरु अनुरुप नेपाल सरकारले अवलम्वन गरेका बहुसङ्ख्यक उपायहरु उपायहरुलाई परिपूरणीय उपायको रुपमा हेर्न सकिन्छ । ती उपायहरुको बारेमा संक्षिप्त रुपमा छलफल गर्दै क्षतिपूर्ति तथा निवारण सम्बन्धमा भएका बहुसङ्ख्यक कार्यक्रमहरुले निम्त्याएका जटिलताहरुबारे यस परिच्छेदले प्रकाश पार्नेछ ।

वि.सं. २०६३ साल फागुन १५ गते मन्त्रिपरिषदले आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी निर्णय गरेको थियो । मन्त्रिपरिषदबाट भएको उक्त निर्णय अनुरुप स्पष्ट निर्देशिका बनाएर नेपाल सरकारले आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई प्रदान गर्ने 'आर्थिक सहायता'लाई संस्थागत गरेको छ ।[१००] आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुले उल्लिखित सहायता प्राप्त गर्न सम्बन्धित प्रमुख जिल्ला अधिकारी मातहतको जिल्ला पहिचान समितिमा आफ्नो नाम दर्ता गर्नु पर्ने र जसले आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुको पहिचान गरी सहायताको लागि सिफारिश गर्दछ । आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्नुको उद्देश्य ती विस्थापित व्यक्तिहरुलाई आफ्नो घर फर्कन सहयोग पुर्‌याउनु थियो । यस कार्यक्रम अन्तर्गत, यातायात खर्चको निम्ति ३०० रुपैया देखि १००० रुपैयासम्म (अमेरिकन डलर ३ देखि १०), दुई महिनासम्मकोलागि खाद्यान्न भत्ताको लागि ६० रुपैया (अमेरिकन डलर ६), घर मर्मत संभारका निमित्त ५००० रुपैया (अमेरिकन डलर ५०) वा एक पटकको लागि घर निर्माण खर्च १०,००० रुपैया (अमेरिकन डलर १००) र विस्थापित भएका व्यक्तिहरुको बालबालिकाहरुलाई शैक्षिक सहायता प्रदान गर्न प्रत्येक बालबालिकाहरुलाई एक पटकको लागि १,००० रुपैया (अमेरिकन डलर १०) लगायतका सहायताहरु यस कार्यक्रममा समावेश गरिएका थिए । अझ उक्त कार्यक्रम अन्तर्गत कृषि विउँ

९५ एड्भोकेसी फोरम, डिसक्रिमिनेशन एण्ड इरेगुलारिटिज्, द पेनफुल टेल अफ द इन्टरिम रिलिफ इन नेपाल, पृष्ठ ७ ।

९६ ऐजन ।

९७ माओवादीबाट पीडित भएका व्यक्तिहरुसँग गरिएको अन्तर्वार्ता (नामहरु गोप्य राखिएको) ।

९८ मैना सुनुवारको मृत्यु सोधपुछ गर्ने क्रममा सेनाका व्यक्तिहरुकको लापरवाहीको कारण भएको थियो भनी जनरल सैनिक अदालतले पत्ता लगाएको थियो । जनरल सैनिक अदालतको निर्णय २०६२ भाद्र २३ गते भएको थियो ।

९९ गुलरिया नगरपालिका अन्तर्गतको गणेशपुर गाउँमा बस्ने पौरसा अधिरको परिवारसँग गरिएको अन्तर्वार्ताको आधारमा ।

१०० द्वन्द्वका कारण विस्थापित व्यक्ति तथा परिवारलाई राहत सुविधा प्रदान गर्ने निर्देशिका, २०६३ ।

बिजन खरिद गर्नको लागि १०,००० रुपैया (अमेरिकन डलर १००) र कृषि, व्यवसाय तथा साना उद्योगसँग सम्बन्धित उपकरणहरु खरिद गर्नको लागि १०,००० रुपैया (अमेरिकन डलर १००) निर्व्याजी रुपमा एक पटकको लागि ऋण उपलब्ध गराउने व्यवस्था पनि समावेश गरिएको थियो । त्यस्तो ऋण पाँच वर्ष पश्चात भुक्तान गर्नु पर्ने व्यवस्था थियो ।[१०१] यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा (सन् २०७३–०७४) जम्मा ७९,५७१ जना आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरु लाभांवित भएका छन् भने जम्मा २४,०१,४४,००० रुपैया (अमेरिकन डलर २,४०१,४४०) खर्च भएको छ ।[१०२] नेपाल सरकार र विभिन्न अन्तर्राष्ट्रिय दातृ निकायको वित्तिय सहयोग रहेको नेपाल शान्ति कोषबाट यो कार्यक्रमले निरन्तरता पाईरहेको छ । फलस्वरुप, यस कार्यक्रम अन्तर्गतका लाभाग्राहीको कूल संख्या र खर्च भएको कूल रकमको पूर्ण विवरण यस कार्यक्रमको उत्तरार्द्धमा मात्र प्राप्त हुनेछ । आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुले घर फिर्ता हुन चाहेको अवस्थामा त्यस्ता व्यक्तिहरुले मात्र यस्तो आर्थिक सहायता पाउने तर घर फर्कन नचाहेका व्यक्तिहरुलाई लागि अन्य वैकल्पिक क्षतिपूर्ति प्रदान गरिने व्यवस्था थिएन ।

आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरु मध्ये अधिकांश व्यक्तिहरु आफ्नो घर फर्किसकेको भएतापनि माओवादीले कब्जा गरेको आफ्नो सम्पतिहरु हालसम्म पनि फिर्ता नगरेका कारण अन्य धेरै विस्थापित व्यक्तिहरु हालसम्म पनि घर फर्कन अनिच्छुक रहेका छन् । उक्त कब्जा गरिएका सम्पतिहरु पीडित तथा विस्थापितहरुलाई फिर्ता गराउन न सरकार नत सत्य आयोगले नै पहल गरेको पाईन्छ । प्रशासकीय परिपूरणीय उपायहरुको निर्माण र कार्यान्वयन गर्ने उद्देश्य अनुरुप द्वन्द्वका क्रममा विस्थापित भएका व्यक्तिहरु, उनीहरुको परिवार र क्षति भएका संरचनाहरुको तथ्यांक संकलन गर्न नेपाल सरकारले वि.सं. २०६४ जेष्ठ २७ मा कार्यदलको गठन गर्यो ।[१०३] उक्त कार्यदलले मारिएका, बेपत्ता पारिएका, आन्तरिक रुपमा विस्थापित भएका, सम्पति कब्जा गरिएका, घाइते, अपाङ्गता भएका, अपहरणमा परेका, गैरकानुनी रुपमा थुनामा राखिएका, चिकित्सकीय उपचार पाउनु पर्ने अन्य व्यक्तिहरु लगायत विभिन्न दश प्रकारका द्वन्द्वबाट प्रभावित भएका व्यक्तिहरुको पहिचान गरेको छ । उक्त कार्यदलले १८,०३० व्यक्तिको मृत्यु भएको, १,६१३ जना व्यक्तिहरु बेपत्ता पारिएको, ८०,२२२ जना आन्तरिक रुपमा विस्थापित भएका, ९,८२० व्यक्ति अपाङ्ग भएका, ३,८९३ जना अपहरण वा जबर्जस्ती अपहरणमा परेका, २,०९४ व्यक्तिहरु गैरकानुनी रुपमा थुनामा राखिएका, ६८९ बालबालिका अनाथ भएका, र १,७३५ जना चिकित्सकीय उपचार पाउनु पर्ने घाइते व्यक्तिहरु रहेको तथ्याङ्क दस्तावेजमा समावेश गरेको छ ।[१०४] घाइते भएका व्यक्तिहरुको मूल्यांकन कसरी गरियो भन्ने सम्बन्धमा अझ विस्तृत रुपमा तल उल्लेख गरिएको छ । यातना र यौनजन्य हिंसाका पीडितहरुलाई कार्यविधी तथा निर्देशिकाहरुले द्वन्द्व पीडितको रुपमा परिभाषित गर्न नसकेको कारण यी वर्गका पीडितहरु यसबाट पूर्णत: बाहिर परेका छन् । माथि उल्लिखित पीडितहरुको वर्गीकरणको बारेमा मात्र कार्यटोलीको कार्य शर्तहरुमा उल्लेख गरिएको कुरा कार्यदलका सदस्यहरुले यस प्रतिवेदनको लेखकलाई जानकारी गराएका छन् ।

यद्यपी तथ्याङ्क संकलन गर्ने विधि विवादस्पद र अपारदर्शी रहेको थियो । कार्यदलका सदस्यको भनाईअनुसार,[१०५] पीडितहरुको निवेदनका साथै अन्य विभिन्न स्रोतबाट जानकारीहरु संकलन गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) को हो । जिल्ला प्रशासन कार्यालयले सम्पूर्ण जानकारी प्राप्त गरिसकेपछि त्यसको सूची कार्यदललाई पठाउनु पर्ने हुन्छ । कार्यदलले जिल्ला प्रशासन कार्यालयबाट जानकारी एवम् सुचना प्राप्त गरेपश्चात, उक्त सुचनालाई प्रमाणित गरेपश्चात आफ्नो प्रतिवेदन शान्ति तथा पुनर्निर्माण मन्त्रालयमा पेश गर्दछ । उक्त तथ्याङ्क प्राप्त गरेपश्चात परिपूरणीय उपायहरुको विवरण, लाभग्राहीको एकिन् तथा परिभाषित गरी उक्त सुविधाहरु प्राप्त गर्न आवश्यक प्रकृयाहरु सम्बन्धी विस्तृत नीतिगत कागजातहरु सरकारले तयार गर्यो । यसलाई 'आर्थिक सहायता तथा राहत सम्बन्धी मापदण्ड' (मापदण्ड) भनी नामाकरण गरिएको छ ।[१०६]

---

१०१ ऐजन, दफा २ र ५ ।

१०२ शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको राहत तथा पुनर्स्थापना एकाइबाट प्राप्त तथ्यांक ।

१०३ यस प्रयोजनको लागि पाँच वटा कार्य समूहहरु गठन भएका थिए । पहिलो कार्य समूह २०६४ साल जेष्ठ २७ गते देखि २०६५ साल भाद्र २६ सम्म, दोस्रो वि.सं. २०६५ साल कार्तिक ११ गते देखि २०६६ साल आषाढ ११ गते सम्म, तेस्रो २०६६ साल भाद्र १० गते देखि २०६८ आषाढ ११ गते सम्म, चौथो वि.सं. २०६८ कार्तिक ८ गते देखि २०६९ आषाढ ३० सम्म र पाँचौ वि.सं. २०७१ साल माघ ५ गते देखि २०७२ साल वैशाख ५ गते सम्म गठन भएका थिए । नेपालको दश वर्षे शान्ति प्रक्रिया (२०६३ देखि २०७३ सम्म), शान्ति तथा पुनर्निर्माण मन्त्रालय, पृष्ठ ८० ।

१०४ नेपालको दश वर्षे शान्ति प्रक्रिया (२०५२ देखि २०६३ सालसम्म), शान्ति तथा पुनर्निर्माण मन्त्रालय, पृष्ठ ८३ ।

१०५ पाँचौ कार्यलदका सदस्य भोजराज तिमिल्सीनासँग वि.सं. २०७४ साल मंसिर २६ गते लिइएको अन्तर्वार्ता ।

१०६ द्वन्द्व पीडितहरुलाई प्रदान गर्ने आर्थिक सहायता तथा राहत सम्बन्धी मापदण्ड (मापदण्ड) २०६४ ।

उक्त मापदण्ड निर्माण भए पश्चात, नेपाल सरकारले वि.सं. २०६४ साल फागुन २७ गते मारिएका व्यक्तिका परिवार वा आफन्तलाई रु. १,००,०००। (अमेरिकन डलर १,०००) आर्थिक सहायता प्रदान गर्ने निर्णय गर्यो । द्वन्द्वको समयमा मारिएका व्यक्तिहरुको परिवार तथा आफन्तहरुलाई आर्थिक सहायता प्रदान गर्न सो सहायता बितरण गर्ने प्रकृया र संयन्त्रहरु सम्बन्धमा नेपाल सरकारले कार्यवीधि निर्देशिका ल्याई आर्थिक सहायता वितरण गर्ने प्रकृयालाई अझ विस्तार गरेको थियो ।[१०७] यो कार्यक्रम अन्तर्गत वि.सं. २०६४ सालमा नेपाल सरकारले मृतकका आफन्तहरुलाई आर्थिक सहायता स्वरुप रु. १,००,००० (अमेरीकन डलर १,०००) उपलब्ध गराएको थियो ।[१०८] तत्पश्चात यो निर्देशिकामा भएको संशोधन अनुरुप मृतकका आफन्तहरुलाई उपलब्ध गराइएको आर्थिक सहायता रकममा नेपाल सरकारले वृद्धि गरी रु.१०,००,०००। (अमेरिकन डलर १०,०००) पुर्याएको छ ।[१०९] यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्ष सम्ममा जम्मा १४,४१८ परिवारहरु लाभांवित भएका र कूल रु.१४,४१,८०,००,००० (अमेरिकन डलर १४,४१,८०,०००) रकम खर्च भएको थियो ।[११०] यस कार्यक्रमको अवधिभर विश्व बैंक र नेपाल सरकारले प्रत्यक्ष रुपमा वित्तिय सहयोग प्रदान गरेको थिए ।

अधिकांश वेपत्ता पारिएका व्यक्तिहरुको परिवारका सदस्यहरुले आर्थिक सहायता प्राप्त गर्नको लागि आफ्ना वेपत्ता भएका व्यक्तिहरुलाई मारिएका व्यक्तिहरुको रुपमा दर्ता गरेका थिए ।[१११] उक्त सहायता प्राप्त गर्नको लागि झूठा व्यहोरा तथा जानकारीहरु प्रदान गर्नु पर्ने भएकोले पीडितहरुको लागि यो कार्य समस्यापूर्ण रहेको थियो । पीडितहरुको सत्य, न्याय र परिपूरणको अधिकार सम्बन्धमा भविष्यमा पर्ने सक्ने प्रतिकुल असरको बारेमा नसोची अधिकारीहरुले ती दावीहरुलाई स्विकार गरे । नेपालको अंशवण्डा सम्बन्धी कानुनले व्यक्ति बेपत्ता पर्न सक्ने अवस्थाको परिकल्पना गरेको छैन । तसर्थ बेपत्ता भएका व्यक्तिहरुको परिवारका सदस्यहरुले सम्पत्ति हस्तान्तरणमा गर्न सक्दैन तर प्रमाण ऐनको दफा ३२ ले कुनै पनि व्यक्ति लगातार १२ वर्षसम्म सम्पर्कविहिन रहेको अवस्थामा निजको मृत्यु भएको अनुमान गरी निजको सम्पत्ति हस्तान्तरण हुनसक्नेछ भन्ने व्यवस्थाको परिकल्पना गरेको छ ।[११२]

द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिहरुका परिवार सदस्यहरुले मृत्यु भएका व्यक्तिका परिवारहरुलाई उपलब्ध गराईए सरहको आर्थिक सहायता उपलब्ध गराईनु पर्ने माग राखेका थिए । बेपत्ता पारिएका व्यक्तिका परिवारलाई तत्काल राहत प्रदान गर्नुपर्ने कुरा राज्यको दायित्व भएको कुरालाई विशेष रुपमा उल्लेख गर्दै भएको सर्वोच्च अदालतको फैसलाले द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिहरुका परिवारका सदस्यहरुको परिपूरणको मागलाई थप समर्थन गरेको पाईन्छ ।[११३] माओवादीका तात्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेतृत्व गर्नुभएको सरकारले बेपत्ता पारिएका व्यक्तिहरुको परिवारका सदस्यहरुलाई पनि मारिएका व्यक्तिका परिवारलाई उपलब्ध गराए सरहको समान रकम प्रदान गर्ने निर्णय गर्यो ।[११४] उक्त निर्णयलाई कार्यान्वयन गर्न सरकारले सहायता उपलब्ध गराउने सम्बन्धी विस्तृत प्रकृया र संयन्त्रको उल्लेख गर्दै कार्यविधी लागू गरेको थियो ।[११५] पछि उक्त उपलब्ध गराईने आर्थिक सहायता रकममा वृद्धि गरि रु. १००,०००० (अमेरिकन डलर १०,०००) पुर्याईएको थियो ।[११६] यस कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षसम्ममा जम्मा १,५३० जना वेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरु लाभांवित भएका र यसमा जम्मा रु.१,५३,००,००,००० (अमेरिकन डलर १५,३००,०००) रकम खर्च भएको थियो ।[११७] यद्यपी, विभिन्न समयमा बितरण

---

१०७ मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६४ ।

१०८ २०६४ साल फागुन २७ गतेको मन्त्रिपरिषदको निर्णय र मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६४ ।

१०९ मृतकका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६४, दफा १७ ।

११० शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको राहत तथा पुनर्स्थापना एकाइबाट प्राप्त तथ्यांक ।

१११ मानवअधिकार उच्चायुक्तको कार्यालय र संक्रमणकालीन न्याय केन्द्र, राहत देखि परिपूरण सम्म, पीडितहरुको आवाजको सुनुवाई, (२०११) पृष्ठ २१, हेर्नुहोस https://www.ictj.org/sites/default/files/ICTJ-NPL-Relief-to-Reparations-Report-2011-English.pdf

११२ वियोइन्ड रिलिफः एड्रेसिंग राइट्स् एण्ड निड अफ नेपाल्स् वाइफ अफ द डिसअपेयर्ड, आइसिटिजे, अगष्ट २०१३, https://www.ictj.org/sites/default/files/ICTJ-Briefing-Nepal-WivesofDisappeared-2013.pdf, p7.

११३ राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरुद्ध नेपाल सरकार, नेपाल कानून पत्रिका २०६४, अंक २, निर्णय नं. ७८१७ ।

११४ २०६५ साल कार्तिक २० गतेको मन्त्रिपरिषदको निर्णय ।

११५ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई आर्थिक सहायता प्रदान गर्ने निर्देशिका, २०६४ ।

११६ बेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने (प्रथम संशोधन) निर्देशिका, २०६४, दफा १५ ।

११७ शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गतको राहत तथा पुनर्स्थापना एकाइबाट प्राप्त तथ्यांक ।

गरिएको सो आर्थिक सहायता रकमले परिपूरणीय प्रकृया कमजोर बनाएको वा उक्त रकम आधारभूत सुविधाहरुको प्राप्तीको लागि खर्च गरिएको भन्ने देखाउँछ, जहाँ सरकारले प्रारम्भमा रु.१,००,००० (अमेरिकन डलर १,०००) सहायता प्रदान गरेको थियो, तत्पश्चात रु.२,००,००० (अमेरिकन डलर २,०००) रकम, तत्पश्चात पुनः रु.२,००,००० (अमेरिकन डलर २,०००) र पछिल्लो समयमा थप रु.५,००,००० (अमेरिकन डलर ५,०००) रकम मारिएका र वेपत्ता पारिएका व्यक्तिहरुका परिवारलाई उपलब्ध गराइएको थियो ।

> माथि उल्लेख गरिएको आर्थिक सहायताले परिवारमा आन्तरिक द्वन्द्वको अवस्था निम्त्याउनुका साथै पीडितहरुलाई दीर्घकालीन रुपमा जीवनयापन गर्नको निमित्त नयाँ व्यापार व्यवसाय गर्ने वा घर व्यवहारमा लगानी गर्नबाट रोक्यो ।[११८] वेपत्ता पारिएका व्यक्तिहरु मध्ये एकजनाको पत्नीको भनाई अनुसार, "किस्तामा उपलब्ध गराइएको आर्थिक सहायतामध्ये ७५ प्रतिशत रकम मैले प्राप्त गर्थे र २५ प्रतिशत रकम श्रीमानको परिवारका सदस्यहरुले प्राप्त गर्नुहुन्थ्यो । किनभने शुरुवाति दिनहरुमा सरकारबाट उपलब्ध गराईने आर्थिक सहायता मेरो श्रीमानको परिवारका सदस्यहरुले मात्र प्राप्त गर्नुहुन्थ्यो तर मैले मेरो श्रीमानको नाममा रहेको सम्पत्तिमा आफ्नो पनि हक कायमका लागि मुद्दा दायर गरे पछिमात्र मैले पनि आर्थिक सहायता पाउन थालेको हुँ । यसकारण, मैले जम्माजम्मी ७५ प्रतिशत प्राप्त गर्दछु र श्रीमानको परिवारका सदस्यहरुले २५ प्रतिशत रकम प्राप्त गर्नुहुन्छ । मेरो श्रीमानको नाममा भएको सम्पत्ति प्राप्त गर्नको लागि मैले करिब चार वर्ष छ महिना जति सङ्घर्ष गर्नुपरेको थियो.....उपलब्ध गराईने आर्थिक सहायता रकमको दर फरक हुन्थ्यो जस्तै कहिलेकाही रु. १,००००० (अमेरिकन डलर १,०००), काहिलेकाही रु ५०,००० (अमेरिकन डलर ५००) भने काहिलेकाही रु. २०,००० (अमेरिकन डलर २००) उपलब्ध गराईन्थ्यो । यसरी किस्तावन्दीमा उपलब्ध गराईएको आर्थिक सहायता रकम हामीले कुनै पनि व्यवसायमा लगानी गर्न सकेनौ तर यदि हामीले एकमुष्ठ रुपमा अनुमानित दश लाख रकम प्राप्त गर्न सकेको भए त्यसले हाम्रो जीवनस्तरमा परिवर्तन ल्याउन सक्थ्यो ।"[११९]

वेपत्ता पारिएका व्यक्तिहरुको श्रीमती मध्ये अर्कीले पनि राहत भुक्तानी सम्बन्धमा त्यस्तै धारणा व्यक्त गर्नुभएको छ, जुन रकम उहाँले निम्न कुरामा खर्च गर्नु भयो,

> "तत्कालिन उपचार खर्च गरिएको । केही रकम मेरो बच्चाको शिक्षामा र केही रकम घरव्यवहारमा खर्च गरिएको । यदि उपलब्ध गराइएको आर्थिक सहायता रकम एकै पटक उपलब्ध गराइएको भए राम्रो हुने थियो । तर किस्तामा उपलब्ध गराइएकाले केही सानातिना काममा उक्त रकम खर्च गरियो र अहिले सहायता रकम सकियो ।"[१२०]

प्रशासकिय परिपूरणका कार्यक्रमहरुको प्रारम्भमा दुई प्रकारका पीडितहरुलाई आर्थिक सहायता उपलब्ध गराउने कार्यक्रमको शुरुवात पीडित केन्द्रित रुपमा भन्दा पनि राजनीतिक दबावको आधारमा सिर्जना भएको जस्तो देखिन्छ । आर्थिक सहायता कार्यक्रमले समेटिएका अधिकांश पीडितहरु या त तात्कालिन माओवादी वा तत्कालिन सरकार संचालनमा रहेको नेपाली काङ्ग्रेस पार्टीसँग सम्बद्ध भएका वा सुरक्षा निकायका परिवारका सदस्यहरु रहेको मानिन्थ्यो । जे भएतापनि विभिन्न मापदण्ड र सर्वोच्च अदालतको निर्देशनहरुलाई मध्यनजर गर्दै सरकारले अन्य प्रकृतिका द्वन्द्व पीडितहरुलाई पनि समेट्ने गरी प्रशासकीय परिपूरणका कार्यक्रमहरु अझ बिस्तार गर्यो । सर्वोच्च अदालतले विभिन्न मुद्दाहरुमा कुनै पनि प्रकारको भेदभाव विना द्वन्द्व पीडितहरुको आवश्यकतालाई संवोधन गर्न आवश्यक उपायहरु अवलम्वन गर्न सरकारलाई निर्देशन दिएको थियो ।[१२१] राजेन्द्र ढकालको मुद्दामा जवरजस्ती बेपत्ता पारिएका व्यक्तिलाई मात्र नभइ उनीहरुको परिवार र आफन्तका साथै अन्य गम्भीर मानव अधिकार उल्लंघनका पीडितहरुको उपचार सुनिश्चित गर्नु पर्ने अन्तर्राष्ट्रिय कानुन अन्तर्गतको नेपालको दायित्वलाई सर्वोच्च अदालतले पुनःउदृत गरेको छ ।[१२२]

---

११८ एन०३ सँग लिइएको अन्तर्वार्ता, २०७५ साल वैशाख ।

११९ एन१५ सँग लिइएको अन्तर्वार्ता, २०७५ साल वैशाख ।

१२० एन२२ सँग लिइएको अन्तर्वार्ता, २०७५ साल वैशाख ।

१२१ भिमप्रकाश ओली विरुद्ध नेपाल सरकार, २०६१ सालको रिट नं. ३३९४, निर्णय मिति २०६२ साल माघ १९ गते, भोजराज तिमल्सिना विरुद्ध नेपाली कांग्रेस समेत, २०६३ सालको रिट नं. ०९२०, निर्णय मिति २०६४ साल पौष २ गते ।

१२२ राजेन्द्रप्रसाद ढकालको हकमा रविन्द्रप्रसाद ढकाल विरुद्ध नेपाल सरकार, नेपाल कानून पत्रिका २०६४, अंक २ निर्णय नं. ७८१७ ।

यस निर्णय अनुसार मानव अधिकार उल्लंघनका पीडितहरुलाई तत्काल राहत उपलब्ध गराउन सरकारले आवश्यक उपायहरु अवलम्वन गर्नु पर्ने हुन्छ । सोही अनुरुप वि.सं. २०६६ साल पौषमा 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी लागू गरि अझ विस्तृत प्रशासनिक परिपूरणीय उपायको थालनी गरियो ।[१२३] विस्तृत शान्ति सम्झौता पश्चात भएका राजनीतिक तथा अन्य प्रकारका हिंसाका पीडितहरुलाई समेत क्षतिपूर्ति, राहत तथा आर्थिक सहायता उपलब्ध गराउनको लागि यो कार्यविधीले क्षेत्र विस्तार गर्यो । उक्त कार्यविधीको क्षेत्र विस्तार गरी राजनीतिक हिंसाका पीडितहरुलाई समावेश गर्नुको उद्देश्य मधेस आन्दोलन र अन्य राजनीतिक तथा पहिचानको निमित्त भएको आन्दोलनका पीडितहरुको आवश्यकतालाई संवोधन गर्नु थियो । सरकारले त्यस्ता आन्दोलनका पीडितहरुलाई क्षतिपूर्ति र राहत प्रदान गर्ने लगायतका आन्दोलनरत पक्षका मागहरु पुरा गर्न धेरै सम्झौताहरुमा हस्ताक्षर गर्यो । यस्ता परिपूरणीय कार्यक्रममा सहभागी हुने योग्यता अधिकारमा आधारित ढाँचामा भन्दा पनि राजनीतिक वार्ता तथा संरक्षण (समर्थन) बाट विस्तार भएको हो । परिणामस्वरुप यातना, यौनजन्य तथा लैङ्गिक हिंसाका पीडितहरु पुनः यो कार्यक्रमबाट बाहिर परे ।

विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भए पश्चात लागू भएको प्रशासकिय परिपूरणका उपायहरुलाई केहि दातृ निकायहरु र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले "अन्तरिम राहत कार्यक्रम" भनी नामाकरण गरेका छन् जुन नामाकरण आधिकारिक दस्तावेजहरुमा उल्लेख भएको छैन । यसर्थ, यस प्रतिवेदनमा 'अन्तरिम राहत कार्यक्रम' भन्ने शव्दको प्रयोग नगरी "प्रशासनिक परिपूरणका उपाय"हरु अथवा "नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी" (सिआरसीएफएपि)' भन्ने शब्दको प्रयोग गरिएको छ । माथि छलफल गरिएका सम्पूर्ण कार्यहरुले निम्न बमोजिमको सहायता तथा राहतका उपायहरुलाई समेट्दछ:

४.३.१ एकल महिलालाई आर्थिक सहायता

'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी अन्तर्गत विधवा महिला र बेपत्ता पारिएका व्यक्तिहरुका श्रीमतीहरुलाई जीवनयापनमा सहजिकरणको निमित्त एकपटकको निमित्त अतिरिक्त रु.२५,००० (अमेरिकन डलर २५०) रकम उपलब्ध गराईयो । यस शिर्षक अन्तर्गत २०७४ सालसम्ममा जम्मा ४,६४९ विधवा महिला यो सुविधाबाट लाभांवित भए भने यस शिर्षक अन्तर्गत जम्मा रु.११,६२,२५,००० (अमेरिकन डलर १,१६२,२५०) रकम र जम्मा ६५२ जना बेपत्ता पारिएका व्यक्तिहरुका श्रीमतीहरुले जम्मा रु.१,६३,००,००० (अमेरिकन डलर १६३,०००) रकमको आर्थिक सहायता प्राप्त गरे । प्रभावित महिलाहरुले दोस्रो विवाह गरेको अवस्थामा भने सो सुविधा प्राप्त गर्ने छैनन् । बेपत्ता पारिएका व्यक्तिहरुका श्रीमतीहरुले र विधवा महिलाहरुले विवाह दर्ताको प्रमाणपत्र वा नाता प्रमाणपत्र र एकल महिला भएको स्थानीय निकायको सिफारिश पेश गर्नु पर्दछ । एकजना विधवा महिलाको अनुभवमा उपलब्ध गराईएको राहत परिपूरण नभएको उल्लेख गर्नुभएको छ:

> "यो एक प्रकारको भिख मागेको जस्तै भयो, सरकारले उपलब्ध गराएको सहायता अनुदान जस्तै हो, यसप्रकारको कार्य गर्दा कुनै पनि व्यक्तिको आदर्शलाई बिक्रि गरेर पैसा कमाएजस्तो भयो । यसकारण, त्यहाँ आत्मस्वाभिमान छैन"

कुनै पनि बेपत्ता भएको व्यक्तिको अवस्था पत्ता नलागेसम्म र उनीहरुको मानव अवशेष परिवारलाई फिर्ता नदिएसम्म, जीवन र मृत्युको अन्यौलको अवस्थामा कुनै पनि प्रक्रिया अगाडी बढाउन नसकेको तथ्य हामीले छलफल गरेका धेरै पीडितहरुले बताएका थिए । एक जना पीडित महिलाको भनाई अनुसार, एकदशक अगाडि बेपत्ता पारिएका आफ्ना श्रीमान आफु घरमा नभएको बेलामा घर फर्की ढोका ढकढक्याउदा कसैलाई नदेखेको खण्डमा फेरी श्रीमान् हराउन सक्ने डरले उनले आफ्नो घर पाँच मिनेट भन्दा बढी समयको लागि छोड्न नसकेको बताइन् ।

---

१२३ नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधी, २०६८ ।

४.३.२ पीडितका बालबालिकाहरुलाई छात्रवृत्ति

द्वन्द्वका क्रममा मारिएका, वेपत्ता पारिएका तथा ५० प्रतिशत भन्दा बढी अपाङ्गताभएका व्यक्तिहरुको बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराईने व्यवस्थालाई समेत 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी' ले समावेश गरेको छ। 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी' ले १८ वर्ष मुनिका तीन जनासम्म बालबालिकाहरुलाई नियमित छात्रवृत्ति उपलब्ध गराईने सम्बन्धी व्यवस्था गरेको थियो। छात्रवृत्ति सम्बन्धी यो योजना तीनजना बालबालिकसम्मलाई मात्र उपलब्ध गराइने सीमित व्यवस्थाले द्वन्द्व प्रभावित अधिकाङ्श बालबालिकाहरु सो कार्यक्रमको लाभ लिनबाट वञ्चित भएका थिए।

यो कार्यक्रममा भएको कमजोरीलाई संवोधन गर्न सरकारले वि.सं. २०७४ सालमा 'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधीमा चौंथो संशोधन गरि तीन जना बालबालिकालाई मात्र छात्रवृत्ति उपलब्ध गराइने व्यवस्थालाई हटायो। यसका अतिरिक्त, छात्रवृतिको रकममा पनि वृद्धि गरियो, जस अनुसार उपलब्ध गराईने रकम तहगत अनुसार प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) को लागि रु.१२,००० (अमेरिकन डलर १२०), निम्न (माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) को लागि रु.१४,००० (अमेरिकन डलर १४०), माध्यमिक तहको (कक्षा ९ देखि १० सम्म) को लागि रु.१६,००० (अमेरिकन डलर १६०) र उच्च माध्यमिक तह (कक्षा ११ देखि १२ सम्म) को लागि रु.१८,००० (अमेरिकन डलर १८०) रहेको छ । तर यस कार्यक्रम अन्तर्गत भएको कूल खर्च रकम र कूल लाभग्राहीको सङ्ख्या उपलब्ध छैन किनभने यो कार्यक्रम जिल्ला शिक्षा कार्यालय मार्फत कार्यान्वयन हुने र जिल्ला शिक्षा कार्यालयले यस सम्बन्धमा शान्ति मन्त्रालयलाई प्रत्यक्ष जानकारी दिदैन।

४.३.३ औषधी उपचार सम्बन्धी खर्च

'नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधी' ले सशस्त्र द्वन्द्वका क्रममा शारीरिक क्षति भएका व्यक्तिहरुका लागि हुने औषधी उपचार सम्बन्धी खर्चलाई समेत समावेश गरेको छ। यस योजनाले सरकारी अस्पतालमा गरिएका उपचार खर्च मात्र सोधभर्ना गर्दछ, जसले सरकारी अस्पताल बाहेक द्वन्द्व पीडितहरुले निजी अस्पताल वा देश बाहिर गराएको औषधी उपचार खर्चलाई यसले समेट्दैन। साथै यस योजनाले नियमित रुपमा चिकित्सकीय सहायता लिनु पर्ने घाइतेहरुको आवश्यकतालाई समेत संवोधन गर्दैन। तर यो योजनाबाट लाभांवित हुने व्यक्तिहरुको कूल सङ्ख्या र खर्च भएको कूल रकमको विवरण उपलब्ध छैन किनभने सो कार्यक्रम जिल्ला स्वास्थ्य कार्यालयबाट कार्यान्वयन हुन्छ, सो कार्यालयले यस सम्बन्धमा शान्ति मन्त्रालयलाई प्रत्यक्ष जानकारी दिदैन।

४.३.४ अपाङ्गता भएका व्यक्तिहरुलाई प्रदान गरिने आर्थिक सहायता

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधीले द्वन्द्वका कारण अपाङ्गता भएका व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्थालाई समावेश गरेको छ। सो योजनले अपाङ्गताको प्रतिशतको आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई वर्गिकरण गरेको छ । उदाहरणको लागि, १०० प्रतिशत अपाङ्गताभएका व्यक्तिले एक पटकको लागि एकमुष्ठ रु.२,००,००० (अमेरिकन डलर २,०००) रकम प्राप्त गर्दछन्। १०० प्रतिशत भन्दा कम अपाङ्गताभएका अन्य व्यक्तिहरुले उनीहरुको अपाङ्गताको प्रतिशतको आधारमा रु.२,००,००० (अमेरिकन डलर २,०००) लाई एक सय प्रतिशत मानेर उपलब्ध गराईने सहायताको निर्धारण गरी सहायता रकम प्राप्त गर्दछन्। यो योजना अन्तर्गत, हालसम्म ८,१९१ जना अपाङ्गता भएका व्यक्तिहरुले उक्त सुविधा प्राप्त गरिसकेका छन्। यस अन्तर्गत हालसम्म कूल रु.४८,२४,०४,००० (अमेरिकन डलर ४,८२४,०४०) रकम खर्च भएको छ।

अपाङ्गताको प्रतिशत निर्धारण गर्ने कार्यविधी पारदर्शी छैन । तीन जना सदस्य रहेको प्राविधिक समिति काठमाडौंमा रहने र प्रमुख जिल्ला अधिकारीले पठाएको दस्तावेजको आधारमा व्यक्तिको शारीरिक परीक्षण नगरिकनै सो समितिले कुनै पनि व्यक्तिको अपाङ्गताको प्रतिशत निर्धारण गर्दछ। पीडितहरुले गुनासो गरेपश्चात उक्त प्राविधिक समिति हालसालै पुनर्गठन गरिएको छ। उक्त पुनर्गठन गरिएको समितिले अपाङ्गताको प्रतिशत निर्धारण गर्ने विस्तृत मापदण्ड उल्लेख गर्नुका साथै अपाङ्गताको प्रतिशत निर्धारण गर्ने पद्धति समेत उल्लेख गरेको छ। सरकारले पाँच पाँच वर्षमा अपाङ्गताको प्रतिशत पुनरावलोकन गर्ने अतिरिक्त कार्यविधी

समेत ल्याएको छ । दफा ६ को कार्यविधी अनुसार प्राविधिक समितिले तयार गरेको प्रतिवेदनको आधारमा प्रत्येक पाँच-पाँच वर्षको अन्तरालमा अपाङ्गताको प्रतिशत पुनरावलोकन गर्नको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पुनरावलोकन समिति गठन गरिने व्यवस्था कार्यविधीको दफा ४ मा उल्लेख गरिएको छ । प्राविधिक समितिले निर्धारण गरे बमोजिमको अपाङ्गता प्रतिशत पीडितहरुको परिचयपत्रमा पुनरावलोकन समितिले संशोधन गर्दछ । नेपाल सरकारले सार्वजनिक सूचना प्रकाशित गरेको ६ महिनाभित्र अपाङ्गता भएका पीडित व्यक्तिहरुले पुनरावलोकनको लागि समिति समक्ष निवेदन दिनुपर्ने हुन्छ । पीडितहरुको हालसालैको स्वास्थ्य परीक्षण प्रतिवेदन र पुनरावलोकन निर्देशिकाले तोकेको मापदण्ड अनुसार पुनरावलोकन समितिले निर्णय गर्नेछ ।

लामो समयसम्म उपचार चाहिने गरि घाईते भएका व्यक्तिहरुका लागि उक्त प्रकारको सहायता र सेवा दीर्घकालीन प्रयोगका सम्बन्धमा प्रश्नहरु उठ्ने गरेका छन् । बम बिस्फोटनमा परि आफ्ना खुट्टाहरु गुमाएका एक पीडितले दुई वटा कृतिम खुट्टा प्राप्त गर्नुभएको थियो तर ती कृतिम खुट्टाहरु अहिले टुटेफुटेको अवस्थामा छन्, यसकारण पीडितले नयाँ सामान किन्ने सामर्थ्य नभएको कारण पीडितले दुवै कृतिम खुट्टाहरुलाई जोडेर एउटा बनाई प्रयोग गर्दा पीडा भएतापनि हिडडुल गर्नको निमित्त वहाँले दु:खका साथ प्रयोग गर्नुभएको छ । अर्का पीडित जसको शरीरमा बमबारुदका दर्जनौ टुक्रा तथा छर्राहरु छन्, उहाँले सरकारबाट केहि मात्रामा आर्थिक सहायता प्राप्त गर्नुभएको थियो तर उक्त रकम घाउ दु:खाई कम गर्ने औषधी उपचारमा खर्च भयो, र उहाँसँग विशिष्ट शल्यक्रिया गरि आफ्नो शरीरमा रहेको गोलीहरु निकाल्ने सामर्थ्य छैन ।

४.३.५ क्षति भएका सम्पत्तिका लागि प्रदान गरिने क्षतिपूर्ति

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधीले द्वन्द्वकालमा क्षति भएका सम्पत्तिहरुको क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई समावेश गरेको छ । यस व्यवस्थाले सरकारले भाडामा लिएर बसेको निजी सम्पत्तिको क्षति, द्वन्द्वरत समूहहरुले क्षति पुर्याएको निजी सम्पत्ति, सशस्त्र द्वन्द्वका कारणले कृषि व्यवसाय गर्नबाट वञ्चित भएका किसानहरु, सुरक्षा बलले प्रयोग गरेका निजी यातायातका साधनहरुको क्षति, र द्वन्द्वका क्रममा द्वन्द्वरत पक्षबाट घोषणा भएका हडताल वा नाकाबन्दीको समयमा क्षतिभएका यातायातका साधनहरु लगायतका क्षतिको क्षतिपूर्तिबारेका व्यवस्थाहरु रहेका छन् । क्षतिपूर्तिको रकमको निर्धारण स्थानीय तहमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठन भएको 'क्षति मूल्याङ्कन समिति'को सिफारिसमा हुन्छ । यस योजना अन्तर्गत, वि.सं. २०७४ सालसम्ममा कूल ९,२९४ जना व्यक्तिहरुले आफ्नो निजी सम्पत्ति क्षति भए वापत क्षतिपूर्ति लिएका र त्यस्तो क्षतिपूर्तिको कूल रकम रु.३४,१९,५६,६०० (अमेरिकन डलर ३,४१९,५६६) रहेको थियो ।

४.३.६ सम्पर्क वर्जित गरि (इनकम्युनिक्याडो) हिरासतमा राखिएका व्यक्तिहरुको लागि सहायता

यस योजनाले सम्पर्क वर्जित गरि हिरासतमा राखिएका, अपहरणमा परेका र बन्धक बनाउने कार्यलाई केही हदसम्म समेटेको भएतापनि गैरकानूनी थुनामा राख्ने कार्यलाई यसले समावेश गर्न सकेन । यस अन्तर्गत ३० दिन भन्दा बढी सम्पर्कविहिन गरी थुनामा राखिएका व्यक्तिहरुलाई एक पटकको लागि रु.२५,००० (अमेरिकन डलर २५०) उपलब्ध गराइन्छ । सन् २०१७ को अन्त्य सम्ममा यस योजना अन्तर्गत, कूल ३,१४२ जना व्यक्ति कूल रु.१४,१४,७५,००० (अमेरिकन डलर ४१,४१४,७५०) आर्थिक सहायता रकमबाट लाभांवित भएका छन् ।

४.३.७ सीप बिकास तालिम

यस योजनाले द्वन्द्वपीडित व्यक्तिहरुलाई सीप विकास तालिममा सामेल हुने अवसर प्रदान गर्दछ, जसले उनीहरुलाई रोजगार प्राप्त गर्न र आर्थिक उपार्जन गर्न सक्षम बनाउँछ । यी अवसरहरु उद्योग मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, शिक्षा मन्त्रालय, अर्थ मन्त्रालय र शान्ति तथा पुनर्निर्माण मन्त्रालयहरु मार्फत उपलब्ध गराईन्छ । यस कार्यक्रम

अन्तर्गत हालसम्म ५४ जिल्लाका कूल १४,७१८ जना द्वन्द्व पीडितहरु लाभांवित भएका र कूल रु.६२,८१,७२,००० (अमेरिकन डलर ६,२८१,७२०) रकम यस अन्तर्गत खर्च भएको छ ।

४.३.८ बालबालिकाहरुको लागि सहायता

यस अन्तर्गत द्वन्द्वका क्रममा मृत्यु भएका र वेपत्ता पारिएका व्यक्तिहरुका बालबालिका वा अनाथ बालबालिकाहरुलाई प्रति महिना रु.५,००० (अमेरिकन डलर ५०) का दरले १८ वर्षको उमेर सम्म जीवननिर्वाह भत्ता प्रदान गर्दछ । यस कार्यक्रमले घरव्यवहार चलाउन, रासन (खाद्यान्न), पोषणतत्व, औषधी उपचार, लत्ताकपडा र मसलन्द लगायतका खर्चहरुलाई समेट्ने उद्देश्य राख्दछ । प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको पुनर्स्थापना समितिले यो सहायता कार्यान्वयन गर्दछ । यस कार्यक्रम अन्तर्गत हालसम्ममा कूल ७५८ जना बालबालिका लाभांवित भएका र कूल रु.१७,८४,५०,००० (अमेरिकन डलर १,७८४,५००) रकम खर्च भएको छ ।

४.३.९ उत्पीडनमा परेका पीडकहरुको लागि सहायता

द्वन्द्व पीडितहरु बारे गरिएको परिभाषाका कारण प्रशासकीय परिपूरणका उपायहरुले द्वन्द्वकालका सबै प्रकारका पीडितहरुलाई समान व्यवहार गर्दछ । द्वन्द्वको समयमा भएका धेरैजसो घटनाहरु जस्तैः हत्या तथा शारीरिक क्षतिहरु प्रतिशोध वा बदलाको भावनाले घटित भएको हुनाले सो समयमा मारिएका केहि व्यक्तिहरुलाई 'उत्पीडनमा परेका पीडकहरु'को रुपमा परिभाषित गर्न सकिन्छ । तर, उक्त उल्लेखित पीडितहरुलाई प्रशासकीय परिपूरणका कार्यक्रमहरुले अलग रुपमा वर्गिकरण गरेको र परिभाषित गरेको छैन । तात्कालीन माओवादीबाट मारिएका सुरक्षाकर्मी र सरकारी कर्मचारीहरुको परिवारका सदस्यहरुलाई उपलब्ध गराईने आर्थिक सहायत सम्बन्धी अलगै योजना भएका कारण द्वन्द्वको समयमा मारिएका सुरक्षाकर्मीका परिवारका सदस्यहरुले शुरुमा रु.१,००,००० (अमेरिकन डलर १,०००) रकम सहायता अनुरुप प्राप्त गरे पश्चात प्रशासकीय परिपूरणका कार्यक्रमहरुबाट लाभान्वित हुनबाट वञ्चित भएका छन् ।

प्रशासकीय परिपूरणका कार्यक्रमहरुले उत्पीडनमा परेका पीडकहरुलाई पीडितको परिभाषा भित्र राखि 'द्वन्द्व पीडित' को रुपमा समावेश गरेतापनि र पहिलो किस्तामा रु. १,००,००० (अमेरिकन डलर १,०००) रकम सहायता स्वरुप उपलब्ध गराइएतापनि यस पछिका योजनाहरुले सहायता वितरण गर्दा उल्लेखित पीडितहरुलाई लाभग्राहीको रुपमा समावेश गरेन । जे भएतापनि पूर्व लडाकुहरुको पुनर्स्थापना र समायोजन सम्बन्धी प्याकेजको व्यवस्था भएतापनि उक्त प्याकेजले निशस्त्रीकरण, अपरिचालन र पुर्नएकीकरण (डि.डि.आर) सम्बन्धी सबै तत्वहरु समावेश भएको अन्तर्राष्ट्रिय अभ्यासहरुको पूर्ण रुपमा पालना गरेको छैन । उदाहरणको लागि, संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) ले पहिलो चरणको दर्ता प्रकृयामा ३२,२५० जना पूर्व लडाकूहरुलाई दर्ता गर्यो । ३२,२५० जना पूर्व लडाकूहरु मध्ये ८,६४० जना पूर्व लडाकूहरु दोस्रो चरणको दर्ता प्रकृयामा सामेल भएनन्, त्यसकारण उनीहरु यस योजनामा स्वतः अयोग्य ठहर भए । साथै, ३२,२५० जना लडाकूहरु मध्ये २,९७३ जना लडाकूहरु १८ वर्षभन्दा कम उमेरका भएका कारण उनीहरु पनि सो योजनामा अयोग्य ठहर भए । अन्त्यमा संयुक्त राष्ट्र संघीय मिसनले १९,६०२ जना पूर्व लडाकूहरु समायोजन र पुनर्स्थापना प्याकेजमा समाहित हुनसक्ने उल्लेख गरी सो सङ्ख्याको पूर्व लडाकुहरुको नाम दर्ता गर्यो ।

तात्कालीन माओवादी र नेपाल सरकारले समायोजन तथा पुनर्स्थापना सम्बन्धी प्याकेजलाई विस्तृत रुपमा उल्लेख गर्दै २०६८ साल कार्तिक १५ गते ६,५०० जना पूर्व लडाकूहरुलाई नेपाली सेनामा समायोजन गर्ने विषयमा सहमति जनाउँदै सात बुँदे सहमति पत्रमा हस्ताक्षर गरे । उक्त सहमति अनुसार नेपाली सेनामा नियुक्ति प्रकृयाको लागि शिक्षा, उमेर, शारीरिक सुसंगठन, वैवाहिक अवस्था आदि जस्ता मपदण्डहरु तोकिएको थियो । सहमतिपत्रमा हस्ताक्षर गर्ने पक्षहरुले समायोजनमा सामेल हुन नचाहने पूर्व लडाकूहरुलाई उनीहरुको जनमुक्तिसेनामा हुँदाका बखतको पद अनुरुप रु ५००००० (अमेरिकन डलर ५०००) देखि रु ८००००० (अमेरिकन डलर ८०००० लिई स्वेच्छिक अवकाश लिने वैकल्पिक प्रस्ताव समेत राखेको थियो । समाजमा पुनर्स्थापित हुन चाहने पूर्व लडाकुहरुलाई व्यवसायिक सीपमूलक तालिम, घरेलु उद्योग सञ्चालनका निमित्त सानो लगानी रकम (seed money) लगायत अन्य कुराहरुमा सहायता प्रदान गर्ने सम्बन्धी प्रस्ताव राखिएको थियो । तर केवल १,४०० पूर्व लडाकूहरु मात्र नेपाली सेनामा समायोजन भए । बाँकी रहेका पूर्व लडाकूहरु उल्लेख्य क्षतिपूर्ति रकम सहित स्वेच्छिक अवकाश योजनामा सामेल भए । तर यो

प्रकृयामा भएको ढिलासुस्तीका कारण केही पूर्व लडाकूहरुले 'क्यान्टोनमेन्ट' छाडी रोजगारका निमित्त खाडीमूलुक पलायन भएका कारण समायोजन प्याकेज अन्तर्गत लाभान्वित हुने अवसर गुमाउनु पर्यो । साथै, नेपाल सरकार र तत्कालीन माओवादी पक्षहरुले अयोग्य ठहर गरेका पूर्वलडाकूहरुलाई समाजमा पुनर्स्थापन गर्ने कार्ययोजनामा पनि हस्ताक्षर गरे । उक्त प्याकेजमा शिक्षा र सीप विकास तालिमलाई समावेश गर्दछ, जुन कार्यक्रमलाई संयुक्त राष्ट्रसंघीय बाल कोष, संयुक्त राष्ट्रसंघीय जनसङ्ख्या कोष, नर्वे, डेनमार्क, बेलायत, स्वीजरल्याण्ड र क्यानाडा लगायतका मूलुकहरुले सहकार्य गरेको संयुक्त राष्ट्र संघीय शान्ति कोषले सहयोग गरेका थिए ।

यसका अतिरिक्त उत्पीडनमा परेका पीडकहरुलाई संवोधन गर्ने प्रयत्न स्वरुप सत्य निरुपण आयोगले अन्य देशका तुलनात्मक अभ्यासहरु र अन्तर्राष्ट्रिय मापदण्डरुको अध्ययन गरी सुरक्षा निकायका निशस्त्र सदस्यहरुलाई "पीडितको रुपमा" परिपूरणका कार्यक्रममा समावेश गर्न सकिन्छ की सकिदैन भन्ने सम्वन्धमा निर्णय गर्न आयोगलाई सहयोग गर्नको लागि एउटा समिति गठन गर्यो । यसका अतिरिक्त, विशेषगरी तात्कालीन माओवादीका लडाकुहरुलाई लक्षित गरी ल्याइएका केही परिपूरणका कार्यक्रमहरु उत्पीडनमा परेका पीडकहरुको वर्गमा पर्न सक्ने देखिन्छ । सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगलाई यस विषयलाई अझ विस्तृत रुपमा संवोधन गर्ने पर्याप्त संभावनाहरु बाँकी रहेका छन् ।

४.३.१० अपाङ्गता भएका पूर्व लडाकूहरु

वि.सं. २०६८ सालमा तत्कालीन माओवादीका नेता, बाबुराम भट्टराईको नेतृत्वको सरकारले घाईते र अपाङ्गता भएका माओवादीका पूर्व लाडकुहरुलाई लक्षित गरी नयाँ कार्यक्रमको घोषणा तथा कार्यान्वयन गर्यो । यस योजनाले घाईते तथा अपाङ्गता भएका व्यक्तिहरुलाई चारवटा वर्गमा विभाजन गरेको छ: विशेष श्रेणी (७६-१०० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु), प्रथम श्रेणी (५१-७५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु), द्वितीय श्रेणी (२६-५० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु) र तृतीय श्रेणी (२५ प्रतिशतसम्म अपाङ्गता भएका व्यक्तिहरु) । विशेष श्रेणीमा समेटिएका व्यक्तिहरुका लागि खाद्यान्न, आवास, स्वास्थ्य, लगायतका अन्य सुविधाहरु भएको उपचार केन्द्रको स्थापना गरी विशेष कार्यक्रमहरु सञ्चालनमा ल्याईयो । यस योजनाले उपचार केन्द्रमा बस्न नचाहने व्यक्तिहरुलाई समेत संवोधन गर्दै प्रथम श्रेणीमा परेका व्यक्तिहरु (५१-७५ प्रतिशत अपाङ्गताभएका व्यक्तिहरु) लाई रु.६,२०० (अमेरिकन डलर ६२) र विशेष श्रेणीमा परेका व्यक्तिहरु (७६-१०० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु) लाई रु.१२,४०० (अमेरिकन डलर १२४) रकम मासिक रुपमा उपलब्ध गराईन्थ्यो । यसका अतिरिक्त यस योजनाले द्वन्द्वकालमा घाईते भएका र अपाङ्गता भएका लडाकूहरुलाई नि:शुल्क औषधी उपचार प्रदान गरिने विषयलाई समेत समवेश गरेको छ । माथि उल्लेख गरिएका सेवा सुविधाहरुको उचित व्यवस्था गर्ने जिम्मेवारी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रहेको छ ।

यस योजनाबाट लाभान्वित हुनेहरुमा पूर्व लडाकूहरु, सुरक्षा निकायका सदस्यहरु, जनआन्दोलन र मधेस आन्दोलनमा घाइते भएकासर्वसाधरण जनताहरु रहेका छन् । यस कार्यक्रम अन्तर्गत, जम्मा ७४४ जना अपाङ्गता भएका व्यक्तिहरुले कूल रु.३३,५३,००,२०० (अमेरिकन डलर ३,३५३,००२) रकम भत्ता स्वरुप प्राप्त गरिरहेका छन् । यसका अतिरिक्त यस योजनाले २५ वर्ष भन्दा कम उमेरका घाइते र अपाङ्गता भएका पूर्व लडाकूहरुका लागि शैक्षिक छात्रवृति उपलब्ध गराईने व्यवस्था पनि समेटेको छ । यो योजनाको कार्यान्वयन, सहकार्य तथा आवश्यक स्रोतहरुको खोजी लगायतका कार्यहरुको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रीको अध्यक्षतामा गठन हुने केन्द्रीय स्तरको समिति जिम्मेवार हुन्छ । विभिन्न आन्दोलनरत पक्षहरुसँग सरकारले गरेको सहमति अनुरुप विभिन्न आन्दोलन र राजनीतिक हिंसाका पीडितहरुलाई पनि यस कार्यक्रममा समावेश गरिएको कारण यी कार्यक्रमहरुबाट उनीहरु लाभान्वित भएको भएतापनि यो कार्यक्रम विशेषगरी अपाङ्गता भएका पूर्व लडाकूहरुको मागलाई संवोधन गर्ने प्रमुख उद्देश्यले शुरु गरिएको थियो ।

४.३.११ गर्भवती लडाकूहरुका लागि सहायता

वि.सं.२०६८ सालमा सरकारले तत्कालीन माओवादीका गर्भवती लडाकूहरु र पूर्व लडाकूहरुका पाँच वर्ष भन्दा कम उमेरका बालबालिकाहरुलाई विशेष सुविधा उपलब्ध गराउनका निमित्त निर्देशिका लागू गर्यो । उक्त निर्देशिकाले विशेषगरी जनमुक्ति सेनाबाट स्वेच्छाले छाडेका वा समाजमा पुनर्स्थापना हुन चाहेका पूर्व लडाकूहरुलाई केन्द्रमा राखेको छ । यस कार्यक्रम अन्तर्गत

गर्भवती महिलालाई गर्भवति भएको एक वर्षसम्म मासिक रुपमा भत्ता प्रदान गर्ने र शिशुलाई एक वर्षसम्म स्वास्थ्य तथा पोषण भत्ता दिने कुरालाई समेटेको छ ।

४.३.१२ परिचयपत्र वितरण

राजनीतिक द्वन्द्वको क्रममा मृत्युवरण गरेका वा वेपत्ता पारिएका व्यक्ति तथा परिवारलाई परिचयपत्र वितरण गर्न सरकारले वि.सं. २०६८ सालमा निर्देशिका जारी गर्यो । तर सो निर्देशिकाले पीडितहरुको आत्मस्वाभिमानलाई सम्मान गर्न असफल भएको भन्दै सर्वोच्च अदालतले २०७२ साल श्रावणमा उक्त निर्देशिकालाई खारेज गरिदियो । सर्वोच्च अदालतले उक्त निर्देशिकाको व्यवस्थाहरुले पीडक र पीडितहरुलाई समान व्यवहार गरेको उल्लेख गर्दै पीडितहरु प्रभावकारी उपचारको अधिकारको भागीदार हुन्छन् भने र पीडकहरुलाई न्यायको कठघरामा ल्याउनु पर्ने हुन्छ भन्ने कुराको व्याख्या गर्यो । सर्वोच्च अदालतले, 'पीडित र पीडक दुवैलाई समान स्थानमा राखेर समान उपचार प्रदान गर्दा सो कार्यले पीडितको आत्मस्वाभिमान कमजोर हुन्छ' भनी थप व्याख्या गरेको छ । सर्वोच्च अदालतको उक्त व्याख्याले पीडित र पीडकहरुले समान व्यवहार प्राप्त गर्न नसक्ने कुरा स्पष्ट पार्दछ । यद्यपी, हत्या गरिएका र शारीरिक चोट लागेका व्यक्तिहरुका सम्बन्धमा प्रशासकीय परिपूरणका उपायहरुले समान रुपमा संवोधन गर्ने प्रयत्न गरेको छ ।

४.३.१३ मनोसामाजिक परामर्श सेवा

वि.सं. २०७० सालमा सरकारले द्वन्द्व पीडितहरुका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धी अर्को निर्देशिका जारी गर्यो । यो निर्देशिका चिकित्साशास्त्र अध्ययन संस्थान (IOM) सँगको सहकार्यमा तयार गरिएको र नेपालको शान्ति प्रकृयामा सहयोग गर्नका लागि वि.सं. २०६३ सालमा स्थापना भएको नेपाल शान्ति कोष (NPTF) को आर्थिक सहायतामा कार्यान्वयनमा आएको थियो । यो कार्यक्रम १० वटा जिल्लाहरुमा सञ्चालन गरिएको थियो । यस कार्यक्रम अन्तर्गत १४,१९७ जनाले मनोसामाजिक परामर्श सेवाको अभिमुखीकरण लिएका थिए, ९१७ जनाले मनोसामाजिक परामर्श सेवा प्राप्त गरे भने १७ जनाले विशेष उपचार सेवा प्राप्त गरे । उक्त कार्यक्रम सञ्चालनमा कूल रु.१८,९८,००,००० (अमेरिकन डलर १,८९८,०००) रकम खर्च भएको थियो ।

४.३.१४ कार्यान्वयन संयन्त्रहरु

वि.सं. २०६५ साल वैशाख १३ गते सरकारले माथि छलफल गरिएका प्रशासकीय परिपूरणका कार्यक्रमहरुको कार्यान्वयन गर्नको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत राहत तथा पुनर्स्थापना केन्द्रको स्थापना गर्यो । कार्यविधी, निर्देशिका तथा मापदण्ड अनुरुप पीडितहरुलाई राहत तथा आर्थिक सहायता प्रदान गर्ने जिम्मेवारी यो एकाईको थियो । यस एकाइले जिल्ला तहमा मुख्य कार्यान्वयन संयन्त्रको रुपमा रहेको जिल्ला प्रशासन कार्यालयसँग नजिकबाट सहकार्य गरी काम गरेको थियो ।

४.३.१५ दाताहरुको संलग्नता

प्रारम्भमा मारिएका तथा वेपत्ता पारिएका व्यक्तिहरुलाई प्रदान गरिएको आर्थिक सहायता रु.१,००,००० (अमेरिकन डलर ४१,०००) रकम विश्व बैंकले सहयोग गरेको थियो भने प्रशासकीय परिपूरणका कार्यक्रमहरु नेपाल सरकारले आफ्नै बजेटबाट लागु गरेको थियो । नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता अन्तर्गतका केही कार्यक्रमहरुको कार्यान्वयनमा नेपाल शान्ति कोष (NPTF) पनि संलग्न भएको थियो।

४.४ सत्य आयोग अन्तर्गत परिपूरण

सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनले परिपूरणलाई "क्षतिपूर्ति, सुविधा वा सहुलियत" को रुपमा परिभाषित गरेको छ । यस ऐन अन्तर्गत, आयोगहरुले परिपूरणका उपायहरुको योजना बनाउनुका साथै व्यक्तिगत मुद्दाहरुमा "क्षतिपूर्ति, प्रतिस्थापन, पुनर्स्थापना" वा "पीडितहरुको आवश्यकताको आधारमा अन्य उपयुक्त व्यवस्था" गर्न सिफारिश गर्ने कार्यादेश रहेको छ। निःशुल्क शिक्षा, स्वास्थ्य सेवा सुविधाहरु, सीप लक्षित तालिम, ऋणको सुविधा, वासस्थानको व्यवस्थापन, रोजगार सम्बन्धी सेवाहरु, र अन्य उपयुक्त उपायहरु भनी परिपूरणका उपायहरुलाई अझ विस्तृत रुपमा उल्लेख गरिएको छ । यसका अतिरिक्त, जफत वा कब्जा गरिएको सम्पत्ति फिर्ता र सम्पत्ति जफत वा कब्जा गरिएको कारणबाट हुन गएको क्षतिको क्षतिपूर्ति उपलब्ध गराउन समेत सिफारिश गर्ने कार्यादेश आयोगमा रहेको छ ।

क्षतिपूर्तिको रकम निर्धारण गर्दा विवेक प्रयोग गर्न सक्ने अधिकार पनि आयोगमा निहित रहेको छ । पीडितहरुको लिखित निवेदनका आधारमा आयोगले सरकार समक्ष पीडितहरुलाई रु.३,००,००० (अमेरिकन डलर ३,०००) सम्म क्षतिपूर्तिको रुपमा प्रदान गर्न सिफारिश गर्न सक्नेछ । तर केही गरी आयोग परिपूरणको सिफारिश गर्न असफल भएमा, पीडितहरुले परिपूरणको दावी गर्ने अन्य कानुनी व्यवस्था नभएको कारण पीडितहरुसँग अन्य कुनै विकल्प हुनेछैन । तसर्थ परिपूरणलाई पीडितको अधिकारको रुपमा मान्यता प्रदान गरिएको छैन । सत्य आयोगको नियमावलीले क्षतिपूर्तिको रकम रु.३,००,००० (अमेरिकन डलर ४३,०००) सम्म हुने भनी निर्धारण गरी परिपूरणको क्षेत्रलाई संकुचित बनाएको छ । यसले पीडितहरुको पूर्ण र प्रभावकारी परिपूरण प्राप्त गर्ने अधिकारमा गम्भीर चुनौति सृजना गर्न सक्छ । कम्तिमा पनि, सत्य आयोगले पीडितहरुलाई उनिहरुको पीडामा उनिहरुप्रति केहि सहानुभूति प्रकट गर्न र जिम्मेवार निकाय तथा संस्थाहरुलाई पहिचान गर्न सक्छ, यद्यपी यी विषयहरु परिपूरणका हिस्सा भएतापनि, पीडितहरुलाई पुग्न गएको क्षतिको प्रभावकारी उपचारका सन्दर्भमा यो आफै प्रर्याप्त भने छैन । सत्य आयोगमा आयुक्तहरुको नियुक्ति हुनाले, यस आयोगमाथि सत्य पत्ता लगाउने र परिपूरणको सिफारिश गर्ने सम्बन्धमा ठूलो आकङ्क्षाहरु रहेका छन् तर यस आयोगसँग सीमित श्रोत साधन र कर्मचारी रहेका छन् । सो कुराको उल्लेख गर्नुको कारण, आयोगहरुको सिफारिसलाई कार्यान्वयनमा सहजिकरणको लागि र अन्तर्राष्ट्रिय समुदाय र दातृ निकायहरुसँग सहकार्य गर्न सकिने अवसर र स्वार्थ दुवै रहेका छन् ।

५. परिपूरणका उपायहरुको विश्लेषण

५.१ लाभग्राहीहरुको परिभाषा

'द्वन्द्व पीडितहरुलाई आर्थिक सहायता तथा राहत उपलब्ध गराउने सम्बन्धी मापदण्ड' ले द्वन्द्वका क्रममा मारिएका, आन्तरिक रुपमा विस्थापित भएका, अपहरणमा परेका, वेपत्ता पारिएका व्यक्तिहरुका साथै अपाङ्गता भएका, घाईते भएका वा हातखुट्टा गुमाएका व्यक्तिहरुमा आश्रित रहेका व्यक्तिहरु (श्रीमती, श्रीमान, बालबालिका, अभिभावक र सगोलमा रहेका परिवारका अन्य सदस्यहरु) र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरुले क्षति पुर्याएको सम्पत्तिको स्वामी: व्यक्ति वा परिवार सदस्यहरु र संस्थाहरु हो" भनि द्वन्द्व पीडितको परिभाषित गरेको छ । प्रशासकीय परिपूरणको कार्यक्रमले न यौन हिंसाका पीडितलाई संवोधन गरेको छ नत यातनाका पीडितहरुलाई नै संवोधन गरेको छ । यद्यपी, यस कार्यक्रम अन्तर्गत शारीरिक अपाङ्गता भएका व्यक्तिहरुले केहि राहत प्राप्त गरेका छन् । पीडितहरुलाई समान रुपमा परिभाषित गर्ने अन्य थुप्रै मार्गदर्शक दस्तावेजहरु उपलब्ध छन्:

- वेपत्ता पारिएका व्यक्तिका हकदारलाई राहत प्रदान गर्ने निर्देशिका २०६८
- सशस्त्र द्वन्द्वका क्रममा पीडित भएका व्यक्तिलाई रोजगार/स्वरोजगार सेवा संचालन गर्ने निर्देशिका, २०६७
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरुलाई पुनर्स्थापना र पुनर्मिलान गर्ने सम्बन्धी राष्ट्रिय कार्य योजना २०६७

- माओवादीका सेनाका घाईते अपाङ्ग लडाकूहरु, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेस आन्दोलनका घाईते अपाङ्गहरुका लागि पुनर्स्थापना एवम् हेरचाह निर्देशिका, २०६८
- द्वन्द्वका क्रममा आमा बाबु गुमाएका अनाथ बालबालिका पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधी २०६८
- माओवादी सेनाका गर्भवती तथा पाँच वर्ष भन्दा कम उमेरका बालबालिका भएका महिला लडाकुहरुको लागि विशेष सुविधा प्रदान गर्ने निर्देशिका, २०६८
- द्वन्द्व पीडितहरुका लागि मनोसामाजिक परामर्श सेवा संचालन गर्ने सम्बन्धी निर्देशिका २०७०

साथै, राजनीतिक द्वन्द्वका क्रममा मारिएका वा वेपत्ता पारिएका व्यक्तिहरुको परिवारलाई परिचय पत्र वितरण गर्ने सम्बन्धी निर्देशिकाले सशस्त्र द्वन्द्व लगायतका विभिन्न राजनीतिक आन्दोलनका क्रममा मारिएका वा वेपत्ता पारिएका व्यक्तिहरुका नजिकका आफन्तहरुलाई लाभग्राहीको रुपमा पहिचान गरेको छ । तर उक्त परिभाषा 'लडाकूको भूमिकामा रहि वैधानिक रुपमा गरिएको शक्तिको प्रयोगको परिणामस्वरुप मारिएका वा घाईते भएका व्यक्तिहरु' र 'मानव अधिकारको हननको परिणामस्वरुप मारिएका वा घाईते भएका व्यक्तिहरु' बीचको भिन्नता छुट्याउनमा असफल रहेको छ । परिभाषामा प्रयोग गरिएको "मारिएको" भन्ने शब्दले लडाकूहरु र सुरक्षाकर्मीहरुलाई पनि समेट्दछ, जो मानव अधिकारको उल्लंघनको र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघनका पीडित नहुन पनि सक्छन् । तर यी उपायहरुले पीडितहरुले भोगेका पीडाहरुलाई पहिचान गरेतापनि पीडकहरु सदस्य रहेको समुहलाई पीडितहरुसँगै एउटै स्थानमा राख्नाले पीडितहरुको आत्मस्वाभिमान र उनीहरुको परिपूरण सम्बन्धी अधिकारलाई अवमुल्यन गर्दछ ।

प्रशासकीय परिपूरणका उपायहरुले मानव अधिकार उल्लघंनका धेरै पीडितहरुलाई समेटेको छैन । उदाहरणको लागि, विशेषगरी यौनजन्य तथा लैङ्गिक हिंसाका पीडितहरु र यातनाका पीडितहरुलाई राहत र परिपूरणका कार्यक्रमहरुबाट पूर्णतः वञ्चित गरिएको छ । त्यसैगरी जनमुक्ति सेनामा लाग्न बाध्य भएका बाल सेनाहरुको अवस्थालाई संवोधन गर्न यी परिपूरणका कार्यक्रमहरु असफल भएका छन् । विगतमा भएका मानव अधिकारका उल्लंघनका घटनाहरुलाई संवोधन गर्न स्थापना भएका सरकारी निकायहरुले "उनीहरुको आवाज नसुनेको" जसका कारणले उनीहरु निराश भएको र थप पीडित भएको महसुस गर्दछन् । बाल सेनाको लागि 'डिमोविलाइजेसन' सम्बन्धी कार्यक्रमहरु संचालन भएका थिए तर ती तालिमहरु उनीहरुको ईच्छा वा आवश्यकताहरुसँग मेल खादैनथे, उदाहरणको लागि विद्युतीय सामाग्रीको मर्मत सम्बन्धी तालिम । अन्य बाल सेनाहरुलाई आफ्नो निजी व्यवसाय सञ्चालन गर्नको लागी केही रकम उपलब्ध गराइयो, तर व्यवसाय सञ्चालन गर्ने सम्बन्धी विशेषज्ञताको कमी, द्वन्द्वकालमा पढाइ छुटेको कारणले थुप्रै उद्योगहरु बन्द हुन पुगे । जसका कारणले धेरै व्यक्तिहरु अहिले कलकारखानाहरुमा काम गर्छन भने कोही रोजगारीको खोजीको सिलसिलामा खाडीमुलुकहरुमा गएका छन् वा ज्यालादारीमा काम गरिरहेका छन् । यसको अर्थ उनीहरु गरिवीमा जीवन बिताइरहेका छन, र उनीहरु समाजिक लाञ्छनाको डरले वा आफ्नो ठाउँमा काम गर्ने अवसरको अभावले आफ्नो गाउँ फर्कन सकिरहेका छैनन् ।

परिपूरणका कार्यक्रमहरुमा समावेश गर्न छुटेका पीडितहरुलाई ती कार्यक्रमहरुमा समावेश गर्न पीडित तथा नागरिक समाजले सरकारका निकायहरु समक्ष आवाज उठाउने वा दवाव दिने कार्यलाई निरन्तरता दिनु पर्दछ । यस सन्दर्भमा पीडितहरु सर्वोच्च अदालत समेत पुगे र जसले यातनाका पीडितहरु र यौनजन्य तथा लैङ्गिक हिंसाका पीडितहरुलाई द्वन्द्व पीडितको परिभाषामा समावेश गर्न सरकार वाध्य भयो । तथापी यी पीडितहरु विभिन्न कार्यविधी, निर्देशिका र कार्यक्रममा उल्लेख गरिएका परिपूरणका कार्यक्रमहरुबाट लाभान्वित हुने व्यक्तिहरुको सूचिमा पर्न भने अझै बाँकी छ ।

सत्य आयोग ऐनमा पीडितको स्पष्ट परिभाषा गरिएको पाइन्छ । यस ऐनले पीडितलाई निम्न अनुसार परिभाषित गरेको छ:

"पीडित" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघनको परिणामस्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानिनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनु पर्छ र सो शब्दले मानव अधिकारको गम्भीर उल्लंघनको परिणामस्वरुप मानवीय, सामाजिक वा सामुदायिक रुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

सत्य आयोग ऐनले लाभान्वित हुनेहरुको क्षेत्रलाई सापेक्षित रुपमा विस्तार गरेतापनि, उक्त ऐनले अप्रत्यक्ष पीडितहरु र सामुहिक पीडितिकरणको अवधारणालाई पहिचान गर्न असफल भएको छ । परिपूरण सम्बन्धी संयुक्त राष्ट्र संघीय सिद्धान्तले प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रकारका पीडितहरुलाई समेट्दछ । जस अनुसार, "पीडित भन्ने शब्दले आवश्यकता अनुसार घरेलु कानुनमा व्यवस्था भए बमोजिम प्रत्यक्ष पीडितका तात्कालिक परिवार वा आश्रित व्यक्ति तथा संकटमा परेका पीडितहरुको सहयोग वा पीडितीकरणको प्रतिकार गर्दा क्षति व्यहोर्न पुगेका व्यक्तिहरु"लाई पनि समावेश गरेको छ । नेपालको सन्दर्भमा द्वन्द्वको क्रममा क्षति व्यहोरेका पीडितका आफन्तहरु, साक्षीहरु, मानव अधिकारका रक्षकहरु, कानुन व्यवसायीहरु र पत्रकारहरुलाई अप्रत्यक्ष पीडितको रुपमा धेरै प्रतिवेदनहरुले पहिचान गरेको छ ।

सत्य आयोग ऐनले प्रभावित समुदायलाई पीडितको रुपमा पहिचान गरेको भएतापनि, यसले सामुहिक अधिकारको प्रयोग गरेको कारण पीडित हुनुपरेको वा सो अधिकारको प्रयोगमा प्रतिबन्ध लगाइएको कारण पीडित हुनु परेको व्यक्ति वा समूदायलाई लाभग्राहीको रुपमा परिभाषित गर्न असफल भएको छ । अन्तर्राष्ट्रिय कानुनले समूदायको अधिकारको रुपमा आदिवासी जनजातीको अधिकार, आत्मनिर्णयको अधिकार, महिलाको अधिकार लगायतका धेरै प्रकारका अधिकारलाई समुहिक अधिकारहरुको पहिचान गरेको छ । यस्ता विषयहरुमा उनीहरु सामुहिक परिपूरणको दावी गर्नको लागि पनि हकदार हुन्छन् । त्यस्तैगरी जबरजस्ती वेपत्ता पारिएका व्यक्ति र यातना पीडित लगायतका केहि लाभग्राहीहरुको स्पष्ट परिभाषा उक्त ऐनमा छैन । जेभएतापनि, सत्य आयोग र बेपत्ता आयोगले आफ्ना कार्यविधीहरुमा यस्ता पीडितहरुलाई परिपूरणका उपायहरुको लाभग्राहीको रुपमा पहिचान गरेका छन् ।

तात्कालिन माओवादीले बन्दी बनाएर यातना दिएका र मारिएका निशस्त्र सुरक्षाकर्मीहरुलाई पनि द्वन्द्व पीडितको परिभाषामा समेटिनु पर्ने माग सुरक्षा निकायका परिवारका सदस्यहरुले राखेका छन् । सुरक्षा निकायको निशस्त्र सुरक्षाकर्मीहरु द्वन्द्व पीडितको परिभाषा भित्र पर्दछ की पर्दैन भन्ने सम्बन्धमा हालसम्म पनि विवाद रहेको छ । सो विषय सम्बन्धमा निर्णय गर्न सत्य आयोगले सत्य आयोगको सदस्य माधवी भट्ट पराजुलीको नेतृत्वमा १३ सदस्यीय समितिको गठन गरेको थियो ।

त्यसैगरी पूर्व बाल सेना लगायतका प्रत्येक अयोग्य लडाकूहरुलाई रु.२,००,००० (अमेरिकन डलर रु.२,०००) रकम प्रदान गर्ने निर्णय गरी सरकारले अयोग्य ठहरिएका लडाकूहरुको मागलाई पनि संवोधन गर्ने प्रयत्न गरेको छ । तर केही पीडित र मानव अधिकारको वकालत गर्नेहरुले यस कुराको आलोचना गरेका छन् । राज्यले मानव अधिकारको दुरुपयोगमा संलग्न भएका हुन सक्ने व्यक्तिहरुलाई सहायता प्रदान गरेको तर पीडितहरुको उपचार प्राप्त गर्ने हकलाई अवमूल्यन गरेको भन्ने तर्क सहित केही द्वन्द्व पीडितहरुले उक्त मुद्दा सर्वोच्च अदालतमा दायर गरेका छन् । सर्वोच्च अदालतले प्रारम्भिक सुनुवाईमा राहत वितरण गर्ने कार्य हालको लागि रोक्न अन्तरिम आदेश जारी गरेको छ । यस रीट निवेदन उपर हुने सर्वोच्च अदालतको अन्तिम फैसलाले अयोग्य लडाकूहरु राज्यको परिपूरणका कार्यक्रमहरुको लाभग्राही हुन सक्ने वा नसक्ने भन्ने विषयमा निर्णय दिनु पर्ने हुन्छ ।

५.२ परिपूरणका कार्यक्रमहरुको निर्माण गर्ने प्रकृयाहरु

शुरुवाती चरणमा कुनै पनि निर्देशिका र कार्यविधी विना द्वन्द्वकालमा घटेका घटनाहरुमा गृह मन्त्रालयले आर्थिक सहायता प्रदान गरेको थियो । विस्तृत शान्ति सम्झौता पश्चातका सहायताहरु (प्रशासकीय परिपूरणका उपायहरु) मन्त्रिपरिषदले पारित गरेका मापदण्ड, निर्देशिका र कार्यविधीहरुमा आधारित रहेका छन् । शान्ति मन्त्रालयले, अर्थ मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरुसँगको सहकार्यमा परिपूरणका उपायहरुको प्रक्रिया निर्माणको नेतृत्व गरेको थियो । विस्तृत शान्ति सम्झौता पश्चातका आर्थिक सहायता र राहतको कार्यक्रमहरु व्यवस्थित भएको देखिएता पनि उक्त कार्यक्रममा पीडितहरु र अन्य सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता रहेको छैन ।

नेपालको संक्रमणकालीन न्याय प्रकृयालाई विभिन्न दातृ निकाय, नागरिक समाजको आन्दोलन र पीडितहरु समेतको आन्दोलनले प्रभाव पारेको छ । विस्तृत शान्ति सम्झौता हुँदा बखतका वार्तामा नागरिक समाज र दातृ निकायहरुले निर्वाह गरेको भूमिकाको कारण विस्तृत शान्ति सम्झौतामा मानव अधिकार र संक्रमणकालीन न्यायका विषयहरु समावेश भएका थिए । त्यसैकारण सत्यको खोजी, पीडितहरुलाई परिपूरण तथा राहत सम्बन्धी प्रावधानहरु नेपालको संविधानमा समेत समावेश गरिएको छ । तर प्रशासकीय परिपूरणका कार्यक्रमहरुको लागि निर्देशिका तथा कार्यविधी निर्माण लगायतको मापदण्ड निर्माणको चरण र कार्यान्वयनको चरणमा पीडित र नागरिक समाजको सहभागितालाई पूर्ण रुपमा अपेक्षा गरियो । धेरैजसो निर्देशिका तथा कार्यविधीको निर्माण दातृ

निकायको सहयोगमा सरकारी कर्मचारीहरुबाट भयो । नागरिक समाज र पीडितहरुको ती नीतिहरुमा कुनै पनि प्रकारका सुझाव र प्रतिक्रिया दिने भूमिका नभई केवल सरकारलाई दवाव सिर्जना गर्नमा मात्र उनीहरुको भूमिका सीमित रह्यो । जवाफदेहिता निगरानी समिति (एडब्लुसी), द्वन्द्व पीडित साझा चौतारी (सिभिसिपी), न्यायका लागी द्वन्द्व पीडित समाज (सिभिएसजे), द्वन्द्व पीडित समिति (सिभिसि) बर्दिया, दण्डहीनता कार्य दल, लगायतका विभिन्न खुकुलो सञ्जालहरुको गठन गरेका कारण पीडित र नागरिक समाजको आन्दोलनहरु मजबुत रहेका छन् । यी सञ्जालहरुले पीडितको सत्य, न्याय र परिपूरणको अधिकारको लागि निरन्तर रुपमा आवाज उठाईरहेका छन् । यी संघसंस्थामा द्वन्द्वका दुवै पक्षका पीडित समावेश छन् । यसका अतिरिक्त शहिद तथा वेपत्ता पारिएका योद्धाहरुको परिवार समाज (Society of Family members of Martyrs and Disappeared Warriors) र अनाथहरुको समाज (Society for Orphan) जस्ता पीडितहरुका केही संघसंस्थाहरु राजनीतिक दलहरुसँग आवद्ध रहेका छन् । यी संस्थाहरुले समेत परिपूरणको अधिकारको लागि आवाज उठाउँदा भौगोलिक तथा राजनीतिक सम्बद्धता नभएका पीडितहरुको संस्थासँग सहकार्य गर्दछन् । तर न्याय वा अभियोजनको मागका सन्दर्भमा यी संस्थाहरु प्रायः विभाजित हुने गर्छन् । यसका अतिरिक्त पीडित र नागरिक समाजको सञ्चारमाध्यम तथा अन्य सरोकारवालाहरुसँग गाढा सम्पर्क रहेको छ । जसकाकारण, यस प्रतिवेदनमा उल्लेख गरिए बमोजिम मानव अधिकार सम्बन्धी मुद्दाहरुले सफलता प्राप्त गरेका छन् ।

सत्य आयोगले परिपूरण नीतिको मस्यौदा गर्न सात सदस्यीय समिति गठन गरेको छ । तर यद्यपी उक्त समितिले कुनै पनि प्रकारको सार्वजनिक परामर्श गरेको छैन र सत्य आयोगका कर्मचारीहरु परिपूरणको नीतिहरुको मस्यौदा सम्बन्धमा भएको उपलब्धीहरुको बारेमा जानकारी दिन अनिच्छुक रहेका देखिन्छन् । यस प्रतिवेदन तयार गर्दाको समयसम्म वेपत्ता आयोगले परिपूरणका नीतिहरुको निर्माणको लागि कुनै पनि प्रकारका कार्यहरुको थालनी गरेको छैन ।

५.३ प्रशासकीय परिपूरणका उपायहरुको कमजोरीहरु

परिपुरणको विस्तृत कार्यक्रमको निर्माण गर्न अझै बाँकी रहेको भएतापनि, माथि उल्लेख गरिए बमोजिमका प्रशासकीय परिपूरणका कार्यक्रमहरुले पीडितहरुको तत्कालिन आवश्यकता संवोधन गर्नमा सकारात्मक भूमिका निर्वाह गरेको छ । दिगो शान्तिको प्रमुख कडिको रुपमा रहेको पीडितलाई अधिकार वाहकको रुपमा पहिचान गर्ने कुरा लगायतका अन्य थुप्रै महत्वपूर्ण पक्षहरुलाई यसले समेट्दैन । सरकारले प्रशासकिय परिपूरणका कार्यक्रमहरु कार्यान्वयन गर्नु पूर्व पीडितहरुको तथ्यांक संकलन गरेको भएतापनि कस्तो प्रकारको सहायता र राहतले पीडित र समाजको मागलाई अझ राम्रोसँग संवोधन गर्दछ भन्ने मापन गर्न यी तथ्यांकहरु पर्याप्त छैनन् । सामान्यतया, पीडितहरुको बारेमा जानकारी संकलन गर्ने काम आवश्यक हुन्छ किनकी सो कार्य परिपूरणका कार्यक्रमहरुको निर्धारण र कार्यान्वयनमा महत्वपूर्ण हुनसक्छ । यसबाहेक, कुनै पनि परिपूरणका उपायहरुको निर्माणमा पीडितहरुको सहभागिता र व्यापक परामर्शको आवश्यकता पर्दछ । तर, यी कार्यक्रमहरु पीडित तथा नागरिक समाजको सहभागिता एवम् परामर्श विना नै निर्माण गरिनुका साथै कार्यान्वयन पनि गरियो ।

यी कार्यक्रमहरुले केही हदसम्म पीडितहरुको सहयोग र प्रशंसा प्राप्त गरेको भएतापनि, यी प्रयत्नहरु सत्य र न्याय स्थापनाको लागि पहलको रुपमा नभई क्षतिपूर्ति सम्बन्धी परम्परागत अवधारणाबाट निर्देशित भएको देखिन्छ । यसकारण, पीडितहरुलाई खरिद गर्ने वा चुप गराउने लगायतका कार्यहरुका लागि माथी उल्लेख गरिएका कार्यक्रमहरुको दुरुपयोग हुन सक्ने सम्भावित खतरा रहेको छ । नेपालमा पीडितहरुको आन्दोलन धेरै सशक्त रहि आएको छ र सो आन्दोलनले निरन्तर रुपमा न्यायको माग गरिरहेको छ । पीडितहरुको आन्दोलनका कारण, संक्रमणकालीन न्याय प्रकृयामा धेरै सुधारहरु भएका छन् । तर वृहत परिपूरणका कार्यक्रमहरु निर्माण गर्नुको सट्टामा मारिएका र वेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरुलाई दिईने आर्थिक सहायताको रकम पटक पटक वृद्धि गर्ने सरकारको निरन्तरको कार्यले फौजदारी जवाफदेहीता सम्बन्धी विषयलाई प्रतिकूल असर गर्न सक्दछ ।

पीडितहरुको घाउँ निको पर्ने र उनीहरुको दैनिकी जीवनलाई सामान्यिकरण गर्न सहायता गर्न सक्ने अन्य उपायहरुको अवलम्वन गर्न पनि यी कार्यक्रमहरु असफल भएका छन् । उदाहरणको लागि, वेपत्ता पारिएका व्यक्तिको नाममा दर्ता रहेको सम्पत्ति बेचविखन गर्न वा हस्तान्तरण गर्न नसकिने समस्या लगायतका वेपत्ता पारिएका व्यक्तिको परिवारका सदस्यहरुले भोग्नु परेको ठूला समस्याहरुलाई संवोधन गर्ने विषयहरु यस कार्यक्रमले समेट्न सकेको छैन । यी उपायहरुमा "वेपत्ता पारिएका व्यक्तिको अनुपस्थिति" को प्रमाणपत्र वितरण गर्ने कार्यक्रम हुन सक्छ, जसको आधारमा वेपत्ता पारिएका व्यक्तिका परिवारलाई सम्पत्ति विक्रि

वितरण वा हस्तान्तरण गर्न, पुनर्विवाह गर्न वा बालबच्चाको हेरचाहको जिम्मा कस्ले लिने भन्ने सम्बन्धी विवाद, विवाह सम्बन्धी वा सम्पत्तिको उत्तराधिकारी सम्बन्धी विवादहरुको समाधान गर्न सहयोग गर्न सक्छ ।

यसका अतिरिक्त परिपूरणको अधिकार प्राप्त गर्ने भनि उल्लेख गरिएका मानव अधिकार उल्लंघनका केही पीडितको समूहलाई उक्त कार्यक्रमले बाहेक गरेको छ । उदाहरणको लागि, यौनजन्य तथा लैङ्गिक हिंसाका पीडितहरु, यातनाका पीडितहरु, गैरकानुनी थुना र वाक स्वतन्त्रताका पीडितहरुलाई उक्त कार्यक्रमले समेटेको छैन । त्यसैगरी संयुक्त राष्ट्र संघीय मिसन (अनमिन) ले गरेको प्रमाणीकरण प्रकृयाको क्रममा अयोग्य ठहरिएका बाल सेनाहरु पनि प्रशासकीय परिपूरणका कार्यक्रमहरु र पुनर्स्थापना तथा समायोजनका प्रकृयाहरुबाट वञ्चित भएका थिए । बालसेनाहरुले आफुहरु नाबालक रहेका बेलामा आफुलाई जनमुक्ति सेनामा भर्ति गरिएको कारण आफुहरु मानव अधिकार उल्लंघनको पीडित भएको मान्दछन् र उनीहरुले अलग समूहको पनि गठन गरी आफ्नो परिपुरणको अधिकारको निमित्त वकालत गरिरहेका छन् ।

यो कार्यक्रमको अर्को कमजोरी भनेको यसले सर्वसाधारण पीडितहरु र युद्धरत समयमा मारिएका व्यक्तिहरु, उदाहरणको लागि लडाकूहरु बिच अन्तर छुट्याउन नसक्नु हो । यसको कारण सुरक्षाकर्मी र माओवादी लडाकूहरु पनि अन्तर्राष्ट्रिय मानवीय कानुन अन्तर्गत संरक्षित रहेका सर्वसाधारण पीडितहरु सरह लाभान्वित भएका थिए । यसका अतिरिक्त, बाल सेनाहरु उपर गरिएको विभेदकारी व्यवहार हालको समयमा आलोचनाको विषय बनेको छ । विगतका घटनाहरुलाई संवोधन गर्ने र सत्य निरुपण तथा मेलमिलाप आयोग जस्ता संयन्त्रहरु गठन गर्ने भन्ने प्रतिवद्धताका वावजुद बाल सेनालाई यस कार्यक्रमबाट बाहिर पारिएकोले अन्तर्राष्ट्रिय कानूनमा गरिएका प्रतिवद्धता र संक्रमणकालीन न्याय सम्बन्धी मापदण्ड प्रति गम्भीर नभई केवल "ओठे सेवा" को रुपमा मात्र रहेको र परिपूरण प्रदान गर्ने प्रतिवद्धता समेत कमजोर भएको पाइयो । बाबु वेपत्ता पारिएकी एकजना पूर्व बाल सेनाले, जनमुक्ति सेनाको बिघटन गरि नेपाली सेनामा समायोजन गर्ने क्रममा उनी समायोजनामा नसमेटिएकोमा "उनलाई साह्रै नराम्रो लागेको" बताईन् र उनले आफ्नो बाबु गुमाएकोमा हालसम्म केही पनि प्राप्त नगरेको र "अहिले उनीले बिगतका सबै कुराहरुलाई बिर्सेर नयाँ जीवनको सुरुवात गर्न चाहेको" कुरा पनि बताईन् । अर्का पूर्व बाल सेनाको भनाई अनुसार उनले आफूलाई पीडितको रुपमा नलिएको भएतापनि उनलाई द्वन्द्वकालमा बाल सेनाको रुपमा प्रयोग गरेबापत परिपूरणको लागि उनलाई योग्य मान्नु पर्ने र भविश्यमा त्यस्तो कार्य नदोहोरिने सुनिश्चितता सहित क्षमायाचना गर्नु पर्ने तथा उनीहरुको आवश्यकता पुरा गर्न आवश्यक उपायहरु अवलम्बन गर्नुपर्ने कुरा बताएका छन ।

आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने कार्यक्रम उनीहरुलाई घर फर्कन सहयोग गर्ने उद्देश्यले सञ्चालन भएको भएतापनि सो कार्यक्रममा अर्थपूर्ण पुनर्स्थापनाका कार्यक्रमहरुको अभावको कारणले यसले विस्थापित व्यक्तिहरुमा झन प्रतिकूल असर पार्यो । स्वास्थ्य उपचार सेवा, मनोसामाजिक परामर्श सेवा र कब्जा गरेको सम्पत्ति फिर्ता लगायतका व्यवस्थाहरु यस कार्यक्रममा नसमेटिएका कारण घर फर्ता भएका विस्थापितहरुको जीवनस्तर उल्लेख्य रुपमा खस्कियो । यसका अतिरिक्त, घाईते र अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य उपचारको लागि उपलब्ध गराइने आर्थिक सहायता रकम ज्यादै न्यून थियो र पीडितहरुले कमजोर चिकित्सा र प्राविधिक सेवा भएका, विशेष गरी गम्भीर घाइते व्यक्तिहरुको उपचारको लागि, सामुदायिक वा सरकारी अस्पतालमा उपचार गराउनु पर्दथ्यो । सामाजिक अन्तरक्रिया, आफ्नो हित वा भलाइ, सुस्वास्थ्य र काम गर्ने सम्बन्धमा बाधा पुर्याउने मानसिक आघातबाट पीडित तथा प्रभावित समुदायलाई बाहिर निकाल्न सहयोग गर्ने मनोसामाजिक परामर्श सेवाको अभाव अझै पनि रहेको छ ।

५.४ कार्यान्वयनमा रहेका चुनौतिहरु

आर्थिक सहायता र राहत वितरण गर्ने कार्य पनि चुनौतिपूर्ण र समस्याग्रस्त देखिन्छ । यस्तो सहायता वितरण गर्ने सम्बन्धमा धेरै संस्थाहरु जिम्मेवार रहेका छन् । यसका अतिरिक्त, पीडितहरुले सहायताको माग सँगै केही कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्दछ । उदाहरणको लागि मारिएका व्यक्तिहरुको सम्बन्धमा मृत्यु भएको प्रमाणपत्र, नाताकायमको प्रमाणपत्र र स्थानीय निकायको सिफारिश अनिवार्य रुपमा पेश गर्नु पर्दथ्यो । स्थानीय निकाय धेरै राजनीतिक हुने भएको कारणले केही पीडितहरुलाई माथि उल्लेख गरिए बमोजिमका कागजातहरु प्राप्त गर्न कठिनाई हुन्थ्यो । यदि त्यस्तो सहायता वा राहत वितरण गर्नु पूर्व को को पीडित हुन् भनी पहिचान गर्ने प्रकृया र पद्धति भइदिएको भए, पीडितहरुमा रहेको प्रमाणको भार हट्ने थियो । त्यसैगरी पीडितहरुले स्थानीय निकायबाट सिफारिश प्राप्त गर्नको लागि आफ्नो परिचय खुल्ने कागजपत्रहरु जस्तै, नेपाली नागरिकताको प्रमाणपत्र,

जन्म दर्ताको प्रमाणपत्र र कम्तिमा पनि सातजना मानिसलाई साक्षीको रुपमा पेश गर्नु पर्दथ्यो । नेपालका धेरै स्थानहरुमा र धेरै आदिवासी समुदायहरुमा उनीहरुसँग यी कागजपत्रहरु नहुने कारणले यो उनीहरुको लागि विशेष समस्या हुन्थ्यो । गरिव र निरक्षर मानिसहरुका लागि आवश्यक सङ्ख्यामा साक्षीहरुको बयान लिन समस्या हुन्थ्यो । त्यस बाहेक, माहिलाहरुका निमित्त विवाह दर्ताको प्रमाणपत्र वा दोस्रो विवाह नभएको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्दथ्यो ।

सहायता तथा राहत वितरणको लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय माताहतको राहत र पुनर्स्थापना एकाइ प्रमुख निकाय भएतापनि, जिल्ला तहका विभिन्न निकायहरु पनि यसको लागि उत्तिकै जिम्मेवार थिए । परिणामस्वरुप, धेरै प्रकारका पीडाबाट गुज्रिएको परिवारले विभिन्न प्रकारका परिपूरण प्राप्त गर्न अलग अलग रुपमा यी सबै कार्यविधीहरु पुरा गर्नु पनेृ हुन्छ । उदाहरणको लागि मारिएका र वेपत्ता पारिएका व्यक्तिका परिवारहरुले जिल्ला प्रशासन कार्यालयमा, विधवा (एकल) भएका महिलाहरुले जिल्ला विकास समितिमा, घाईते तथा अपाङ्गता भएका व्यक्तिहरुले जिल्ला जनस्वास्थ्य कार्यालयमा र छात्रवृत्तिको लागि जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्ने हुन्छ । यसका अतिरिक्त यी सबै कार्यविधी एवम् प्रक्रियाको बारेमा गाउँ तहमा अत्यन्त कम जानकारी भएको वा जानकारी नै नभएको अवस्था छ ।

प्रशासकीय परिपूरणका कार्यक्रमहरु लाभग्राहीहरुको राजनीतिक पहुँचबाट अत्यन्त प्रभावित भएको देखिन्छ । उदाहरणको लागि राहत सम्बन्धी पहिलो कार्यक्रम (आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरु सम्बन्धी नीति) नेपाली काङ्ग्रेस नेतृत्वको सरकारको पालामा निर्माण भएको र अधिकांश आन्तरिक रुपमा विस्थापित भएका व्यक्तिहरु नेपाली काङ्ग्रेस पार्टीसँग सम्बद्ध रहेको भन्ने बुझाई थियो । त्यसैगरी मारिएका वा वेपत्ता पारिएका व्यक्तिहरुलाई उपलब्ध गराईने आर्थिक सहायता माओवादी पार्टीले सरकारको नेतृत्व गरेको बेलामा कार्यान्वयनमा ल्याइयो । यो वर्गिकरणमा पर्ने अधिकांश पीडितहरु माओवादी र नेपाली काङ्ग्रेस पार्टीसँग सम्बन्धित रहेका भन्ने ठम्याई रहेको छ । साथै, गर्भवती लडाकूहरु र घाईते तथा अपाङ्गताभएका पूर्व लडाकूहरुको माग संवोधन गर्नको लागि ल्याइएका परिपूरणका कार्यक्रमहरु माओवादी पार्टी सरकारमा रहेको समयमा निर्माण गरियो । नागरिक समाजका एक अभियन्ताले परिपूरण सम्बन्धी राजनीतिक सन्दर्भलाई निम्नानुसार संक्षेपिकरण गरेका छन्:

यसको पहिलो चुनौती भनेको प्रमुख शक्तिले जहिले पनि हामीले निर्णय गर्छौं, हामीले तिमीहरुको लागि निर्णय गर्छौं र तिमीहरु केवल यसको लाभग्राही मात्र हौ भन्ने सोच भएको राजनीतिक कर्मचारीतन्त्र र संस्कार हो । ....यो प्रक्रिया मार्फत हामी राष्ट्र निर्माण गर्छौं वा जनता–देशको गणतन्त्रात्मक सम्बन्ध निर्माण गर्छौं भन्ने न लक्ष्य थियो नत उद्देश्य नै थियो । र जब उद्देश्य नै स्पष्ट हुँदैन, केवल मानिसहरुलाई चुप लगाउनु मात्र उद्देश्य हुन्छ र त्यो अवश्य पनि असफल हुन्छ । यसको अर्को चुनौती भनेको परिपूरण भनेको के हो भन्ने सम्बन्धमा बुझाइको अभाव वा राजनीतिक इच्छा शक्तिलाई ध्यान नदिइनु हो । एउटा पक्ष सधै शक्ति वा पदमा रहने र अर्को पक्षले सधै केही माग गरि रहने शक्तिको खेल हुने राजनीतिक संस्कार पनि हो । अझ, लैङ्गिक न्याय, समावेशीकरण लगायतका सवालमा मानिसहरुलाई कसरी व्यवहार गरिन्छ, यसको ऐतिहासिक सन्दर्भ के हो, नीति निर्माण कसले गरिरहेको छ, उनीहरुले जनताको बारेमा के सोच्दछन् भन्ने लगायतका धेरै चुनौतिहरु उनीहरुको सोचबाट आउँछ ।

६. निष्कर्ष

परिपूरणका कार्यक्रमहरु पीडित तथा उनीहरुको समूदायले भोगेका पीडाहरुको संवोधन गर्नु भन्दा पनि आर्थिक सहायता प्रदान गर्ने कुरामा मात्र सीमित हुन खोज्यो । परिपूरणको उद्देश्य अभियोजन वा सत्यको बदलामा साटासाट गर्ने नभई पीडितलाई पुग्न गएको हानीमा उपचार प्रदान गर्ने र समाजले विगतका गल्तीहरुबाट शिक्षा लिई भविष्यमा त्यस्ता घटनाहरु घटित हुन नदिने कुरामा एक अर्काको परिपुरक हुने आशा गरिन्छ । सत्य आयोग ऐनले सामुहिक परिपूरणको अवधारणालाई आत्मसात गरेको भएतापनि सत्य आयोग ऐन र नियमावलीहरुमा यस सम्बन्धमा व्यवस्था भएका उपायहरुले सामूहिक परिपूरणको अवधारणाहरुलाई कुनै स्थान दिएका छैनन् । सामूहिक अधिकारलाई बहिष्करण गर्नु सामान्य देखिएको छ किनभने, परिपूरणको कार्यक्रमको सम्बन्धमा राजनीतिक बुझाई पुग्न गएको पीडा वा क्षति भएको विषयमा भन्दा पनि क्षति र घाईते भएको विषयमा पूर्णत: आधारित रह्यो । तसर्थ हालका सम्पूर्ण परिपूरणका कार्यक्रमहरु अपर्याप्त भएको देखिन्छ । नेपालको नयाँ संविधानले महिला, बालबालिका र आदिवासी तथा जनजातिहरुको सामूहिक अधिकारलाई पहिचान गरेको छ, यसकारण यसले आगामी दिनमा निर्माण हुने कानुन

मार्फत ती अधिकारहरुको कार्यान्वयन र त्यसलाई आत्मसात गर्ने सम्भावनाहरुको मार्ग प्रशस्त गरेको छ साथै, सशस्त्र द्वन्द्वबाट उत्पन्न भएका क्षतिका लागि परिपूरणका उपायहरुमा सामूहिक दृष्टिकोणलाई पनि सक्षम बनाएको छ ।

परिपूरणका कार्यक्रमहरुले मानव अधिकारमा आधारित संस्कारको स्थापना गर्न र व्यक्ति तथा समाजको विचमा सामाजिक सद्भाव पुनर्निर्माण गर्न तथा राज्यका संरचनाहरु उपर नागरिकको विश्वास प्रगाढ बनाउन समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । यस्ता प्रयत्नहरुमा विगतका घटनाहरुको संवोधन गर्ने र हिंसाको प्रमुख कारण जस्तैः शक्तिको बाँडफाँड र शासन व्यवस्थामा संवैधानिक तथा प्रशासकीय सुधारका विषयहरु लगायतका कुराहरु एक अर्काको परिपूरक हुनु पर्छ । परिपुरणका उपायहरु सक्रमणकालीन न्याय प्रकृयाको विस्तृत र समन्वयात्मक हिस्सा हुनु पर्दछ, जसले सामूहिक रुपमा संवोधन हुन नसकेका पीडितहरुको उद्धार गर्न र भविष्यमा समाजिक अवरोध वा संभावित हिंसा भड्काउन सक्ने आवेगहरुलाई मत्थर बनाउन सामुहिक प्रयास गर्नेछ ।

६.१ सुझावहरु

स्पष्ट अर्थमा 'परिपूरण' भन्ने शब्दलाई हेर्दा नेपालको प्रशासकीय परिपूरणका कार्यक्रमहरुमा परिपूरणको कार्यक्रममा हुनु पर्ने कुनै पनि विषयवस्तु समावेश छैन । मानव अधिकार उल्लंघनको सन्दर्भमा परिपूरणलाई हेर्दा यस अन्तर्गत प्रतिस्थापन, पुनर्स्थापना, क्षतिपूर्ति, सन्तुष्टि र पुनः नदोहोरिने सुनिश्चिततालाई समेट्दछ । धेरै देशहरुमा सत्य आयोगको सिफारिसको आधारमा परिपूरणका कार्यक्रमहरुको निर्माण तथा कार्यान्वयन हुन सक्छ, तर नेपालको परिप्रेक्ष्यमा सत्य आयोगको काम र प्रशासकीय परिपूरणका उपायहरुका बीच कुनै पनि तालमेल भएको जस्तो देखिदैन । अन्य देशहरुको असल अभ्यासहरुलाई हेर्दा कानुनहरुको मस्यौदा तयार गर्न, पीडितहरुको नाम दर्ता गर्न र सम्पत्ति कर वा धितो लगायतको कोष स्थापना गर्ने नविन धारणा पत्ता लगाउने लगायत परिपूरण सम्बन्धी उपयुक्त सुझावहरु तयार गर्न सहयोग गर्नको लागि सत्य आयोगमा पीडितहरुलाई सहभागि गराइएको थियो ।

परिपूरण व्यापक अवधारणा हो र यसको क्षेत्र, ढाँचा र लाभग्राहीहरुको परिभाषाका सम्बन्धमा स्पष्टसँग परिभाषित गरिनु वाञ्छनीय हुन्छ । सत्य आयोग ऐन र प्रशासकीय परिपूरणका उपायहरु लगायत अन्य परिपूरणका उपायहरुले क्षतिपूर्तिका केही तत्वहरुलाई मान्यता प्रदान गरेको छ तर पीडितहरुको प्रभावकारी उपचार पाउने अधिकार र शान्ति तथा विकासको आधारभूत शर्तको रुपमा यसको पहिचान गरिएको छैन । भविष्यमा निर्माण गरिने परिपूरण सम्बन्धी कुनै पनि कार्यक्रमहरुमा परिपूरणलाई पीडितको अधिकारको रुपमा मान्यता प्रदान गरिनु पर्दछ, साथै परिपूरणका उपायहरुलाई प्रतिस्थापन, क्षतिपूर्ति र पुनर्स्थापनामा मात्र सीमित नगरी (अहिलेको सत्य आयोग ऐनले परिभाषित गरे जस्तै) यसमा सन्तुष्टि र पुनरावृत्ति नहुने प्रत्याभूतिलाई समेत समेट्नु पर्छ । यदि सत्य आयोगले क्षतिपूर्तिको सिफारिश गर्ने हो भने यसले पीडितहरुको धारणा लिनुका साथै यस्तो क्षतिपूर्ति रकम एकमुष्ट रुपमा वा मासिक रुपमा अवकाश सरह प्रदान गरिने भन्ने सम्बन्धमा पीडितहरुको रोजाईलाई समेत ध्यान दिनु पर्छ ।

प्रभावकारी परिपूरण कार्यक्रमको लागि वृहत परामर्श र पीडित तथा अन्य सरोकारवाला निकायहरुको सहभागीता सधै महत्वपूर्ण हुन्छ । यसका लागि यौनजन्य हिंसाका पीडित र अन्य आहतबाट गुज्रेका पीडितहरुलाई अगाडि आएर परिपूरणको माग गर्न सुरक्षित र गोप्य स्थान उपलब्ध गराउनु पर्ने कुरालाई समेटिनु पर्दछ । विशेष गरी भौगोलिक अवस्था र कमजोर भौतिक पूर्वधारका कारण यी प्रयत्नहरुलाई देशभर सबैको पहुँचसम्म पुर्याउनको लागि नागरिक समाज र दातृ निकायहरुले महत्वपूर्ण भूमिका खेल्न सक्नेछन् । सामुदायिक परिचालन कार्यक्रम रेडियो प्रसारण, एस.एम.एस. मार्फत खबरको सम्प्रेषण र पत्रपत्रिका मार्फत जानकारीहरु संप्रेषण लगायतका विभिन्न माध्यमहरुको प्रयोग गरिनुपर्छ । स्थानीय भाषाको प्रयोग र अशिक्षित वर्गको लागि आवश्यकता अनुसार श्रव्यदृष्य प्रसारण र कथावाचन लगायतका उपयुक्त माध्यमहरुको प्रयोग गरि सबैको पहुँच पुग्ने र सबैले बुझ्ने किसिमले पीडितहरु, पीडितहरुसँग सम्वद्ध भएका संस्थाहरु र प्रभावित समुदायहरुसँग समन्वय गर्नु पर्छ । महिला, बालबालिका, बृद्ध र अपाङ्गता भएका व्यक्तिहरुले पनि परिपूरणको कार्यक्रम निर्माणमा योगदान दिन र उनीहरुको विचार तथा धारणाहरु व्यक्त गर्ने र त्यसलाई सो कार्यक्रममा समावेश गर्नको लागि परिपूरणको कार्यक्रमको निर्माण प्रक्रियामा पीडितहरुसँगको परामर्श र सहभागिताको लागि विशेष पहल गर्नु पर्दछ । यौनजन्य हिंसा र यातनाका पीडितहरुका लागि विशेष व्यवस्था गरिनु र विशेष ध्यान दिइनु पर्दछ । किनकी उनीहरुले निजी र गोप्य स्थान नभएका कारणले समाजमा कलंकित भएको, सामाजिक वहिष्करणमा परेको वा मनोवैज्ञानिक हानी भएको महसुस गर्न सक्छन् । एक जना यौन हिंसाकी पीडितको भनाई अनुसार, उनी

यसकुरामा सहयोग चाहन्छिन की “मेरो बालबच्चा र परिवारको हेरचाह र औषधी उपचारको निमित्त सहयोगको आवश्यकता छ र मेरा छोराछोरीका लागि रोजगारीको आवश्यकता छ...र मलाई मानसिक सहायताको पनि आवश्यकता छ किनभने म बिगतका कुराहरु बारम्बार सम्झिरहन्छु ।”

संक्रमणकालीन न्याय प्रकृया र यसका उपलब्धिहरुको बारेमा सम्बन्धित भाषामा र संक्षिप्त रुपमा पीडितहरु, उनीहरुका आफन्तजनहरु र सर्वसाधरण मानिसहरुलाई सहज रुपमा जानकारी उपलब्ध गराइनु पर्दछ । उपलब्ध सबै कानुनी, चिकित्सकिय, मनोविज्ञान, सामाजिक, प्रशासनिक र अन्य सेवाहरु जुन सेवाहरुमा पीडितहरुको पहुँचको अधिकार हुन सक्छ, राज्यले पीडित तथा सर्वसाधरण जनतहरुमा यी सम्पूर्ण जानकारीको संप्रेषण गर्नुपर्ने जिम्मेवारी हुन्छ । पीडितहरुसँगको समन्वय ‘अन्तरक्रियात्मक कार्यक्रमहरु सञ्चालन गर्न, पीडितहरुको माग सुन्न र उनीहरुको माग अनुरुप प्रतिक्रिया जनाउन, तथा पीडितहरुको आवश्यकतहरुको संवोधन गर्नको लागि दुई तर्फी संवादको रुपमा हुनुपर्छ...’। मानव अधिकारको लागि उच्चायुक्तको कार्यालयले उल्लेख गरे अनुसार ‘राष्ट्रिय रुपमा गरिने परामर्शहरु प्रभावकारी र सम्मानित छलफल हो, जहाँ सम्बन्धित पक्षहरुलाई सुरक्षित वातावरणमा संक्रमणकालीन न्याय सम्बन्धी कार्यक्रमहरुको मार्गचित्र कोर्न र कोरिएको मार्ग चित्रलाई अझ राम्रो बनाउन उनीहरुलाई आफ्नो अभिव्यक्ति खुल्ला रुपमा राख्न पाउने स्थान प्रदान गरिन्छ ।’

परामर्शहरु सामाजिक सम्बन्ध स्थापना गर्ने प्रयत्नहरु होईनन् र प्रभावित समुदायहरुलाई सूसुचित गर्ने उद्देश्य भएका वाह्य क्षेत्रीय (आउटरिच)कार्यक्रम भन्दा फरक हुन्छन् । एकपटक संस्थाहरु गठन गरेर, सञ्चालनमा आएपछि प्रभावित समुदायहरुको लागि वाह्य क्षेत्रीय (Outreach) कार्यक्रम सञ्चालन गर्नु महत्वपूर्ण हुन्छ । संयुक्त राष्ट्र संघका महासचिवले संक्रमणकालीन न्यायका संयन्त्रहरुको प्रभाव र दिगोपनको सुनिश्चितताको लागि यी कुराहरु सहजै बुझिने र सुसंगत रुपमा संचार गरिनको लागि वाह्य क्षेत्रीय (आउटरिच) कार्यक्रमको महत्व भएको कुरा उल्लेख गर्नु भएको छ । पीडितहरुलाई द्वन्द्वको परिणामको बारेमा मात्र जानकारी प्रदान गर्ने र अति प्रभावितहरुलाई उनीहरुले भोगेको पीडाको संवोधन गर्ने मात्र नभई प्रभावकारी परामर्शले सत्यको अधिकारको विविध पक्षहरुलाई समाज समक्ष उजागर गर्न योगदान पुर्याउन सक्छ ।

पीडितहरुको व्यक्तिगत परिचय सम्बन्धी जानकारी कसरी सुरक्षित तरिकाले राख्न सकिन्छ, सो विवरणहरु पुष्टि गर्नुपर्ने भयो वा अन्य संस्थाहरु जस्तैः यौनजन्य हिंसा र यातनाका पीडितहरुको विशेष पुनर्स्थापनाको लागि स्वास्थ्य मन्त्रालयमा उक्त जानकारी उपलब्ध गराउनु पर्ने अवस्था भएमा समेत ती व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने सम्बन्धमा विचार पुर्याइनु पर्दछ । पीडितहरुलाई कसरी उल्लेखित प्रकृयाको पहुँचमा ल्याउन सकिन्छ भन्ने सम्बन्धमा योजनाको आवश्यकता पर्दछ । पीडितको दावी सम्बन्धी अन्य मुलुकहरुको अनुभवले के देखाउछ भने केहि निश्चित प्रकारका परिपूरणका दावीलाई “असल नियतल” गरेको प्रमाणिक अनुमान मान्ने प्रचलन रहेको तर त्यसको पुनर्पुष्टि सरकारको प्रशासनिक निकायले गर्नु पर्ने हुन्छ ।

अप्रर्याप्त चिकित्सकीय प्रतिवेदन वा परिपूरणको दावीलाई समर्थन गर्ने अन्य प्रमाणहरु उपलब्ध गराउन नसकेको कारण धेरै पीडितहरुले आफ्नो पहिचान गुमाउन सक्ने सम्भावना देखिन्छ । पीडितहरुले उक्त प्रमाणहरु जुटाउनु पर्ने अवस्था भएमा प्रायः पीडितहरु विशेषगरी घरबारविहिन र दुर्गम स्थानमा बसोवास गर्ने पीडितहरु जो नयाँ कागजपत्र बनाउनको लागि राजधानीसम्म यात्रा गर्ने समेत सामर्थ्य राख्दैनन्, उनीहरु उक्त प्रमाणहरुको अभावमा परिपूरणका कार्यक्रमहरुबाट वञ्चित हुनेछन् । अपाङ्गता भएका व्यक्तिहरुलाई नयाँ कागजपत्रहरु उपलब्ध गराउनु सरकारको दायित्व हो ।

अन्य सन्दर्भहरुमा, पीडितहरुको क्षति र पहिचानको दावीलाई दुई जना विश्वसनीय साक्षीहरुको भनाइले समर्थन गर्न आवश्यक हुन्छ । मानव अधिकार सम्बन्धी अन्तरअमेरिकी अदालतले द्वन्द्व पश्चातको परिपुरण सम्बन्धी एउटा मुद्दामा सुनुवाइ गर्दा यस्ता मुद्दाहरुमा घरेलु न्यायिक कारवाहीमा जस्तो सबै औपचारिक प्रक्रियाहरु आवश्यक नहुने ठहर गर्दै ती मुद्दाहरुमा लचिलो प्रमाणको भार हुनु पर्ने र “कानुनी सुरक्षाको सम्मानको लागि गरिएका सीमितता र पक्षहरुको कार्यविधीगत सन्तुलनलाई ध्यान दिदै विशेष घटनाहरु घटित भएको परिस्थितीलाई अदालतले विशेष ध्यान दिएको थियो । त्यसैगरी सयुक्त राष्ट्रसंघले इराकले कुवेतमा गरेको आक्रमणको सम्बन्धमा गठन भएको आयोगले उजुरीकर्ताले केवल घटना घटित भएको कागजात र घाइते वा मृत्यु भएको मिति, उदाहरणको लागि प्रथम दृष्टि प्रमाण मात्र पेश गर्नु पर्ने लचिलो दृष्टिकोण अवलम्वन गरेको थियो । यसका साथै, गलत माग वा घुसपैठ भए नभएको पत्ता लगाउनको लागि त्यसमा प्रमाणिकरण हुनु पर्ने र त्यसको अनुगमन गर्ने निकाय हुनु पर्दछ किनभने केही पीडितहरुको भनाई अनुसार दावीकर्ताहरु मध्ये १० देखि २० प्रतिशत ‘नक्कली पीडितहरु’ ले पनि राजनीतिक पहुँचको आधारमा अन्तरिम राहत कार्यक्रम अन्तर्गत लाभ प्राप्त गरेका थिए ।

परिपूरणका निमित्त योग्य ठहरिएका पीडितहरु मध्ये यौनजन्य हिंसा र यातनाका पीडितहरुलाई विशेष प्राथमिकता प्राप्त समूहको रुपमा समावेश गरिनु पर्दछ । यस्ता वर्गका पीडितहरुलाई सामाजिक, औषधोपचार र कानूनी पुनर्स्थापना, क्षतिपूर्ति, सन्तुष्टिका उपायहरु र पुनः नदोहोरिने कुराको सुनिश्चितता सहितको विस्तृत परिपूरणका उपायहरु अवलम्वन गरिनु पर्दछ । बाल सेनाहरुलाई पनि पीडितको रुपमा वा पीडितीकरणमा परेको राज्यको शक्तिको रुपमा पहिचान गर्नु पर्ने र उनीहरुले व्यहोर्नु परेको क्षति र उनीहरुको आवश्यकतालाई संवोधन गर्ने गरी परिपूरणका कार्यक्रमहरु, उदाहरणको लागि सिपमूलक तालिम वा काम गर्ने अवसरहरु, ल्याइनु पर्दछ । बेपत्ता पारिएका व्यक्तिका पति वा पत्नी बाहेकका परिवारका सदस्यहरुमा परिवारमा हुने कलह वा झगडालाई न्यूनिकरण गर्न सम्पत्ति र क्षतिपूर्ति रकमको समन्यायिक वितरण गर्नु पर्दछ । यसले पीडितका पति वा पत्नीलाई मुख्य लाभग्राहीको रुपमा सुनिश्चित गर्नु पर्दछ तर उनीहरले व्यहोर्नु परेको क्षतिको पहिचानको लागि परिवारका अन्य सदस्यहरुलाई केही क्षतिपूर्ति दिनु पर्दछ । परिपूरण कार्यक्रमको निर्माण र कार्यान्वयनमा लैङ्गिक सिद्धान्त समावेश गर्नुका केही अन्तर्निहित महत्व रहेका हुन्छन्, किनकी महिला पीडितले परिपूरणका अन्य उपायहरु भन्दा स्वास्थ्य उपचारलाई बढी प्राथमिकता दिन सक्छन् ।

द्वन्द्वको क्रममा गम्भीर घाइते भएका पीडितहरुको विशेष पुर्नस्थापनामा पहुँच पुरनु अनिवार्य मानिन्छ । सोको निम्ति सम्बन्धित ग्रामिण वा शहरी अवस्थालाई दृष्टिगत गर्दै क्षणिक वा घुम्ती सहयोगहरुका अतिरिक्त पेन्सन र अन्य त्यस्तै प्रकारका आर्थिक सुरक्षा पुर्याउने बन्दोवस्त मिलाइनु पर्दछ ताकि भविष्यमा बुढ्यौली र शारिरीक असक्षमताले उनीहरुको स्वास्थ्य र चलायमानतामा अन्यथा असर नगरोस ।

पीडित तथा प्रभावित समुदायले स्मारकहरु वा क्षमायाचना जस्ता उपयुक्त सांकेतिक उपायहरुको पनि चाहना राख्न सक्दछन् । पीडितहरुका संघसंस्था र स्थानीय शान्ति समितिले केही स्मारकहरु निर्माण गरिसकेका छन् तर कानुनले परिभाषित गरेका पीडितहरुको नाम केवल स्थानीय अभिलेख (रजिष्टर) मा मात्र दाखिल गरिने भएकोले यातना पीडित वा कुनै निश्चित समूहबाट निश्चित पीडामा परेका पीडित लगायत परिभाषामा नसमेटिएका पीडितहरु यसबाट बाहिर पर्दछन् । सर्वसाधारण नागरिक, माओवादी वा सरकारी पक्ष जुनसुकै पक्षको भए पनि सबै पीडितहरुको राष्ट्रिय स्मारक निर्माण गर्न सकेमा यसले समाजिक ऐक्यवद्धता निर्माण गर्न र भविष्यमा हुने त्यस्ता प्रकारका हिंसाहरु रोक्न सार्वजनिक चेतना जगाउन योगदान पुर्याउन सक्नेछ ।

यदि क्षमायाचना गर्ने भए सो क्षमायाचना कार्यक्रमलाई अझ ओझपूर्ण बनाउन सेनाका नेतृत्व तहका व्यक्ति र तात्कालिन माओवादीका कमाण्डरहरुलाई सो कार्यक्रममा समावेश गर्नु पर्दछ । समय तालिका, क्षमायाचना र अफसोसको सम्बन्धमा स्पष्ट उल्लेख गरिएको भनाई, व्यक्तिगत जवाफदेहीताको स्विकारोक्ति, आपत्तिजनक स्पष्टिकरण वा बहानालाई बेवास्ता गर्नु, इमानदारीता, सुधार गर्ने इच्छाशक्ति र भविष्यमा हुन सक्ने हिंसा रोक्ने प्रतिवद्धता लगायतका धेरै तत्वहरुले क्षमायाचनालाई सफल बनाउछ र यसले मुख्य गरी पीडितलाई सन्तुष्ट बनाउँछ ।

बेपत्ता पारिएका व्यक्तिहरुको अवशेषहरु पहिचान गर्ने र अन्तिम संस्कारको लागि परिवारलाई हस्तान्तरण गर्ने कार्य सुनिश्चित गर्न बेपत्ता आयोगले एकिकृत प्रयत्न गर्नु पर्दछ । अवशेषहरु पत्ता लाग्न नसकेका व्यक्तिहरुको सम्बन्धमा उनीहरुको अवस्थाको बारेमा कसरी स्पष्ट पार्न सकिन्छ भन्ने सम्बन्धमा पीडितहरुसँग समन्वय गरी र आवश्यक भएको अवस्थामा उनीहरुको सम्झनामा स्मरण कार्यक्रमहरु गर्नु पर्दछ । पीडित र पूर्व लडाकुहरुलाई मानसिक स्वास्थ्य उपचारको राम्रो पहुँच सुनिश्चित गर्न र यो सेवालाई सबै तिर पुर्याउनको लागि सामुदायिक र क्षेत्रीय तहमा मानसिक स्वास्थ्य सेवाको लागि धेरै लगानी गर्नु पर्दछ । द्वन्द्व पुनः दोहोरिदैन भन्ने सुनिश्चिताको लागि आम नागरिकलाई भौतिक तथा सामाजिक सुरक्षाको अनुभूति गराउन परिपुरण र नदोहोरिने कुराको सुनिश्चिततालाई जोड्न पनि आवश्यक हुन्छ । झैझगडाहरुको सामुदायिक स्तरमा समाधान, स्वतन्त्र न्यायपालिकाको सवलिकरण, नागरिक समाजका अगुवाहरु (कानून व्यवसायी, स्वास्थ्यकर्मी, संचारकर्मी, मानवअधिकार रक्षक) को सुरक्षा, सामाजका सबै व्यक्तिहरु, विशेष गरी सैनिक र सुरक्षाकर्मीहरुलाई मानव अधिकार शिक्षा प्रदान गर्नु जस्ता उपायहरु समावेश गरिनु पर्दछ ।

पीडितहरुलाई केवल केही रकम दिनु मात्र परिपूरण नभई पीडितलाई पर्न गएको क्षतिको स्विकार गर्ने र त्यसको लागि जिम्मेबार व्यक्तिहरुले पुर्याएको पीडाको उपचारको लागि उपायहरु अवलम्वन गर्ने विस्तृत प्रयत्न हो । यी विषयहरु अत्यन्त जटिल, राजनीतिक र नैतिक रुपमा अप्ठ्यारा छन् तर यी विषयहरुलाई संवोधन गर्दा यसले समाजमा व्याप्त रहेको असन्तुष्टिहरु र हिंसा अधिकतर पीडितहरु माथी घटेको भन्नेमा प्रमाणको भार कम गर्न मध्यस्थको भूमिका खेल्न सहयोग गर्न सक्छ । परिपूरण सम्बन्धी सुझावहरुलाई राम्रो ढंगले तयार गर्न सत्य आयोग र बेपत्ता आयोगले परिपूरण, पीडित र पूर्व लडाकूहरुका विषय, संक्रमणकालीन न्याय, शान्ति प्रक्रिया र विकास सम्बन्धी विषयहरुमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय विज्ञहरुको प्रयोग धेरैभन्दा धेरै गर्नु पर्दछ, जसले गर्दा ती सुझावहरु प्रभावकारी रुपमा कार्यान्वयन हुन सक्छ ।

Reparations, Responsibility & Victimhood in Transitional Societies

राहतदेखि निवारणसम्मः

नेपालमा द्वन्द्व पश्चातको परिपूरण

Dr. Luke Moffett
School of Law
Queen's University Belfast
Main Site Tower
University Square
BT7 1NN
t: 028 90973893
e: info@reparations.qub.ac.uk
w: https://reparations.qub.ac.uk

(Print): 9781916256101
(Digital): 9781916256118

Image: Cover Photo – Photograph by Luke Moffett
Image: Cover Photo – Photograph by Luke Moffett

Design and Printing **www.csgwd.com**